# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ८१



**युगोस्लाभिया:** वाम-पृष्ठभूमिका राष्ट्रपति मिलोसेभिचलाई बलपूर्वक सत्ताच्यूत गरियो !



# के इन्धनमा यति चर्को मूल्यवृद्धि उचित छ ?

खोजमूलक रिपोर्ट





सिड्नी ओलम्पिक पछाडि रहेको अर्थ-राजनीतिको चिरफार

अष्ट्रेलियामा "आर्थिक ओलम्पिक" विरुद्ध जन-प्रदर्शन


भरत शम्शेरसित हामी तास खेल्यौं, झगडा पनि हुन्थ्यो
- क. निर्मल लामा

नेपाली चलचित्र "बसन्ती" वल्लोघाट न पल्लोतिर !

# DUCKHAMS




अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल






**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**



## स्थानीय कलको दररेट

**स्थानीय कलको दररेट समयावधि (Duration) को आधारमा निम्नि अनुसार हुनेछ ।**

(क) बिहान ८:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म हुने स्थानीय कलहरूमा कुरा गरिने समयावधि अनुसार हरेक ३ मिनेटसम्मको एक कल गणना हुनेछ ।

(ख) साँझ ६:०० बजेदेखि भोलिपल्ट ८:००बजेसम्म हुने स्थानीय कलहरूमा कुरा गरिने समयावधि अनुसार रहेक ६ मिनेटसम्मको एक कल गणना हुनेछ ।

(ग) तोकिएको समयावधि सकिई थप समय कुरा भएमा १ कल बराबर थप गणना हुँदैजानेछ ।

## नेपाल दूर सञ्चार संस्थान

**व्यापार व्यवस्थापन विभाग**
**केन्द्रीय कार्यालय, काठमाण्डौ**



## विजया दशमी तथा शुभ दीपावलीको उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्ग तथा देशवासीहरूमा सुस्वास्थ्य तथा समृद्धिको लागि

# हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं

## नेपाल बैंक लिमिटेड

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ८१
कार्तिक, २०५७


# के इन्धनमा यति चर्को मूल्यबृद्धि उचित छ ?

## (खोजमूलक रिपोर्ट)

कसरी आउँछ नेपालमा तेल ?

◉ जुझारू संघर्षहरूमात्रै फलदायी
✹ फ्रान्स, ब्रिटेन, बेल्जियम, जर्मनी, पोल्याण्डका संघर्षहरू ◉ *यूरोपमा इन्धन-विद्रोह* ◉ भारत : बिजुलीको भाउ वृद्धिविरूद्ध संयुक्त वाम-आन्दोलन



**जो विपन्न छ, उसले तीन लिटर अनुदान-प्राप्त मट्टितेल किन्छ !**

*नेपाल आयल निगमका कार्यकारी निर्देशक मदनराज शर्मासँगको ताजा कुराकानी*

**के 'एकता केन्द्र' प्रति द्वेष-भाव नै राखिएको हो त ?**
- चन्द्रदेव नेपाली -

**नाशवान पूँजीवादको विशिष्टता**
- डा. चैतन्य मिश्रको चिन्तन

**बसन्ती:**
वल्लो घाट न पल्लो तीर
चर्चित चलचित्र 'बसन्ती'को समीक्षा

**कांग्रेसभित्रको सत्ता-संघर्ष बाहिर मन्द, भित्र चर्को अन्तर्द्वन्द**
- सुरेश आचार्य

***भरतशमशेरसित हामी तास खेल्थ्यौं उनीसित झगडा पनि हुन्थ्यो*** ◆ निर्मल लामा




**सम्पादकीय**
के संघर्ष एकीकृत हुन सक्दैन ?
**आवरण कथा**
के इन्धनमा यति चर्को मूल्यबृद्धि उचित छ ?
- श्याम श्रेष्ठ २०
**संक्षेप**
कांग्रेसमार्फत् नै प्रजातन्त्रलाई समाप्त पार्ने षडयन्त्र भैरहेछ
- का. रोहित ९
**विश्व कम्युनिष्ट आन्दोलन**
भारत : बिजुलीको भाउ वृद्धिविरूद्ध संयुक्त वाम-आन्दोलन १०
**विज्ञान**
मंगल ग्रहमा पानी !
- तुल्सीदास महर्जन ११
**आँखीझ्याल**
सिड्नी ओलम्पिक र त्यस पछाडि रहेको अर्थ-राजनीति
- दीपक वैद्य १२
**घटना र प्रवृत्ति**
अष्ट्रेलिया : पूँजीपतिहरूको आर्थिक ओलम्पिकविरूद्ध जन-प्रदर्शन १५
२ लाख ५० हजार आदिवासीहरू सडकमा १६
कांग्रेसभित्रको सत्ता-संघर्ष बाहिर मन्द, भित्र चर्को अन्तर्द्वन्द
- सुरेश आचार्य ४५
फोहोरी चालले भरिएको 'प्रजातान्त्रिक' अभ्यास ! ६
**चिन्तन**
नाशवान पूँजीवादको विशिष्टता
- डा. चैतन्य मिश्र १७
**किताब**
हाम्रो चौकिल्लाको बेलिविस्तार 'नेपालको सिमाना'
- हिरण्यलाल श्रेष्ठ ३१
**साहित्य ⁄ कविता**
तीन कविताहरू
- राजव ३२
**व्यंग्य**
माउसुली- विमल निभा ३३
**दर्शन**
के विज्ञानको पछिल्ला आविष्कारहरूले द्वन्दवादका नियमहरूलाई बेठीक ठहऱ्याएका छन् ?
- प्रज्ञानरत्न ३४
**पर्दा रंगमंच**
बसन्तीः वल्लो घाट न पल्लो तीर
- सुशील सापकोटा ३६
**आत्मकथा**
भरतशमशेरसित हामी तास खेल्थ्यौं उनीसित झगडा पनि हुन्थ्यो
- निर्मल लामा ३८
**अन्तर्क्रिया**
के 'एकता केन्द्र' प्रति द्वेष-भाव नै राखिएको हो त ?
- चन्द्रदेव नेपाली ४१
**पाठकको कुरो** ४६



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी
**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल :*
yuwa@ntc.net.np
*वेबसाइटः*
www.mulyankan.itgo.com

आवरणमा : पेट्रोलियम पदार्थमा भएको अत्यधिक मूल्यबृद्धिको विरोधमा नौ वामपार्टीहरू (फोटोः ए.बी.सी.) र नेकपा एमालेको विरोध (फोटोः शालिग्राम तिवारी) । काँधमाः युगोस्लाभियामा मिलोसेभिचका विरूद्ध क्रूद्ध भीड । आवरण सज्जाः टाइम्स क्रिएशन, बागबजार, फोनः २५२६४५ । कलर सेपरेशनः पोलिइमेज, प्रदर्शनी मार्ग, फोनः २५२५७२ । कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२* । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

# के संघर्ष एकीकृत हुन सक्दैन ?

गत असोज २८ गतेदेखि लागू हुने गरी सरकारले पेट्रोलमा १७.५, डिजेलमा २०.०, एल.पी. ग्याँसमा १८.६ र मट्टितेलमा १००.० प्रतिशतका दरले मूल्यवृद्धि गरेपछि यसले जनतामा प्रत्यक्ष मार पर्न गएको छ । इन्धनमा मूल्यवृद्धिका कारण यसले गर्ने चौतर्फी मूल्यवृद्धिमध्ये सवारी-भाडामा सरकार स्वयंले ७ प्रतिशतले वृद्धि गर्ने घोषणा गरिसकेको छ भने यातायात-साधनका मालिकहरु योभन्दा बढी मूल्य बढाउने पक्षमा उभिएका छन् । यसैगरी, अब अन्य उपभोग्य पदार्थहरुमा क्रमशः मूल्य बढ्ने सिलसिला पनि शुरु भएको छ ।

गत वर्षको कार्तिकमा मात्र मट्टितेलमा २३ र डिजेलमा ४८ प्रतिशत मूल्यवृद्धि गरी जनताको थाप्लामा बज्रपात गर्ने कांग्रेसी सरकारलाई त्यतिखेर सम्पूर्ण प्रतिपक्षी शक्तिहरु र आम जनताले समेत व्यापक विरोध गरेका थिए । प्रमुख प्रतिपक्षले संसदको विशेष अधिवेशन नै पनि बोलाएको थियो । त्यसपछि सरकारले जनतालाई राहत दिनेतर्फ पहल गर्ने वाचा गरेको थियो ।

२०४६ पछि आएका सबै कांग्रेसी सरकारहरुको एउटा विशेष प्रवृत्ति के देखिएको छ भने, यिनीहरु हरेकले जनतालाई दिएका चुनावी वाचाहरु त भुले भुले, प्रतिपक्षी राजनीतिक संगठनहरुलाई औपचारिक रुपमा दिएका वाचाहरु पनि निर्लज्जतापूर्वक लत्याए, चाहे ती वाचाहरु विभिन्न औपचारिक संझौताहरुमार्फत् गरिएका हुन् वा संसदमार्फत् नै गरिएका पनि किन नहुन् ।

एकातिर नेपाली जनताले हरेक क्षेत्रमा आहत मात्रै हुनुपरेको छ, राहत मिल्ने अवसर पटक्कै पाउन सकेको छैन, अर्कोतिर निराशा र आक्रोशवश जनताको एउटा तब्का ने.क.पा. माओवादीको उग्रवामपन्थी बाटोतिर लहसिन पुगेको छ । यो स्थितिमा नेपाली कांग्रेसको सरकार भने भ्रष्टाचारी नोकरशाहहरु, कमिसनखोर दलालहरु र साम्राज्यवादी शक्तिहरुलाई मात्र फाइदा पुग्ने कदमहरु चाल्दै आफ्नो विपरीत वृद्धि प्रदर्शन गरिरहेको छ । जनकल्याणको पक्षमा विशेष पहल गर्नेतिर नलागेर र आफ्नै घोषित कथित 'प्रजातान्त्रिक समाजवाद'लाई समेत पूरै लत्याएर कांग्रेस यतिखेर सामान्य 'लोक कल्याणकारी राज्य'ले चाल्ने सीमित जनपक्षीय कदमहरुबाट पनि भाग्ने, पर हट्ने प्रकृया अपनाइरहेको छ ।

यस स्थितिमा नेपाली कांग्रेसका इमान्दार व्यक्तिहरु समेतले पनि तीनपल्ट सोच्नुपर्ने स्थिति मुलुकमा रहेको अनुभूत हुन्छ । अन्तर्राष्ट्रिय बजारमा बढाइएको भन्दा पनि ज्यादा दरमा भाडा बढाइनु, जन उपभोग्य वस्तुहरुमा सरकारी अनुदान घटाउनु, इन्धनको पुरानो मूल्य बमोजिमको स्टकमा पनि मूल्य बढाउनु, बढाउन दिनु, आम जनताले कमै प्रयोग गर्ने हवाई इन्धनमा भने भाडा वृद्धि नै नगर्नु तर आम जनताले प्रयोग गर्ने मट्टितेलमा भने सबैभन्दा भारी मूल्यवृद्धि गर्नु, आयल निगममा अडिट नै नभएको स्थिति र व्यापक भ्रष्टाचार एवं अदक्षता हटाउन प्रयत्न नै नगर्नु, नेपालको दीर्घकालीन विकास र मूल्य स्थितिमा असर पार्ने नेपाल-भारत सीमालाई नियन्त्रण गर्नेतर्फ पटक्कै रुची नदेखाउनु जस्ता जनविरोधी, राष्ट्रविरोधी प्रवृत्ति सरकारले देखाइरहेको यस स्थितिमा आम जनताले त व्यापक रुपमै सोच्नु जरुरी भएको छ, संघर्षमा उत्रिनु जरुरी भएको छ ।

यो सन्दर्भमा हाल नौ वाम समूहहरु लगायत प्रमुख प्रतिपक्षी पार्टी ने.क.पा. एमाले पनि जनताको पक्षमा उभिएर आज मूल्यवृद्धिविरुद्ध निरन्तर संघर्षको अगुवाई गरिरहेका छन् । रा.प्र.पा.जस्ता पार्टीहरु पनि जनताको भाषा बोलेर मैदानमा उत्रेका छन् । यो स्वागतयोग्य कुरा हो ।

जनता वा राष्ट्रमाथि मार पर्दा संघर्षको अग्रपंक्तिमा रहँदैआएका नेपाली वामपन्थीहरु आज सबै सडकमा उत्रेको स्थितिमा पनि नौ वामहरु एकातिर र एमाले अर्कोतिर रहेर संघर्ष गरिरहेका छन् । यो भने ठीक भइरहेको छैन । एउटै उद्देश्यमा अलग अलग संघर्षहरु गर्नुभन्दा एकीकृत भएर संघर्ष गर्नु बढी बलवान हुने निश्चित छ । यसो भएमा संघर्षमा उत्रन अझै गाह्रो मानिरहेका आम जनताहरु पनि व्यापक रुपमा मैदानमा उत्रने संभावना बढ्ने छ भन्ने हामीलाई लाग्छ । यसकारण अनावश्यक पूर्वाग्रहहरु त्यागी एमाले र नौ वामले कार्यगत एकता गरुन् भनी हामी जोडदार माग गर्दछौं । हाल एकीकृत आन्दोलन उठाउन नसकेमा कम्तिमा पनि एउटा समन्वय संयन्त्रमात्र पनि खडा गरी कार्यक्रम हुन जरुरी छ भन्ने हामी ठान्दछौं ।

एमाले र नौ वामले आ-आफ्नै संघर्षका कार्यक्रमहरु अघि बढाएका छन् । धर्ना, चक्का जाम, जुलुस, सभा आदि दिनदिनै भइरहेका छन् । उपभोक्ता मंचहरुजस्ता नागरिक संस्थाहरु पनि चल्मलाउन थालेका छन् । नौ वाम समूहले आगामी कार्तिक १८ गते प्रधानमन्त्री निवास घेराउ गर्दै १९ गतेदेखि २९ सम्म देशव्यापी प्रचार कार्यक्रम र ३० गते मसाल जुलुस गरी मंसीर १ र २ गते 'नेपाल बन्द'को कार्यक्रमसमेत प्रकाशमा ल्याएको छ । व्यवहारले देखाएको छ- कार्यक्रमहरुमा जनतालाई आकर्षित गर्ने शैली, रुप र तयारी हालसम्म अत्यन्त कमजोर देखिएका छन् । यस स्थितिमा संघर्षको उँचाईलाई दुईदिने 'नेपाल बन्द' सम्म पुऱ्याउन आन्दोलनका अगुवाहरुले निकै मिहेनत र सुझबुझ पुऱ्याउनु पर्ने देखिन्छ । नत्र पुनः 'नेपाल बन्द' आन्दोलनकारी अगुवाहरुको निम्ति 'सजिलो कार्यक्रम' मात्र बन्न पुग्नेछ । ❑

# आखिर सेना परिचालन भै छाड्यो

अन्ततः श्री ५ को सरकारले माओवादीविरूद्ध १६ वटा जिल्लामा सेना परिचालन गरेको छ । हाल सेना परिचालन गरिएका ती जिल्लाहरू हुन् : रोल्पा, रूकुम, सल्यान, जाजरकोट, कालिकोट, प्यूठान, बाँके, आछाम, गोर्खा, बाजुरा, सिन्धुली, अर्घाखाँची, गुल्मी, दोलखा, रामेछाप र ओखलढुङ्गा ।

गएको असोज ९ गते नेकपा माओवादीको पश्चिमाञ्चल क्षेत्रीय कमाण्डको सैन्य हेडक्वाटर अन्तरगतको मुख्य सैन्यशक्तिले डोल्पाको सदरमुकाम दुनैमा आक्रमण गरेपछि राष्ट्रिय राजनीतिमा त्यस घटनाले एउटा ठूलो प्रकम्पन पैदा गरेको थियो । माओवादीहरूले दुनैमा गरेको आक्रमणमा १४ जना प्रहरीको ज्यान जानुका साथै ४० जना घाइते भएका थिए । त्यस आक्रमणमा डोल्पाको जिल्ला कारागार ध्वस्त भएको थियो र त्यहाँका १९ जना बन्दीहरू मुक्त भएका थिए । त्यस क्रममा माओवादीहरूले ११ जना सुरक्षा गार्डहरूको अपहरण गर्नुका साथै नेपाल बैंक लिमिटेड शाखा कार्यालयबाट ६ करोड रूपियाँ बराबरको नगद तथा जिन्सी लुटेका थिए । दुनैको आक्रमणमा मारिनेहरूमा प्रमुख जिल्ला अधिकारी परशुराम अर्यालका ५ सुरक्षाकर्मीहरूमध्ये ३ जना थिए । ८ गते आइतवार राती बाह्र बजिसकेपछि ९ गतेको पहिलो घण्टा राती १ बजेदेखि लगातार ९ गते सोमवार विहानसम्म भीडन्त भएको दुनैको घटनामा प्रहरी सूत्रले बयान दिएअनुसार १ हजार माओवादी छापामारहरूले आक्रमण गरेका थिए ।

सदरमुकाम दुनैदेखि करीब आधा घण्टा पैदल दक्षिणतर्फ सेनाको सुलिगाढ गुल्म थियो । माओवादीहरूको आक्रमणविरूद्ध त्यहाँका सेनाले सघाउलान् भन्ने प्रहरीहरूले आशा गरेका थिए, तर सेनाले त्यस घटनामा कुनै हस्तक्षेप गरेन ।

माओवादीहरूले आक्रमण गर्लान् भन्ने 'पूर्व संकेत पाएर' ८ गते मात्रै क्षेत्रीय प्रहरी कार्यालय नेपालगंजबाट ४८ जना दंगा प्रहरी दुनै पठाइएको थिए । तर त्यो प्रहरीबलले पनि माओवादीविरूद्ध कुनै क्षति पुऱ्याउन सकेन । घटना घटेको लगत्तै तत्कालीन अतिरिक्त प्रहरी महानिरीक्षक प्रदीप शम्सेर राणाले दुनैको स्थलगत निरीक्षण गर्न पुग्नुभएपछि भन्नुभएको थियो : "भौगोलिक स्थितिको फाइदा लुटी माओवादीले चारैतिरबाट आक्रमण गरेछन् ।"

दुनैमा माओवादीहरूले गरेको कार्यवाही ०५२ फागुनमा माओवादी जनयुद्ध शुरू भएयताको



जनयुद्ध सञ्चालन गरिरहेको नेकपा माओवादीका महामन्त्री क. प्रचण्ड

सबभन्दा ठूलो कार्यवाही हो । यसबाट तत्काल सरकार अताल्लिन पुगेको थियो र असोज ९ गते नै मन्त्रिपरिषद्को आकस्मिक बैठक बसेको थियो । माओवादीविरूद्ध सेना परिचालन गर्ने सम्बन्धमा त्यस बैठकले कुनै निर्णय गर्न सकेको थिएन, तर त्यसको भोलिपल्ट असोज १० गते दैनिक कान्तिपुरलाई संक्षिप्त प्रतिक्रिया दिँदै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भन्नुभयो : "यस्तो आतंकपूर्ण स्थितिमा सेना परिचालन गर्न सकिन्छ ।"

पनि भन्नुभएको छ : "तत्कालीन दृष्टिकोणले भन्नुपर्दा चाहिं यो कारवाही बाहिर बाहिर मुखले वार्ताको तयारी गर्ने र भित्रभित्रै भीषण आक्रमण र नरसंहारको तयार गर्ने राष्ट्रघाती र फासीवादी गिरिजा गुटको विश्वासघातमाथि प्रत्याक्रमणको सूचक पनि हो ।"


दुनैको घटनापछि असोज १० गते नेकपा मालेका महासचिव वामदेव गौतमले प्रधानमन्त्री, गृहमन्त्री र आइजीपीको एकसाथ राजीनामाको माग गर्नुभएको थियो । अन्य प्रतिपक्षी दलहरूले भने त्यस ढंगले प्रतिक्रिया प्रहरीबीच उत्पन्न कटुताको स्थिति अन्त्य गर्न आइजीपी अच्यूत खरेललाई कुनै तरिकाले अवकाश दिने सोच बनाइयो । त्यसको निम्ति उनलाई विदामा बस्न लगाएर अतिरिक्त प्रहरी महानिरीक्षक प्रदीप शमशेर राणालाई असोज १७ गते कायममुकायम प्रहरी महानिरीक्षक पदमा नियुक्त गरियो । स्थिति यस ढंगले अघि बढेपछि चाहिं अब सरकारले सेना परिचालन गर्ने नै भयो भन्ने निष्कर्ष पर्यवेक्षकहरूले निकाल्न थालेका थिए ।

असोज १७ गते नै प्रतिनिधि परिचालनको शुरूवात भएको थियो । र अन्ततः शुरूमा उल्लेखित १६ जिल्लामा सेना परिचालन भयो । 'सदरमुकामको रक्षार्थ' भन्ने निहुँबाट शुरू भएको सेना परिचालनको क्रम प्रमुख जिल्ला अधिकारीको तजवीजमा माओवादीविरूद्ध प्रहरीलाई सघाउन तैनाथ गरिएको छ ।

यसरी विभिन्न घटनाक्रमहरूको उतार-चढाव बीच एकातिर सेना परिचालनको शुरूवात भएको छ भने अर्कोतिर सरकार र माओवादी पक्षबीच वार्ताको कुरा पनि चलिरहेकै छ ।

# दुनै घटनापछिको माओवादी जनयुद्ध

◆ समीर थापा ◆



माओवादीको आक्रमणमा परी ध्वस्त भएको दुनैको प्रहरी चौकी


दुनैको आक्रमणपछि लगत्तै माओवादीहरूले असोज ११ गते लमजुङको भोर्लेटारमा आक्रमण गरी ८ जना प्रहरीको हत्या गरेका थिए । त्यसको लगत्तै उनीहरूले नुवाकोटको सिक्रे प्रहरी चौकीमा आक्रमण गरेका थिए, त्यहाँ प्रहरी र माओवादीबीच ५ घण्टा भीडन्त भएको थियो, तर कोही हताहत भएनन् । त्यसपछि दोलखाको नेपाल बैंक लिमिटेड जिरी उपशाखामा आक्रमण गरी त्यहाँबाट माओवादी छापामारहरूले २ लाख ६४ हजार रूपैयाँ लुटेका थिए ।

नेकपा माओवादीका महामन्त्री तथा केन्द्रीय सैनिक आयोगका इन्चार्ज प्रचण्डले असोज १२ गते एक विज्ञप्तीमार्फत् दुनैको घटनाको जिम्मेवारी लिनु भएको थियो । उक्त विज्ञप्तीमा दुनैको आक्रमणलाई 'जनताविरूद्ध सरकारले गरेको अपरेशनको प्रतिरोध' बताउनुका साथै 'जनयुद्धको नयाँ र ऐतिहासिक कीर्तिमान' पनि भनिएको थियो । त्यही घटनाका सम्बन्धमा नेकपा माओवादीका अर्का नेता डा. बाबुराम भट्टराईले असोज १७ गते साप्ताहिक जनादेशलाई अन्तरवार्ता दिँदै यसो जनाएनन् । तर सत्तारूढ दल नेपाली कांग्रेसकै असन्तुष्ट पक्षले चाहिं त्यस घटनामा सरकारले नैतिक जिम्मेवारी लिनुपर्ने माग गर्‍यो । पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, पूर्व गृहमन्त्री पूर्णबहादुर खड्का, नेताहरू चिरञ्जीवी वाग्ले, डा. रामशरण महत, विजयकुमार गच्छेदार, बलबहादुर के.सी., होमनाथ दाहाल र गोपालमान श्रेष्ठको समूहले असोज ११ गते एक वक्तव्य प्रकाशित गरी उक्त माग गरेको थियो ।

त्यसपछि नेकपा माओवादीहरूविरूद्ध कसरी व्यवहार गर्ने भन्ने विषयमा सरकार बढी छट्पटाउन थालेको देखियो । यही छटपटीलाई निकास दिने क्रममा राष्ट्रिय सुरक्षा परिषद्मा सरकारको प्रतिनिधित्व निर्णायक बनाउन असोज १६ गते अर्थमन्त्री महेश आचार्यलाई रक्षामन्त्रीसमेत नियुक्त गरियो । सेनाविरूद्ध विवादास्पद वक्तव्य दिएपछि एकातिर गोविन्दराज जोशीलाई गृहमन्त्रीबाट राजीनामा दिन बाध्य पारियो र उप प्रधानमन्त्री रामचन्द्र पौडेललाई गृहमन्त्रीको थप कार्यभार दिइयो, अर्कोतिर सेना र सभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्षद्वारा माओवादीका विरूद्ध सेना प्रयोग गर्ने कि नगर्ने भन्ने विषयमा छलफल गर्न सर्वदलीय बैठक बोलाइएको थियो । तर त्यो बैठकले यस विषयमा ठोस निर्णय लिन सकेन । यसैबीच नेकपा माओवादीले फूलपातीदेखि विजयादशमीसम्म अर्थात् असोज १८ गतेदेखि २२ गतेसम्म आफ्नो कारवाही स्थगनको घोषणा गर्‍यो । तर यही अवधिमा १८ गते दुनैको पूर्वतर्फ भएको अर्को भीडन्तमा माओवादीको आक्रमणबाट प्रहरी हवल्दार घनश्याम दाहालको मृत्यु भयो भने दैलेखमा ४ र जाजरकोटमा १ जना गरी माओवादीहरूले ५ जनाको अपहरण गरे । माओवादीहरूको यस्तै गतिविधिले पनि सरकारलाई तत्काल सेना परिचालनको निम्ति उक्साउने काम भएको देखिन्छ ।

शाही सेनाको नेपालगंज गुल्मबाट गत असोज २३ गते ५० जनाभन्दा बढी सैनिकलाई आकस्मिक रूपमा दैलेख पुर्‍याइयो । दैलेखको यही घटनादेखि माओवादीविरूद्ध सेना परिचालनको शुरूवात भएको दुई दिनपछि उप प्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलले गत असोज २५ गते माओवादीसँग वार्ताको प्याकेजका लागि प्रस्ताव गर्नुभएको थियो । उहाँले यो प्रस्ताव मानव अधिकारवादी कार्यकर्ता तथा स्वतन्त्र वामपन्थी नेता पद्मरत्न तुलाधरलाई माध्यम बनाएर राख्नुभएको थियो । त्यस्तै, असोज २८ गते रक्षामन्त्री महेश आचार्यले "शाही सेनालाई माओवादी प्रभावित क्षेत्रमा परिचालन गरिनुको अर्थ माओवादीसँग वार्ताको ढोका बन्द गर्ने सरकारको आशय नभएको" धारणा व्यक्त गर्नुभएको छ । त्यसको भोलिपल्टै असोज २९ गते माओवादी समस्या उच्चस्तरीय समाधान सुझाव समितिका अध्यक्ष शेरबहादुर देउवाले एक सार्वजनिक वक्तव्य दिँदै भन्नुभएको छ : "सरकारले दिनेश शर्मा लगायत पत्राउ परेका माओवादीहरूको स्थिति सार्वजनिक गरेको खण्डमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) आफ्ना सम्पूर्ण कार्यवाही बन्द गरी वार्तामा आउन तयार छ ।"

माओवादीको आक्रमणमा परी ध्वस्त भएको दुनैको जिल्ला कारागार



## ◄ घटना र प्रवृत्ति

सो समितिको म्याद सकिनु एक दिनअगाडि आएको सो कुराको माओवादीका महामन्त्री प्रचण्डले असोज ३० गते एक वक्तव्यद्वारा पुष्टि पनि गर्नु भएको छ । यसरी माओवादी पक्ष अब वार्ताको निम्ति एक सूत्रीय मागमा ओर्लिएको स्थितिमा सरकारले मुलुकलाई संभावित गृहयुद्धबाट बचाउन अत्यन्त गम्भीर हुनुपर्ने कुरामा सबै राजनीतिक पार्टीहरू सहमत देखिएका छन् । देउवा समितिको आयोजनामा गत असोज ३० गते नै राजधानीमा भएको सर्वदलीय छलफलमा त्यही कुरा व्यक्त भएको थियो । उक्त छलफलका अवसरमा नेपाली कांग्रेसको सरकारी पक्षबाहेक सबैले वार्ताद्वारा नै समस्या समाधान गर्नुपर्ने कुरामा जोड दिएका थिए ।

सेना परिचालन गरेर दमनद्वारा नै माओवादी जनयुद्धलाई नियन्त्रण गर्ने कुरामा सरकारको हठ सार्वजनिक भए पनि प्रमुख प्रतिपक्षी दल नेकपा एमाले लगायत नौ वाम समूह र दक्षिणपन्थी राजनीतिक पार्टी राप्रपाले समेत सेना परिचालनको विपक्षमा र वार्ताको पक्षमा आफ्नो मत जाहेर गर्नुलाई सकारात्मक अर्थमा हेर्नुपर्दछ । नौ वाम समूहको असोज २७ गते बसेको बैठकले औपचारिक रूपमा नै सेना परिचालनको विरोध गरेर वार्ताको निम्ति जोड दिएको थियो ।

ऐतिहासिक जनआन्दोलन २०४६ को बेला निरंकुश पंचायती व्यवस्थाका गृहमन्त्री रहेका निरंजन थापाले समेत वार्ताको औचित्यमाथि आफ्नो विचार व्यक्त गर्नुभएको छ । साप्ताहिक जनादेशलाई असोज १७ गते नै प्रतिक्रिया दिँदै थापाले भन्नुभएको यो भनाइ यहाँ उल्लेखनीय छ : "वेलायतसँग अत्याधुनिक हात हतियार हुँदाहुँदै पनि आयरल्याण्डसँग वार्ता गरेर समस्या समाधान गऱ्यो भने माओवादी समस्या समाधान गर्न सेना परिचालन गर्दा प्रत्युत्पादक पनि हुनसक्छ ।"

आफ्नै नागरिकहरूविरूद्ध सेना परिचालन गर्नेजस्तो पंचायती निरंकुशतावादीहरूले समेत गलत ठहऱ्याएको कार्यशैलीतिर उद्दत सरकारलाई ठीक बाटोमा ल्याउन घचघच्याउने काम प्रेस जगतको पनि हो । अन्यथा गृहयुद्धको खाल्डोमा सिङ्गै मुलुक जाकिनेछ र त्यसले मुलुकमा प्रतिगामी तथा पुनरूत्थानवादी शक्तिहरूलाई नेपाली जनताविरूद्ध क्रियाशील गराउने छ । त्यसबेला न्यूनतम पूँजीवादी प्रजातान्त्रिक हक अधिकारहरू पनि समाप्त हुनेछन् । यस्तो नहोस् भन्नेमा सबै क्षेत्रले चनाखो हुनु जरूरी देखिन्छ । दुनैको घटनादेखि हालसम्मको स्थितिले सिकाएको एउटा पाठ यो पनि हो । ☐

# वाम पृष्ठभूमिका राष्ट्रपति मिलोसेभिच बलपूर्वक सत्ताच्यूत गरिए

जब २ लाख मानिसहरूले बेलग्रेडका सडकहरूमा प्रदर्शन गर्दै युगोस्लाभियाका राष्ट्रपति स्लोबोदान मिलोसेभिचको राजीनामाको माग गरे, जब सानो अर्द्धसैनिक कमाण्डो दस्ताले युगोस्लाभियाको संसद भवनमाथि हिंस्रक ढंगले आक्रमण गरी त्यसलाई जलाउन थाले, जब विश्वभरका पूँजीपतिहरूका नाइकेहरू क्लिन्टन, टोनी ब्लेयर, गेहार्ड स्रोइडरदेखि उनीहरूका भरौटे सैनिकहरूको टोली- नेटोको आर्थिक, कूटनीतिक र सैनिक दवाब बढ्न थाल्यो, तब गत आश्विन २० गते युगोस्लाभ राष्ट्रपति स्लोबोदान मिलोसेभिचले राजीनामा दिनै पऱ्यो । प्रत्येक सडक-संघर्षलाई 'हूलदंगा' भन्दै सैनिक दमन गर्ने, संघर्षकारीहरूलाई चुनावी बाटोबाट अगाडि बढ्न 'सल्लाह' दिने पूँजीवादी र साम्राज्यवादीहरूले अनि तिनीहरूको CNN, NBC, CBS, TIME जस्ता संचार माध्यमहरूले मिलोसेभिचको राजीनामापछि त विश्व नै थर्किने गरी 'हुर्रे !' गर्दै विजयोत्सव मनाए- लौ, एउटा तानाशाहको अन्त भयो ! प्रजातन्त्र र जनक्रान्तिको विजय भयो !!

यो कस्तो विजय हो ? यो कस्तो जनक्रान्ति हो ? युगोस्लाभियाको चुनावी वास्तविकतालाई खोतल्दा प्रश्न उठ्छ- कहीं यो पूँजीवादी बर्बरताको विजयको अट्टहास त होइन ? कहीं यो जनक्रान्ति र प्रजातन्त्रको नाममा पूँजीवादी-साम्राज्यवादीहरूले खेलेको नव-शकुनी पासा त होइन ?

निर्वाचन आयोगका अनुसार, आश्विन ८ गते भएको युगोस्लाभ राष्ट्रपति पदको प्रथम चरणको चुनावमा मिलोसेभिचले ३८.६२ प्रतिशत मत प्राप्त गरेका थिए भने उनका विपक्षी भोजिस्लाभ कोस्तुनिचाले ४८.९६ प्रतिशत भोट पाएका थिए । प्रथम चरणको चुनावमा कुनै पनि उम्मेदवारले खसेको मतको ५० प्रतिशतभन्दा बेसी मत प्राप्त गर्न नसकेमा त्यहाँ दोस्रो चरणको चुनाव गर्ने संवैधानिक प्रावधान छ ।

तर अमेरिकाको क्लिन्टन प्रशासनको विदेश मन्त्रालय र कुख्यात जासूसी संस्था- सीआईएले विपक्षीहरूलाई खुलेआम रूपमा निर्देशन दिए - दोस्रो चरणको चुनाव बहिष्कार गर, सडकमा जाऊ र सरकारी भवनहरूमाथि आक्रमण गर ! अनि मिलोसेभिचलाई सत्ताच्यूत गर ।

त्यसैले दोस्रो चरणको चुनाव बहिष्कार गर्दै सडकमा हिंसात्मक प्रदर्शन गर्ने विपक्षी उम्मेदवार कोस्तुनिचा र उनका समर्थकहरूदेखि लिएर उनका देशी-विदेशी सहयोगीहरूले यो सवैधानिक प्राबधानलाई रद्दीको टोकरीमा फ्याँके ।

युगोस्लाभ संविधानअनुसार, पराजित राष्ट्रपतिले आफ्नो पदावधिभरि सत्तामा बसीरहन पाउने प्रावधान छ । यस प्रावधान अन्तर्गत मिलोसेभिचले २०५८ आषाढसम्म राष्ट्रपति बनिरहन पाउने संवैधानिक अधिकारलाई पनि उनीहरूले जंगली र बमवर्षा गरेका थिए । 'कोसोभोका जनतामाथि बर्बर व्यवहार गरेको' मनगढन्त आरोप लगाउँदै मिलोसेभिच र सर्ब जातिलाई फासीवादी हिटलरसँग तुलना गरे । तिनीहरूलाई आधुनिक राक्षसको रूपमा चित्रण गरे । अनि युगोस्लाभियाका घर, स्कूल, अस्पताल, टेलिभिजन र पानीको मुहानमा आक्रमण गरी उनीहरूले सयौं बालबालिकाहरूसहित हजारौंहजार सर्ब जनताको निर्मम हत्या गरेका थिए ।

इराकी राष्ट्रपति सद्दाम हुसेनलाई जस्तै मिलोसेभिचलाई पनि सैनिक आक्रमणद्वारा हत्या गर्न र सत्ताच्यूत गर्न असफल भएपछि पूँजीवादी-



पाराले मनपरी कुल्चिदिए । मिलोसेभिचको विपक्षीको रूपमा एकगठ भएका तथाकथित प्रजातन्त्रवादीहरूदेखि आफूलाई प्रजातन्त्रका मसीहा ठान्ने पूँजीवादका नाइकेहरूले यी सबै संवैधानिक प्रावधानलाई कुल्चेर घोषणा गरे- जसरी भएपनि मिलोसेभिचलाई सत्ताच्यूत गर !

पूँजीवादी-साम्राज्यवादी खेमाका नाइकेहरू जसरी भएपनि, जुनसुकै उपाय लगाएर भएपनि मिलोसेभिचलाई सत्ताच्यूत गर्न चाहन्थे, संवैधानिक-गैरसंवैधानिक बाटोबाट, सैनिक आक्रमण वा आर्थिक, कूटनीतिक दवाबबाट, चुनाव वा सडक संघर्षबाट ! जसरी भए पनि उनलाई सत्ताच्यूत गर्नकै लागि कोसोभो प्रान्तलाई स्वायत्तता नदिएको निहुँमा अमेरिकी साम्राज्यवाद र जर्मन साम्राज्यवादले खुंखार सैनिक संगठन 'नेटो'मार्फत् युगोस्लाभियामाथि गत वर्ष ७८ दिनसम्म मिसाइल आक्रमण साम्राज्यवादी खेमाका नाइकेहरूले सर्ब जनताका प्रजातान्त्रिक हक- अधिकारको 'मसीहा' बन्ने दीर्घकालीन रणनीति अपनाए । सर्ब जनतामाथि मृत्यु बर्साउने बर्बर बमबर्षकबाट सर्ब जनताका अधिकारहरूको रक्षा गर्ने 'भगवान' बन्नका लागि उनीहरूले सबै घिनलाग्दा खालका उपायहरू प्रयोग गरे, पैसा प्रचार, पाखुरी सबै प्रयोग गरे ।

मिसाइल र बम आक्रमणबाट पनि परास्त नभएका मिलोसेभिचलाई चुनावी दाउपेचमा पराजित गर्न पूँजीवादी-साम्राज्यवादीहरूले विपक्षीहरूको ढुकुटीमा लाखौंलाख

**युगोस्लाभियाको चुनावमा पैसा, प्रचार र पाखुरीको प्रयोग**


# फोहोरी चालले भरिएको 'प्रजातान्त्रिक' अभ्यास !

डलर ओइन्याएका थिए । अमेरिकी अखबार The Washington Post का अनुसार, अमेरिकी प्रशासनले मात्रै ७७ मिलियन अमेरिकी डलर विपक्षीहरूलाई दिएर चुनावमा मिलोसेभिचको पराजयलाई सुनिश्चित पार्न खोजेको थियो । त्यस अखबारको रिपोर्ट अनुसार, अमेरिकी सरकारका अधिकारीहरू, सहयोग एजेन्सीहरू र दलालहरू युगोस्लाभिया वरिपरिका मुलुकहरूमा धर्ना कसी दर्जनौंदर्जन टुक्रामा विभाजित विपक्षीहरूलाई एउटै मोर्चामा सुव्यवस्थित पार्ने, उनीहरूलाई हरतरहले सुदृढ र सुव्यवस्थित गर्ने कार्यमा निरन्तर रूपमा खटिएका थिए । तिनीहरूले विपक्षी दलका संगठकहरूलाई प्रशिक्षित गर्ने, उनीहरूका कार्यालयहरू कम्प्युटर, फ्याक्सले सुसज्जित पार्ने, राष्ट्रपति बिल क्लिन्टनको चुनावी अभियानमा मत सर्भेक्षण गरी सघाउने न्यूयोर्कस्थित सर्भेक्षण कम्पनीलाई प्रयोग गरी फर्जी मत सर्भेक्षणद्वारा विपक्षीहरूलाई टेवा पुऱ्याउने काम गरेका थिए ।

अमेरिकी संचार माध्यमहरूको रिपोर्टअनुसार, यू.एस.एजेन्सी फर इन्टरनेशनल एड (USAID) ले युगोस्लाभ विपक्षीहरूलाई सबैभन्दा बेसी अमेरिकी सहयोग उपलब्ध गराएको थियो । विपक्षी नेताहरू नियमित रूपमा छिमेकी राष्ट्रहरू, विशेष गरी बल्गेरिया र हंगेरीमा रहेका USAID का कार्यालयहरूमा गई डलर सोहोर्ने र तिनीहरूसँग रणनीतिक छलफलहरू गरी फर्कने तथ्य 'दि वाशिंगटन पोष्ट' लगायतका अमेरिकी संचार माध्यमहरूले प्रकाशित गरेका छन् । एएफपीका अनुसार, अमेरिकी सेनाको ज्वाइन्ट चीफ अफ स्टाफका अध्यक्ष जनरल हेनरी शेल्टनले मिलोसेभिचलाई सत्ताच्यूत गर्नका लागि अमेरिकी सहयोगको खोलो बगाउन सहयोग दिएकोमा बल्गेरियाको ठूलो प्रशंसा गरेको थियो ।

जर्मन साप्ताहिक पत्रिका Der Spiegel को रिपोर्टअनुसार, युगोस्लाभ विपक्षीहरूको चुनाव अभियानलाई सघाउन जर्मनी र नर्वेका पूँजीवादी शासकहरूले पनि पैसाको खोलो नै बगाएका थिए । त्यस पत्रिकाको रिपोर्टमा अमेरिकाले शुरूमै ३० मिलियन अमेरिकी डलर हंगेरीको राजधानी बुडापेस्टबाट विपक्षीहरूलाई पठाएको थियो भने जर्मनी र अन्य पश्चिमी राष्ट्रहरूले ४५ मिलियन मार्क (२० मिलियन अमेरिकी डलर) रकम विपक्षीहरूको शासन चल्ने शहरहरूलाई दिएको थियो । ग्रीन पार्टीको तर्फबाट जर्मन विदेशमन्त्री भएका जोश्का फिशरले १६ वटा शहरहरूमार्फत् १७ मिलियन मार्क सहयोग पठाएका थिए । नर्वेले विपक्षीहरूको जित भएका १५ मिलियन अमेरिकी डलर सहयोग गर्ने बचन दिएर युगोस्लाभ जनतालाई लोभ्याएको थियो । स्मरणीय छ, नेटोको आक्रमणपछि अमेरिका र यूरोपीय यूनियनले विपक्षी पार्टीहरूको नियन्त्रणमा रहेका नगरपालिका-हरूलाई 'मानवीय सहायता दिने' नाममा खुलेआम रूपमा सहयोग गरिरहेका छन् ।

१८ वटा साना साना विपक्षीहरूको गठबन्धन - Democratic Opposition of Serbia (DOS) लाई एकताबद्ध पार्ने, तिनीहरूलाई पैसा र प्रशिक्षण दिने



*सत्ताच्यूत गरिएका राष्ट्रपति मिलोसेविच*



*साम्राज्यवादीहरूको बुई चढेर सत्तारुढ भएका कोस्तुनिचा*

**मिलोसेभिच विजयी भए भने युगोस्लाभियामाथि फेरि बमवर्षा हुनेछ, कोस्तुनिचा जिते भने नाकाबन्दी हटाइनेछ, शान्ति र सम्बृद्धिको युग शुरू हुनेछ**

*- पूँजीवादी साम्राज्यवादीहरूको प्रचार युद्धको मुख्य नारा*

अमेरिकाले मूलतः जोरान जिन्जीजको नेतृत्वमा रहेको डेमोक्रेटिक पार्टी अफ सर्बियामार्फत् पैसा पठाएको खवर अमेरिकी अखवारहरूले प्रकाशित गरेका थिए । अमेरिकी विदेश विभागको निमन्त्रणामा पटक पटक वाशिंगटन गइरहने विपक्षी नेता तथा कोस्तुनिचाका चुनावी अभियानका प्रबन्धक जिन्जीचमार्फत् अधिकांश रकम कोस्तुनिचाको 'डीओएस' नामक संयुक्त मोर्चाको ढुकुटीमा गएको थियो ।

विपक्षी पार्टीहरूका लागि आर्थिक सहयोगको खोलो बगाउनुका साथसाथै पूँजीवादी-साम्राज्यवादीहरूले संचार माध्यमहरूलाई पनि आफ्नो स्वार्थअनुरूप घुमाई 'प्रचार युद्ध' चलाउने काम त अति कुशलतापूर्वक नै गरेका थिए । CNN, NBC, CBS, TIME र NEWSWEEK जस्ता संचार माध्यमहरूले युगोस्लाभियाको चुनावबारे दिएको सानो रिपोर्ट हेर्नासाथै स्पष्ट देखिन्छ- यी संचार माध्यमहरूले युगोस्लाभियाको मामिलामा पनि आफ्ना प्रभुहरूकै स्वार्थ रक्षार्थ समाचार र विचार संप्रेषण गरेका रहेछन् ।

उनीहरूले प्रचार युद्ध सँगसँगै मनोबैज्ञानिक युद्ध पनि त्यत्तिकै रफ्तार र घनीभूत रूपमा अगाडि बढाएको देखिन्छ । पूँजीवादी-साम्राज्यवादीहरूको सैनिक संगठन 'नेटो'ले चुनावको मुखैमा युगोस्लाभ राष्ट्रपति मिलोसेभिचलाई युद्धको धम्की दिएको थियो र युगोस्लाभ जनतालाई चेतावनी दिएको थियो- मिलोसेभिच विजयी भए भने युगोस्लाभियामाथि फेरि बमवर्षा हुनेछ, कोस्तुनिचा जिते भने नाकाबन्दी हटाइनेछ, शान्ति र सम्बृद्धिको युग शुरू हुनेछ ।

इटालीको अखवार La Stampa का अनुसार नेटोका भूतपूर्व प्रमुख ह्यावियर सोलानाले मिलोसेभिच जितेमा वा उनले धाँधली गरेमा नेटोको शक्तिसँग शत्रुता कायम गर्न खोजेको ठहरिने चेतावनी दिँदै सन्देश दिएका थिए- युगोस्लाभ जनताले मिलोसेभिचलाई सत्ताच्यूत गरेनन् भने उनीहरू आर्थिक समस्याले ग्रस्त हुने मात्रै होइनन्, उनीहरू बमवर्षाको शिकार पनि हुनसक्ने संभावना छ ।

एउटा सार्वभौम मुलुकको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने क्रममा नेटोले चुनावको संघारमै युगोस्लाभियाको सिमानामा, विशेष गरी मोन्टेनेग्रो नजिकै जल सैनिकहरूको युद्ध अभ्यास प्रारम्भ गरेको थियो । मिलोसेभिचलाई मतदान गर्नेहरूलाई तर्साउन त्यतिखेरै अमेरिका र क्रोएसियाका सैनिकहरूको युद्ध अभ्यास गरेर शक्ति प्रदर्शन गरिएको थियो । 'शान्तिका लागि साझेदारी अभिबृद्धि गर्ने उद्देश्यले सैनिक अभ्यास गरिएको दावी गर्ने अमेरिकी विदेशमन्त्री मेडलिन अल्ब्राइटसँग गोप्य मन्त्रणापछि योगोस्लाभियाकै एउटा प्रान्त मोन्टेनेग्रोका राष्ट्रपति मिलो जुकानोभिचले पनि फूर्ति गरेका थिए- मिलोसेभिच विजयी भए भने हामी पनि युगोस्लाभियाबाट स्वतन्त्र हुनेछौं ।'

यहाँ उल्लेखनीय पक्ष के हो भने नेटो र अमेरिकी-क्रोएसियाली सैनिक अभ्यासका तस्वीर र फूटेजहरू सीएनएन र अन्य नेटवर्क स्टेशनहरूले पटक पटक प्रसारण गरी सन्देश दिएका थिए- मिलोसेभिचको पुनर्निर्वाचनपछि खतरा नै खतरा छ !

यही सन्देशसहित पूँजीवादीहरूको अर्को अखडाको रूपमा रहेको यूरोपीय यूनियनले पनि आफ्नो ठाउँबाट मनोबैज्ञानिक युद्ध शुरू गरेको थियो- 'मिलोसेभिचविरूद्ध मतदान गरिएमा युगोस्लाभियामाथि लगाउँदै आएको सम्पूर्ण आर्थिक नाकाबन्दी हटाइनेछ र यूरोपीय समुदायमा युगोस्लाभियालाई पनि समावेश गरी समृद्धिको लहर श्रृजना गरिनेछ ।' - हो यस्तै गुलिया आश्वासनबाट लोभिएका र अमेरिका तथा नेटोको बमवर्षाको धम्कीबाट भयभीत भएका युगोस्लाभ मध्यमवर्गले उदार खालका पूँजीवादी उम्मेदवार मानिने कोस्तुनिचालाई समर्थन गरेको

## सामाज्यवादीहरूको घिनलाग्दो खेलको पर्दाफास

देखिन्छ ।

यसरी मिलोसेभिचलाई जसरी पनि हटाउने रणनीति पूँजीवादी साम्राज्यवादीहरूद्वारा षड्यन्त्रको पासाभित्र भएको थियो-युगोस्लाभियाको चुनाव ! त्यस चुनावमा अग्रस्थान कायम गर्न सफल कोस्तुनिचाले प्रथम निर्वाचनमा ५० प्रतिशत मत हासिल गर्न नसके पनि आफू विजयी भएको दावी गरे । पूरै पूँजीवादी संसारलें उनलाई विजयी घोषित गऱ्यो । उनीहरूले दोस्रो चरणको निर्वाचनको बहिष्कार गर्दै तत्कालै सत्ता छाड्न मिलोसेभिचलाई दवाब दिए, सडकमा शक्ति प्रदर्शन गरेर नपुगेपछि संसदमाथि नै अर्द्धसैनिक दस्तामार्फत् धावा बोली आगो लगाउने दुस्प्रयास गरे, बोरिस येल्तसीनले संसद भवनमाथि तोपले गोला प्रहार गरे जस्तै !

यसका लागि पनि पूँजीवादी-साम्राज्यवादी खेमाको चाटुकारिता गर्ने विपक्षीहरूले पहिलेदेखि नै ठूलो जाल बुनिसकेका रहेछन् । नेटोसमक्ष आत्मसमर्पण गर्ने ककाच शहरका मेयर भेलिमिर इलिचले अमेरिकी अखवार New York Times मा वामपन्थी पार्टीहरू तथा सरकारी कार्यालय र अखडाहरूमा आक्रमण गर्न मिलोसेभिचविरोधी अर्द्धसैनिक कमाण्डो दस्ता बनाइएको रहस्योद्घाटन गर्दै शेखी भारेका थिए- 'हामीले युवा लडाकूहरूको दस्ता निर्माण गरेका छौं । यसमा युगोस्लाभ सेनाका प्याराट्रूपरकहरू (हवाइजहाजबाट प्याराशूट लिई झर्ने प्रशिक्षण प्राप्त सैनिकहरू), युवा प्रहरीहरू संलग्न गरिएको छ । यसलाई बेलग्रेडस्थित गृहमन्त्रालयको प्रहरी विभागको एलिट यूनिटसँग संयोजित गरेका छौं । हामीले यसमा मार्शल आर्टका खेलाडीहरू र प्रशिक्षकहरूदेखि व्यावसायिक बक्सरहरूलाई पनि समेटेका छौं । कतिसम्म भने सादा पोशाकमा रहने प्रहरीलाई समेत परिचालन गरेर अन्य शहरका संघर्षलाई संयोजित गरेका छौं ।'

कमाण्डो दस्ताका नाइके इलिचले एएफपीसँग फूर्तिसाथ कुरा गर्दै आफ्नो अर्द्धसैनिक कमाण्डो दस्तामा २ हजार सदस्य संख्या भएको र केही कमाण्डोहरू चाहिँ सशस्त्र नै भएको दावी गरेका थिए । उनले घमण्डका साथ भनेका थिए- हाम्रा केही कमाण्डोहरूसँग हतियार छ र केहीसँग बुलेटप्रुफ ज्याकेट पनि छ । हाम्रो उद्देश्य स्पष्ट छः राज्यका प्रमुख कार्यालयहरूमाथि कब्जा जमाउनु, संसद भवनदेखि टेलिभिजन केन्द्रसमेत आफ्नो हातमा पार्नु ।

पूँजीवादी-साम्राज्यवादीद्वारा गरिएको आह्वानअनुसार विपक्षीहरू दोस्रो चरणको निर्वाचन बहिष्कार गर्दै असोज १९ र २० गते सडकमा हिंसात्मक रूपले उत्रिएको सन्दर्भमा उनले खुलेआम स्वीकारेका थिए- हाम्रो कमाण्डो दस्ताले, प्रहरीको युनफर्ममा सजिएका कमाण्डोहरूले, संसद भवनको ढोका खोलेका थिए, र सरकारी प्रहरी फौजमा भ्रम फैलाएका थिए । मैले नै हाम्रो उम्मेदवार कोस्तुनिचाका चुनावी अभियानका संयोजक जोरान जिन्जीजसँग हाम्रो कमाण्डो दस्तालाई परिचित गराएको थिएँ ।'

बेल्जियमको साप्ताहिक पत्रिका Solidaire का संवाददाता मिशेल कोलोनले बेलग्रेडबाट लेखेका छन्- जिन्जीचले नै युगोस्लाभ संसद र सर्वियाली टेलिभिजनमाथि कमाण्डो आक्रमणको नेतृत्व गरेका थिए । जिन्जीचले प्रमुख सार्वजनिक टेलिभिजन स्टेशन, रेडियो, प्रेस, अखबारलगायत एयष्तिष्पब नामक दैनिकमाथि कब्जा जमाउन पत्रकारहरूलाई दवाब दिने र धम्काउने काम गरेका थिए । जिन्जीचको नेतृत्वमा रहेको अर्द्धसैनिक दस्ताका गुण्डाहरूले संसद भवनमाथि आक्रमणको लगत्तै मिलोसेभिचको सोशलिष्ट पार्टी अफ सर्विया (SPS) र न्यू कम्युनिष्ट पार्टी अफ युगोस्लाभियाका बेलग्रेडस्थित हेडक्वार्टरहरूमाथि आक्रमण गरी कार्यालयहरू ध्वस्त नै पारेका थिए । आफ्नो भन्दा फरक मत राख्ने पार्टीहरूमाथि यस्तो हिंसात्मक कारबाही गर्ने तथाकथित प्रजातन्त्रवादी र छद्म क्रान्तिकारीहरूले बेलग्रेड नजीकै SPS का कार्यकर्ताहरूको घर जलाउनुका साथै विभिन्न प्रान्तहरूमा जघन्य अपराधहरू गरेको समाचार छ ।

हो, यसरी नै पूँजीवादी-साम्राज्यवादीहरूसँग टक्कर लिने एकजना देशभक्त तथा राष्ट्रवादी राष्ट्रपति स्लोबोदान मिलोसेभिचलाई सत्ताच्यूत गरिएको छ । र, 'जनक्रान्तिद्वारा स्थापित प्रजातन्त्र'को सिंहासनमा अलिकति उदार खालको पूँजीवादीको रूपमा चर्चित मानिएका भोजिस्लाभ कोस्तुनिचालाई आसीन गराइएको छ । पूँजीवादी-साम्राज्यवादी-हरूप्रतिको कोस्तुनिचाको उदारता हेर्न भने अब धेरै समय कुर्नु जरूरी छैन ।

◆ राजेन्द्र महर्जन



### ब्राजिल

## मजदूर आन्दोलन चर्कियो

विश्वभरिका श्रमिकहरुको अन्तर्राष्ट्रिय दिवस मे दिवसको पर्सिपल्टदेखि ब्राजिलमा शुरु भएको खेतीहर मजदूरहरुको आन्दोलन निकै चर्किंदै गएको छ । खेतीहर मजदूरहरुको लडाकू संगठन MST ले चलाएको शान्तिपूर्ण संघर्ष ठाउँ-ठाउँमा हिंस्रक रुप लिन बाध्य भएको छ । सरकारी दमनको प्रतिरोध गर्दा दोहोरो भिडन्तको क्रममा हिंस्रक रुप लिएको देखिन्छ ।

MST का कार्यकर्ताहरुले देशमा अत्यन्त कम ज्याला र बढ्दो बेरोजगारीका विरुद्ध मे दिवसका दिन गरेको प्रदर्शन सामान्य रुपमा शान्तिपूर्ण नै भएको थियो । तर पराना प्रान्तको राजधानी क्यूरीटिबा नजिकै भएको प्रदर्शनमा प्रहरी दमन हुँदा हिंस्रक झडप भएको थियो । MST का १३ सय कार्यकर्ताहरुले प्रहरी दमनको प्रतिरोध गर्दा ३० जना घाइते भएका थिए भने ४०० जनालाई गिरफ्तार गरिएको थियो ।

पराना प्रान्तका विभिन्न क्षेत्रबाट दर्जनौं दर्जन बसबाट क्यूरीटीबाको बाहिरी भागसम्म पुगेका खेतीहर मजदूरहरुविरुद्ध प्रहरीले रबरको गोली र अश्रुग्याँसको प्रयोग गरी दमनात्मक कार्य गर्न थालेपछि कार्यकर्ताहरुले पनि त्यसको कडा प्रतिरोध गरेका थिए । उनीहरुले अन्य प्रान्तका राजधानीहरुमा जस्तै क्यूरीटीबामा पनि सरकारी कार्यालयहरुमाथि कब्जा जमाई सरकारलाई प्रभावशाली दवाब दिने प्रयास गरेका थिए । आन्दोलनकारीहरुलाई कार्यालयमा घुस्न नदिन सैन्यप्रहरी प्रयोग गरिंदा शान्तिपूर्ण प्रदर्शनमा आएका बच्चाहरु र गर्भवती महिलाहरुसमेत घाइते भएका थिए ।

MST ले सरकारद्वारा भूमिसुधारको नीति लागू नगरिएकोमा मे दिवसको पर्सिपल्टदेखि नै देशव्यापी आन्दोलन थालेको थियो । त्यसले कृषिका लागि ऋणको सुलभता र विभिन्न शिविरहरुमा तथा सडकका किनारमा बसोबास गरिरहेका एक लाख खेतीहर मजदूरहरुका लागि स्थायी आवासको माग गर्दै आइरहेको छ ।

आन्दोलनको क्रममा ब्रासिलामा ३०० जना खेतीहर मजदूरहरुले कृषि विकास मन्त्रालयको राष्ट्रिय आवास तथा खेती सुधार संस्थानका कार्यालयहरुमाथि कब्जा जमाएका थिए । देशका अन्य भागमा आन्दोलनकारीहरुले अर्थ मन्त्रालयका कार्यालयहरुलाई विशेष निशाना साधेका थिए । MST का अनुसार अर्थ मन्त्रालयका नीतिहरुले नै कृषि सुधार र खेतीको विकासको बाटोमा छेकबार लगाउने काम गरिरहेका छन् ।

ब्राजिलको विशाल शहर साओ पाउलोमा रहेको अर्थ मन्त्रालयको मुख्यालयभित्र घुस्ने प्रयत्न गरेका ५०० जना खेतीहर मजदूर र प्रहरीबीच भएको भिडन्तमा १५ जनालाई गिरफ्तार गरिएको थियो । तर आन्दोलनकारीहरुले देशका १७ वटा प्रान्तीय राजधानीमा रहेका सरकारी कार्यालयहरुमाथि कब्जा जमाउने र त्यसलाई बन्द गर्ने कार्यमा सफलता प्राप्त गरेका थिए । रियो द जेनेरियोमा आन्दोलनकारीहरुले राष्ट्रिय आर्थिक र सामाजिक विकास बैंकलाई निशाना बनाएका थिए । रेसिफमा प्रहरीद्वारा घेरिएको सरकारी कार्यालयमाथि १ हजारभन्दा बेसी आन्दोलकारीहरुले कब्जा गरेका थिए ।

यहाँ उल्लेखनीय कुरो के हो भने MST त्यस्तो लडाकु मजदूर संगठन हो, जसले खेतीहर मजदूरहरुको चेतना र संघर्षलाई बुलन्द दिइरहेको छ । यस संगठनले खेतीयोग्य जमिन कब्जा गर्ने, बाँचनयोग्य ज्याला प्राप्त गर्ने र सरकारलाई भूमिसुधारको लागि दवाब दिने कार्य गर्दै आफ्नै पहलमा पनि संघर्षमार्फत् भूमिसुधार गर्दै आइरहेको छ । विश्वभरिका लडाकू मजदूर संगठनहरुमध्ये अग्रणी स्थानमा रहेको यस संगठन ब्राजिलमा अति नै लडाकू, व्यवस्थित र प्रभावशाली मजदूर संगठनको रुपमा प्रख्यात र लोकप्रिय छ । ❑

# कांग्रेसमार्फत् नै प्रजातन्त्रलाई समाप्त पार्ने षडयन्त्र भैरहेछ

- का. रोहित

नेकपा माओवादीका गतिविधिहरूमाथि केन्द्रित भएर यस पटक *मूल्यांकन*ले नेपाल मजदूर किसान पार्टीका अध्यक्ष क. नारायणमान विजुक्छे अर्थात् कामरेड रोहितसँग वार्ता गऱ्यो । प्रस्तुत छ, त्यसैको संक्षेप :

*+ डोल्पाको सदरमुकाम दुनैमा नेकपा (माओवादी)ले गरेको आक्रमणपछि उत्पन्न भएको राष्ट्रिय परिस्थितिलाई तपाईंले कसरी हेर्नुभएको छ ?*

- चार/पाँच वर्ष अघिदेखि उनीहरूको जस्तो गतिविधि भइरहेको छ, त्यही घटनाक्रमको सिलसिलामध्ये यो एउटा हो । त्यसभन्दा भिन्न रूपले मैले दुनै र भोर्लेटारको घटनालाई हेरेको छैन ।

*+ तथापि हालका घटनाहरू तपाईंका दृष्टिमा नेकपा (माओवादी)ले भनेजस्तो जनयुद्धको गुणात्मक फड्को हो कि सरकारले भनेजस्तो आतंकवादी काम हो त ?*

-सैद्धान्तिक रूपले अराजकतावादी दृष्टिकोण छ - माओवादी गतिविधिमा । यो कुरा हामीले यस अघि पनि भन्दै आएका छौं । यसमा दोष माओवादीहरूको मात्र होइन । पहिले चौथो महाधिवेशनको बेला र झापा आन्दोलनको बेलादेखिकै सिलसिला हो यो । पुराना नेताहरूको अभिव्यक्ति र कार्यशैली हेर्दा हामी कहिलेकाहीं उनीहरूमा ब्लाङ्कीहरूको, बाडेपहरूको प्रभाव देख्छौं । त्यसबारेमा हामीले शुरूदेखि नै आलोचना गर्दै आएका हौं । माओवादीहरूको गतिविधिलाई आतंकवादी भन्नुभन्दा पनि यो अराजकतावादी दृष्टिकोणबाट प्रेरित छ भन्ने अहिले पनि मलाई लागिरहेको छ । जब कि झापा आन्दोलन चाहिं नरोदवादी ढंगले गएको हो । त्यसमा पनि बाकुनिनहरूकै प्रभाव थियो र त्यो पनि अराजकतावादी दृष्टिकोण नै थियो ।

*+तपाईंको विचारमा घटनाक्रमहरूले माओवादी जनयुद्धको कस्तो भविष्यतिर संकेत गरेका छन् ?*

- यसलाई सैद्धान्तिक रूपले नै हेर्नुपर्छ । जनता पूर्ण रूपले सचेत नभएसम्म, संगठन र सचेतताको राम्रो बन्दोबस्त नभएसम्म यस्तो खाले आन्दोलन समयमा टुङ्गोमा पुग्न गाह्रो हुन्छ ।

*+ माओवादी 'जनयुद्ध'ले टेक अफ गरिसक्यो तर यसले ल्याण्डिङ्ग गर्ने ठाउँ चाहिँ पाउने छैन भनेर कतिपयले टिप्पणी गरेका छन् । तपाईं के भन्नुहुन्छ ?*

- मैले त्यसरी हेरेको छैन । जनयुद्ध पछि गएर के होला भन्ने कुरा माओवादीहरूकै स्ट्रेटेजीमा निर्भर गर्छ । 'जनयुद्ध'को परिणाम छिट्टै आउँछ भन्ने मलाई लाग्दैन । उदाहरणको निम्ति बर्माको उत्तरी भेगमा थाकिन्वा थिन थिनहरूले दोस्रो विश्वयुद्धदेखिनै एउटा इलाका नै लिएर बसेका थिए । तर त्यहाँ केही भएन । अहिले त थाकिन्वा थिन थिन नै बितिसकेका छन् । त्यस्तै, मलेशिया, थाइल्याण्ड आदि ठाउँहरूमा सशस्त्र संघर्ष भएको थियो । आफ्नो देशको परिस्थितिको साथै छिमेकी देशहरूको परिस्थिति क्रान्तिको अनुकूल नभएसम्म त गाह्रो हुँदोरहेछ । उदाहरणको निम्ति स्पेनको गृहयुद्ध हेरौं । त्यो गृहयुद्ध स्पेनका जनताको व्यापक समर्थन भएको गृहयुद्ध थियो । तर त्यसलाई मद्दत गर्ने कुनै वाह्य शक्ति नहुँदा विना उपलब्धि त्यो समाप्त भयो ।

*+ नेकपा माओवादीले चलाएको जनयुद्धमा चाहिँ जनताको समर्थन कत्तिको छ होला ?*

- त्यो एउटा विवादकै विषय छ । कुनै ठाउँमा माओवादीहरूलाई जनसमर्थन छ भनिन्छ भने कुनै ठाउँमा छैन पनि भनिन्छ । जहाँ उनीहरूको संगठन छ, त्यहाँ जनताको समर्थन् होला र संगठन नभएको ठाउँमा नहोला ।

*+ आम रूपमा जन-समर्थनमा आधारित जनयुद्ध भन्न सकिन्छ कि सकिंदैन ?*

- जहाँसम्म कालिकोट, दैलेख र जुम्लाको कुरा छ, त्यहाँ निष्पक्ष रूपले चुनाव गरियो भने अहिले पनि हामी जित्छौं । अहिले जसजसले जितेका छन् तिनीहरू कसैले पनि जित्दैनन् । उनीहरूले पैसाले पेलेर, अनेक गरेर जितेको देखाएका छन् । त्यसरी नै माओवादीहरूले त्यो ठाउँलाई पनि कब्जा गरेका छन् । तर हामीहरू के भन्छौं भने त्यो ठाउँमा हामी नै बलिया छौं ।

*+ तपाईंहरू बलियो भए माओवादीहरूले कसरी कब्जा गरे त ?*

- जसरी अरूले पैसाको आधारमा चुनाव जित्छन्, त्यसरी नै माओवादीहरूले बन्दूकको आधारमा कब्जा गरेका छन् ।



*+ माओवादीहरूसँग प्रतिकार गर्न बन्दूक त तपाईंहरूले बोक्दा पनि त हुन्थ्यो नि भन्ने तर्क गर्न पनि सकिन्थ्यो नि !*

- हामी त्यो उपाय अपनाउँदैनौं । किनभने त्यसो गर्दा दुवै पक्ष नराम्रोसित पराजित हुन्छन् । त्यसले कुनै एउटा टुङ्गोमा पुऱ्याउँछ जस्तो मलाई लाग्दैन ।

*+ बल प्रयोग गरेरै माओवादी जनयुद्ध नियन्त्रण गर्ने सरकारी सोचाईअनुरूप अहिले माओवादीहरूविरूद्ध सेना परिचालन गर्ने कुरा आएको छ । यसबारे तपाईं के भन्नुहुन्छ ?*

- त्यसो भएमा सरकार झन् फस्छ । आफूलाई प्रजातन्त्रवादी भन्ने नेपाली कांग्रेसमार्फत् नै नेपालमा प्रजातन्त्रलाई समाप्त पार्ने एउटा षडयन्त्र कहींबाट भइरहेको छ भन्ने मलाई लाग्छ । हिन्दुस्तानलाई पनि नेपालको संसदको बहुमतलाई चित्त बुझाइरहनुभन्दा एकजना व्यक्तिलाई चित्त बुझाउनु जाती हुन्छ । त्यसकारण यो भारतीय योजना त होइन भनेर शंका गर्ने ठाउँ नभएको पनि होइन हिन्दुस्तान नेपालमा प्रजातन्त्र चाहन्छ भन्ने कुरा होइन । नेपालमा सरकारलाई कमजोर पार्ने, नदीनालालाई जसरी लियो, त्यसरी नै नेपालको सुरक्षालाई पनि आफ्नो सुरक्षाछाताभित्र राख्ने उसको उद्देश्य भएकोले धमिलो पानीमा माछा मार्ने कुराजस्तै नेपालमा उसले आफ्नो निम्ति सैनिक शासन ल्याउन पनि खोज्छ ।

*+ अहिले सेना परिचालन गर्नु भनेको सैनिक शासन निम्त्याउनु हो र ?*

- रेलको पटरी बिछ्याइदिएपछि रेल त त्यही बाटो हिंड्छ नि । फेरि सेना भनेको साधारण कर्मचारीजस्तै यताबाट आऊ र उताबाट जाऊ भन्नासाथ मान्दैन । उसको आफ्नै एउटा नियम हुन्छ । सेनालाई चलाउन जानेन भने त्यसले जसले चलायो त्यसैलाई खाइदिन्छ । अहिले सेना परिचालन गर्नुहुन्छ भन्ने पक्षमा हामी छैनौं । त्यसो गर्नु ठूलो गल्ती हुनेछ ।

*+ माओवादी समस्यालाई राजनीतिक रूपले हल गर्ने भन्ने कुरालाई मूर्त रूपमा तपाईं कसरी व्यक्त गर्नु हुन्छ ?*

- पूरा गर्न सकिने जति उनीहरूका मागहरूलाई तत्काल नै पूरा गर्नुपर्छ । त्यसको लागि वार्ता शुरू गरिहाल्नु पर्दछ ।

*+ गणतन्त्रको माग त यो सरकारले पूरा गर्न सक्दैन नि ?*

- सिद्धान्ततः सबै कम्युनिष्टहरू गणतन्त्रवादी नै हुन् । तर त्यहाँसम्म तत्काल जानुपर्छ भन्ने छैन । फेरि, हामीले बारबार भनेका छौं - अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा साम्राज्यवादविरोधी संघर्षमा राजा र राजकुमारहरूसँग पनि संयुक्त मोर्चा हुनुपर्छ र भएका छन् । यसको उदाहरण कम्बोडिया र लाओस नै हो । त्यसैले नेपालमा अहिले भारत हाम्रो निम्ति एउटा धम्की भएसम्म राजतन्त्रको विकल्प छैन । त्यही आशयको कुरा डा. बाबुराम भट्टराईको एउटा लेखमा पनि आईसकेको छ ।

*+ माओवादी र सरकारबीच वार्ता हुन नसक्नुमा दोषी को हो ?*

- सरकार नै दोषी हो । सरकार किन दोषी हो भने, नेकपा माओवादीले वार्ताका निम्ति मानिसहरू पनि तोकिसकेको थियो, उनीहरूलाई सरकारले बोलाउनु पथ्र्यो, तर बोलाएन । ❑

**साम्राज्यवादविरोधी संघर्षमा राजा र राजकुमारहरूसँग पनि संयुक्त मोर्चा हुनुपर्छ**



# भारतः
# विजुलीको भाउ वृद्धिविरूद्ध संयुक्त वाम-आन्दोलन



*आन्ध्र सरकारद्वारा मारिएका एक वाम कार्यकर्ता*

भारतको आन्ध्र प्रदेश राज्यमा विगत चार महिना अगाडिदेखि विजुलीको भाउ वृद्धिका विरूद्ध चलिरहेको संयुक्त वाम आन्दोलनले नयाँ चरणमा पाइला हालेको छ । यस आन्दोलन भाकपा (माले) लिबरेशन, एस यू सी आई, भाकपा, भाकपा (मार्क्सवादी), भाकपा (माले) - न्यू डेमोक्रेसी, भाकपा (माले) यूनिटी इनिशिएटिभ, भाकपा (माले) - जनशक्ति, एम सी पी आई र भाकपा (माले कमिटी)ले गरिरहेका छन् भने कांग्रेस (आई) को पनि त्यसमा सहभागिता देखिन्छ ।

तेलगुदेशम् पार्टीका नेता चन्द्रबाबु नायडूको राज्य सरकारले आकाश छुने गरी विजुलीको भाउमा वृद्धि गरेपछि नौवटा वामपन्थी पार्टीहरूले चार महिना अगाडि यसविरूद्ध जनआन्दोलनको शुरूवात गरेका थिए । जन जागरण र जनपरिचालन जस्तो शुरूवातको स्तरमा नौ वामपार्टीका नेता-कार्यकर्ताहरूको अगुवाइमा स्थानीय जनताले विजुली कर्पोरेशनका हाकिमहरूदेखि लिएर मन्त्री र विधायकहरूलाई घेराउ गरेका थिए । जनआक्रोशको ज्वार बढ्दै जाने क्रममा स्वयं मुख्यमन्त्री चन्द्रबाबु नायडूलाई समेत सफलतापूर्वक घेराउ गरिँदा तथा महिलाहरूद्वारा कालो

**राज्यव्यापी रुपमा सभा-सम्मेलन र आमसभाहरु गरी जनतालाई विजुलीको महशूल नबुझाउन अपील गर्न थालिएको छ ।**

झण्डा देखाइँदा प्रहरी, तेलगु सेनाका गुण्डाहरू र आमजनताबीच भीडन्त भएको थियो ।

भाद्र १२ गते नौ वामको आह्वानमा 'चलो एसेम्बली' कार्यक्रममा सहभागी हुन हैदरबादमा पसेका हजारौँहजार जनतालाई रेल्वे र बस स्टेशनहरूमै रोक्ने नियतले नायडू सरकारले पटक पटक लाठी चार्ज र अश्रुग्याँस प्रहार गरेको थियो । सरकारी दमनलाई तोडेर एसेम्बलीतिर अगाडि बढेका संघर्षशील जनतामाथि सरकारले विना चेतावनी गोली प्रहार गरी चार जना प्रदर्शनकारीको ज्यान लिएको थियो भने सयौं जनालाई घाइते बनाएको थियो ।


शान्तिपूर्ण धर्नामा बसेका विधायकहरूमाथि समेत लाठी बर्साउन सक्ने नायडू सरकारको बर्बर दमनविरूद्ध भाद्र १३ गते नै 'आन्ध्र बन्द'को कार्यक्रम सफलतापूर्वक आयोजना गरिएको थियो । ५० प्रतिशतभन्दा बेसी भाउ वृद्धिका कारण आच्छुआच्छु भएका आन्ध्र प्रदेशवासीहरूको दह्रो समर्थन, सहयोग र क्रियाशील सहभागिताको परिणामस्वरूप बन्द लगायत अन्य संघर्षका कार्यक्रमहरू निकै सफलतापूर्वक संचालन भइरहेका छन् ।

गोलीकाण्डपछि आन्ध्रप्रदेशमा चलिरहेको नौ वामको थप संघर्षले दिल्लीसम्मलाई असर गर्न थालेको छ भने यसले आन्ध्र प्रदेशभित्र गहिराइ र विस्तार पनि पाउन थालेको छ । दिल्लीमा विरोध प्रदर्शन गर्ने, राज्यपाललाई मागपत्र प्रस्तुत गरेर हत्याकाण्डको छानवीन र दोषीमाथि कारवाहीको लागि दवाव दिने, सिंगो राज्यभरि सप्ताहव्यापी विरोध सप्ताह मनाउने, ठाउँ-ठाउँमा मौन जुलुस निकाल्ने कार्यमा नौ वामपार्टीका नेता-कार्यकर्ताहरू क्रियाशील भइरहेका छन् । अर्कोतिर बौद्धिक, मानवअधिकारवादीहरू, पत्रकारहरूको संगठनको परिचालनपछि राज्यव्यापी रूपमा सभा-सम्मेलन र आमसभाहरू गरी जनतालाई विजुलीको महशूल नबुझाउन अपील गर्न थालिएको छ । यसको लागि जनस्तरमा गठित जन-समितिहरूले गान्धीको शैलीमा असहयोग आन्दोलन गर्ने र सरकारी अधिकारी एवं प्रहरीहरूको दमनको प्रतिरोध गर्ने अभियान चलाउन शुरू गरिएको छ । त्यसको परिणामस्वरूप राज्यव्यापी रूपमा एक घण्टा बत्ती निभाएर आन्ध्रप्रदेशवासीहरूले विजुलीको भाउ वृद्धिविरोधी नौ वामको संघर्षलाई प्रोत्साहित गर्न थालेका छन् ।

जन सहभागिता र नेतृत्वको संघर्षशीलता एवं कुशलताको परिणामस्वरूप चार महिना लामो यो जनआन्दोलनले सफलता पाउने संकेत प्राप्त हुनथालेको छ । ❑

# मंगल ग्रहमा पानी !

## त्यहाँ जीवनको अस्तित्व रहन सक्ने बलियो सम्भावना !



गएको जून महिनामा बैज्ञानिकहरूले मंगलग्रहको सतहमा धेरै निकट अतीतमा पानी रहेको प्रमाण फेलापारेका छन् । उनीहरूले प्राप्त तथ्यहरूको आधारमा के पनि भनेका छन् भने मंगल ग्रहमा अहिले नै पनि जमिनमुनि पानी रहेको हुनसक्छ । अहिले फेला पारिएका तथ्यहरू त्यसो भन्नलाई बलिया आधार बनेका छन् ।

यसबाट अहिलेसम्म बैज्ञानिकहरूले मंगलग्रहमा जीवनको अस्तित्वको सम्भावनालाई लिएर जुन खोज अनुसन्धान गर्दै आइरहेका छन् त्यसले चाँडै नै सफलता हासिल गर्ने सम्भावना बढेको छ । किनभने, पानी जीवनको लागि चाहिने प्रमुख प्राथमिक बस्तु हो । बैज्ञानिकहरूका अनुसार पृथ्वीमा अरबौं वर्ष पहिले पानीबाट नै जीवनको शुरूवात भएको थियो ।

मंगलग्रहको सतहमा कुनै एक समय त पानी बग्थ्यो भन्ने तथ्य कुनै नौलो कुरो होइन । सन् १९७० मा 'मेरिनर-९' नामक अन्तरिक्षयानले पठाएका फोटोहरूको अध्ययनबाट बैज्ञानिकहरूले त्यतिखेर नै मंगलग्रहको सतहमा कुनै समय पानी बग्थ्यो भनेका थिए । 'मेरिनर-९' अन्तरिक्षयानले पठाएका फोटाहरूमा स्पष्ट रूपले नदीको छाप तथा बाढीले बनाएका मैदानहरू देख्न सकिन्थ्यो । त्यस्तै गरी मंगलग्रहको सतहमा सन् १९७६ मा उतारेको अन्तरिक्षयान 'भाइकिङ्ग' र सन् १९९७ मा उतारेको 'पाथ फाइन्डर'ले पठाएका फोटो तथा सूचनाहरूको आधारमा पनि बैज्ञानिकहरूले त्यहाँ एक समय पानी बग्थ्यो भनेका थिए ।

त्यसो हो भने अहिले बैज्ञानिकहरूले नयाँ के कुरा पत्ता लगाएका छन् त ?

बैज्ञानिकहरूले अहिले फेलापारेको नयाँ तथ्य के हो भने यसअघिसम्म जति तथ्यहरू फेलापारे ती सबैले धेरै समय पहिले अर्थात् तीनदेखि चार अरब वर्ष पहिले मंगलग्रहको सतहमा पानी बग्थ्यो भन्ने आधार दिएका थिए । तर हालसालै अहिले अमेरिकाको सान्टियागोस्थित 'मलिन अन्तरिक्ष विज्ञान प्रणाली'का दुई बैज्ञानिकहरू डा. माइकेल मलिन र डा. केनेथ इजेट ले फेलापारेका तथ्यहरूले केही लाख वर्ष पहिले अर्थात् केही समय पहिलेसम्म पनि मंगलग्रहको सतहमा पानी बग्थ्यो भन्ने प्रमाण दिएका छन् । अहिले विश्वलाई चकित तथा उत्साहित तुल्याएको कुरा यही हो ।

मंगलग्रहमा खोज अनुसन्धान भन्नु नै त्यहाँभित्र पानीको खोज हो । डा. मलिन र डा. इजेटले विगत अढाई वर्षदेखि आफूहरूले नै निर्माण गरी पठाएको र अहिले मंगल ग्रहलाई परिक्रमा गरिरहेको क्यामेराले पठाएका मंगलग्रहका विभिन्न फोटाहरू अध्ययन गरिरहेका थिए । अहिलेसम्म उनीहरूले ६५ हजार विभिन्न फोटाहरू प्राप्त गरिसकेका छन् । ती फोटाहरूले मंगलग्रहको सतहको दुई मिटर लामो क्षेत्रसमेतको चित्र देखाएका छन् । अध्ययनबाट डा. मलिन र डा. इजेटले ती हजारौं फोटाहरूमध्येबाट जम्मा १२० वटा फोटाहरूले १२० क्षेत्रको जमिनभित्र भित्रबाट पानीले भिजेको र सतहमा भर्खरै बगेको पानीले छोडेका छापहरू प्रष्ट रूपमा देखिएको बताएका छन् ।

डा. मलिन र डा. इजेटका अनुसार मंगललाई परिक्रमा गरिरहेको क्यामेराले पठाएका १२० वटा फोटोहरूको अध्ययनबाट मंगलको सतहमा पानीले भिरालो जमिनमा बनाएका गल्छीहरू, खाल्डाहरू र उपत्यकाहरू प्रष्ट रूपले देखिन्छन् । तिनीहरू पृथ्वीको सतहमा देखिएका जस्तै छन् । केही ठाउँमा खोलाको कारणले पैह्रो गएको दृश्य पनि देखिएको छ । बैज्ञानिकहरूका अनुसार मंगल सतहमा अहिले भर्खर देखिएका पानीले बनाएका गल्छीहरू, खाल्डाहरू, उपत्यकाहरू र पैह्रोहरू केही लाख वर्षभन्दा बढी पुराना होइनन् । डा. मलिन भन्छन्- "तिनीहरूमध्ये केही यति धेरै नजिकका हुन् जुन भर्खर हिजोमात्र बनेका हुन् भन्ने कुरालाई नकार्न सकिन्न ।"

यी तथ्यहरूले मंगलग्रहमा अरबौं वर्ष पहिले पानी बग्थ्यो भन्ने पहिलेको ठम्याइलाई गलत साबित गरेका छन् । अहिले फेलापरेका तथ्यहरूको आधारमा बैज्ञानिकहरू के अनुमानमा पुगेका छन् भने मंगलग्रहमा अहिले पनि सतहमुनि पानी रहेको हुन सक्छ र बेला बेलामा त्यो तलबाट सतहमाथि चढ्ने गरेको हुनसक्छ । तर यी निश्कर्षहरूले केही गम्भीर प्रश्नहरू भने अवश्य नै उब्जाएका छन् ।

मंगलग्रहको सतहको तापक्रम अत्यन्त कम छ । अर्थात् त्यहाँ सतहको सरदर तापक्रम -१४०° से. रहेको छ । भूमध्यरेखीय उष्ण क्षेत्रमा त्यो बढेर २०° से. सम्ममात्र पुग्नसक्छ । अर्को कुरो मंगलग्रहको वायुमण्डल अत्यन्त पातलो छ । यसले गर्दा त्यहाँ हावाको चाप अत्यन्त कम छ । यिनै कारणले गर्दा त्यहाँ यदि जमिनमुनिबाट सतहमा पानी चढी नै हाले पनि सतहमा आइ नपुग्दै कि त त्यो तत्कालै बरफमा परिणत हुनेछ कि त्यो बाफ भएर हावामा बिलाउने छ । यस्तो अवस्थामा त्यहाँ जमीनको सतहमा कसरी तरल पानी बग्नसक्छ ?

**मंगलग्रहमा अहिले पनि सतहमुनि पानी रहेको हुन सक्छ र बेला बेलामा त्यो तलबाट सतहमाथि चढ्ने गरेको हुनसक्छ**

तर डा. मलिन र डा. इजेटले देखाएका मंगलका फोटाहरूले दिएका आधारहरूलाई पनि नकार्न धेरै गाह्रो छ । त्यसैले बैज्ञानिकहरूले अहिले मंगल सतहमा तरल पानी बग्नसक्ने एउटा सम्भावनाको परिकल्पनालाई अगाडि ल्याएका छन् । उनीहरूका अनुसार मंगल सतहमा देखिने ज्वालामुखी अथवा भू-ताप गतिविधिका कारणबाट जमिनमुनिबाट सतहमा चढेको पानीलाई सतहमा बग्नको निम्ति तरल अबस्थामै रहिरहन आवश्यक तापक्रम प्राप्त भएको हुनसक्छ । तर यसमा पनि केही अनुत्तरित प्रश्नहरू अझै बाँकी रहेका छन् । किनकि अहिले जति पनि पानीको बगाइबाट बनेको भनिएका गल्छीहरू छन् तिनीहरूमध्ये धेरै थोरैमात्र ज्वालामुखी क्षेत्रमा पाइएका छन् । अहिले भेटिएका धेरै गल्छीहरू मंगलग्रहको दक्षिणी गोलार्द्धको उच्च अक्षांशका क्षेत्रहरूमा छन् । ती क्षेत्रहरू भनेको ध्रुवीय भिरालोमा परेको कारणले अत्यन्त कममात्र घाम लाग्ने अति चिसा ठाउँहरू हुन् । मंगलग्रहको भू-मध्यरेखीय उष्ण क्षेत्रहरूमा पानीले बनाएका गल्छीहरू देखिएका छैनन् ।

अत्यन्त चिसो र न्यून वायुमण्डलीय चापमा पनि मंगलको सतहमा तरल पानी बग्न सक्नुको कारणमा अर्को एउटा पनि परिकल्पना गरिएको छ । अझै त्यति स्पष्ट व्याख्या हुन नसकेको यस परिकल्पना अनुसार मंगलको सतहमा अन्यत्रबाट आएका लवणहरूसँग पानी घोलिन्छ र त्यसले त्यसको जम्ने बिन्दुलाई धेरै तल झार्दछ । यसरी धेरै कम ताप र चापमा पनि पानी जम्न पाउँदैन ।

अमेरिकी अन्तरिक्ष अनुसन्धान संस्था नासा (NASA) ले सन् २००१ मा एक मानवरहित अन्तरिक्षयान मंगलग्रहमा पठाउँदैछ । त्यस्तै सन् २००३ मा यूरोपीय अन्तरिक्ष संस्थाले पनि त्यहाँ मानवरहित अन्तरिक्षयान पठाउँदैछ । अमेरिकाले सन् २००७ मा मानिसलाई पहिलोपटक मंगल सतहमा उतार्ने योजना बनाउँदैछ ।

त्यसैले डा. मलिन र डा. इजेटको गत जून २२ तारिखमा विश्व चर्चित विज्ञान पत्रिका 'साइन्स' (Science) मा प्रकाशित 'मंगल सतहमा पानीको संकेत'को समाचारलाई अहिले विश्वले जुन उत्साह र उमंगका साथ चर्चामा ल्याएको छ त्यसको आगामी सात वर्ष भित्रमा पूर्णरूपमा या धेरै हदसम्म पुष्टि हुने नै छ ।

मंगलग्रहमा अहिले पनि पानी छ भन्नुको अर्थ त्यहाँ जीवनको अस्तित्वको संकेत हो । यदि यो कुरो पुष्टि हुन्छ भने बैज्ञानिक जगतले मात्र होइन सम्पूर्ण मानव समाजले नै अर्को युगमा प्रवेश गर्नेछ ।

❑ तुल्सीदास महर्जन

# सिड्नी ओलम्पिक र त्यस पछाडि रहेको अर्थ-राजनीति

– दीपक वैद्य –

नयाँ सहस्राब्दीको पहिलो ग्रीष्मकालीन ओलम्पिक अष्ट्रेलियाको प्रशिद्ध शहर सिड्नीमा भदौ ३० गते शुरू भएर असोज १५ गते सम्पन्न भएको छ । २८ वटा खेलको ३०० वटा पदक प्रतिस्पर्धाका लागि २०० देशका दश हजार तीन सय खेलाडीले भाग लिएको यो सत्ताइसौं ओलम्पिक अहिलेसम्मको विश्वकै इतिहासमा सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता ठहरिएको छ ।

यो ओलम्पिकमा सबैभन्दा ज्यादा ९७ वटा पदकहरू जितेर अमेरिका यस पटकको ओलम्पिक प्रतियोगितामा पनि पहिलो स्थानमा आउने विजेता राष्ट्र हुनपुगेको छ । उसले ३९ वटा स्वर्ण, २५ रजत र ३३ वटा कांस्य पदक हात पारेको छ । तर एटलाण्टा ओलम्पिक-१९९६ सित तुलना गर्ने हो भने चाहिं यो झन् खुम्चिन पुगेको छ । उसले त्यतिखेर ४४ स्वर्ण, ३२ रजत र २५ कांस्य गरी जम्मा १०१ पदकहरू गुट्मुट्याएको थियो । यस हिसावले उसको स्वर्णपदक ५ वटा घटेको छ भने रजतपदक ७ वटा; बढेको खालि कांस्यपदक मात्रै छ ।

दोस्रो स्थानमा आएको छ - रूस, जो यस अघिको ओलम्पिकमा तेस्रो स्थानमा थियो । पहिलेको दोस्रो पदक विजेता जर्मनी भने अहिले निकै घचेटिएर पाँचौं स्थानमा झरेको छ । रूसले यसपटक पहिलेभन्दा निकै प्रगति गरेको देखिएको छ । पहिले २६ स्वर्णपदक हात पारेको रूसले अहिले ३२ स्वर्ण प्राप्त गरेको छ, पहिले रजत २१ थियो भने उसले अहिले २८ रजत मुठ्याएको छ र त्यत्तिकै कांस्यपदक पनि, जब कि यस अघि उसले १६ वटा कांस्य मात्रै हात पारेको थियो ।

सिड्नी ओलम्पिकको पदकको चार्ट नियालेर हेर्ने हो, भने सोभियत संघ टुक्रेकाले मात्र अमेरिकालाई पहिलो विजेता हुने भाग्योदय चिट्ठा परेको प्रष्टै देखिन्छ । अहिले पनि पूर्व सोभियत संघका मुलुकहरूको कूल पदक जोड्दा यस्तो चित्र देखिन्छ :

**सिड्नी ओलम्पिक -२००० मा**

*पूर्व सोभियत संघका मुलुकहरूको कुल पदक*

| स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|
| ४८ | ४८ | ६७ | १६३ |


*अमेरिकाको कुल पदक*

| स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|
| ३९ | २५ | ३३ | ९७ |

यो चार्टले के देखाएको छ भने अमेरिकाको कुल पदकभन्दा पूर्व सोभियत संघका मुलुकहरूको कुल पदक ६८ प्रतिशतले ज्यादा छ । स्वर्णपदक करीब एक चौथाइ ज्यादा छ, रजत झण्डै दोब्बर ज्याद्रा छ, कांस्य दोब्बरभन्दा पनि ज्यादा छ । यसको तात्पर्य के हो भने सन् १९९२ को बार्सिलोना ओलम्पिकमा झैं पूर्व सोभियत संघका मुलुकहरू 'स्वतन्त्र राज्यहरूको महासंघ CIS' छातामुनि संयुक्त भएर ओलम्पिकमा भाग लिएको भए अमेरिका पहिलो हुने कुनै संभावना नै थिएन ।

यो पटक तेस्रो स्थानमा आएको छ - चीन, जो एटलाण्टा ओलम्पिकमा चौथो स्थानमा थियो । चीनले यसपटकको ओलम्पिक प्रतिस्पर्धामा पहिलेभन्दा निकै प्रगति गरेको देखिएको छ । पहिले १६ स्वर्ण ल्याएको चीनले यसपटक त्योभन्दा तीन चौथाइ ज्यादा, अर्थात् २८ स्वर्णपदक हात पारेको छ । र, कुल पदक पहिले ५० थियो भने अहिले ५९ पुऱ्याएको छ । ओलम्पिक खेलकूदमा भाग लिएयता चीनले यसपटक आफ्नो इतिहासमा सबैभन्दा ज्यादा पदक हात पारेको छ । ऊ खेलकूदमा विश्वकै तीन महाशक्तिमध्ये एक हुन पुगेको छ ।


आयोजक राष्ट्र अष्ट्रेलियाले पनि यो पटकको ओलम्पिकमा काफी प्रगति गरेको देखिएको छ । सन् १९९६ को ओलम्पिकमा पदक तालिकामा पाँचौं स्थान ल्याएको अष्ट्रेलिया यसपटक चौथो भएको छ । पहिले केवल ४१ पदक हासिल गरेको अष्ट्रेलियाले यस पटक ५९ पदक ल्याएर यूरोपेली खेलकूद महाशक्ति जर्मनीलाई समेत मुन्तिर पारिदिएको छ ।



यसपालिको ओलम्पिकमा ठूलो धक्का जर्मनीले खानुपरेको छ । पहिलेको ओलम्पिकमा अरू सबैलाई उछिनेर विश्व खेलकूदमा केवल अमेरिकाभन्दा मात्र पछि हुन पुगेको जर्मनी यसपटक सुलुत्तै चिप्लिएर

**खेल विकासको लागि किन समाजवाद श्रेष्ठ छ ?**

## भारतले मुक्तिको ५३ वर्षपछि पनि ओलम्पिकमा केवल एउटा रजत वा कांस्य पदकमा चित्त बुझाउनु परेको दर्दनाक स्थिति छ, जब कि पछौटे चीनचाहिँ मुक्तिको ५० वर्षमै विश्वको तीन खेलकूद महाशक्तिमध्ये एक भईसक्यो ।




*अष्ट्रेलियन पौडीबाजहरू ४X२०० मि. फ्रिस्टाइल प्रतियोगिता क्रममा : के यी खेलाडीहरू ओलम्पिक खेलको अर्थराजनीति बुझ्न सक्षम होलान् ?*

चौथो विजेता - अष्ट्रेलियाभन्दा पनि पछि हुन पुगेको छ । उसको स्वर्णपदक संख्या पहिलेको २० बाट झण्डै एक चौथाइ नै घटेर १४ भएको छ र कुल पदक संख्या ६५ बाट खुम्चिएर ५७ हुन पुगेको छ ।

फ्रान्स र इटाली पहिलेजस्तै अहिले पनि छैठौं र सातौं स्थान र लगभग उति उति नै पदक हात पार्न सफल देखिएका छन् । पहिलेभन्दा छलांग हान्ने ढंगले प्रगति सोसल डेमोक्रेटीक मुलुक नेदरलैण्डले गरेको पाइएको छ । पहिलेको चौधौं स्थानबाट ऊ अहिले स्वाट्टै आठौं स्थानमा उक्लेको छ । उसले पहिलेको चारवटा स्वर्णको तुलनामा यसपटक त्योभन्दा तीन दोब्बर बेसी अर्थात् - १२ स्वर्ण हासिल गरेको छ । रजत पनि झण्डै दुई गुणा बढाएर ५ बाट ९ पुऱ्याएको छ ।

पहिलेको ओलम्पिकमा जस्तै यसपालि पनि जनसंख्याको हिसावले नेपालभन्दा पनि आधा सानो मुलुक समाजवादी क्यूवाले ओलम्पिक प्रतिस्पर्धामा विश्वमै तहल्का मच्चाएको छ । केवल ४० वर्षअघि समाजवादी बाटो रोजेर क्रान्ति संपन्न गरेको पछौटे फुच्चे राष्ट्र क्यूवाले ४०० वर्ष अघिदेखि पूँजीवाद अभ्यास गरिरहेको विश्व आर्थिक महाशक्ति बेलायत र विश्वकै दोस्रो आर्थिक महाशक्ति जापानलाई समेत सिड्नी ओलम्पिकमा पछि पार्नु निकै आश्चर्यजनक उपलब्धि भन्नुपर्छ । क्यूवा यो ओलम्पिकमा २९ पदक हात पारेर नवौं स्थानमा आएको छ, जब कि बेलायत दशौं स्थानमा र जापान पन्ध्रौं स्थानमा । एटलाण्टा ओलम्पिकमा ९ वटा स्वर्ण, ८ वटा रजत र ८ वटै कांस्यपदक जितेको क्यूबाले यसपटक त्योभन्दा थप प्रगति गरेर ११ स्वर्ण, ११ रजत र ७ वटा कांस्यपदक हात पारेको छ ।

जापान, बेलायत, क्यानाडा, स्विट्जरलैण्ड, स्पेन, डेनमार्क, फिनलैण्ड, अष्ट्रियाजस्ता सबै विश्वका अति विकसित पूँजीवादी मुलुकहरू विश्व खेलकूद प्रतिस्पर्धामा विकासोन्मुख सानो समाजवादी मुलुक क्यूवाभन्दा निकैपछि परेका छन् । यसअघि १९ सौं स्थानमा रहेको बेलायतले यसपटक दशौं स्थान ल्याएर पहिलेभन्दा प्रगति त गरेको छ, तथापि औद्योगिक क्रान्ति र पूँजीवादी प्रजातन्त्रको जननी भनिने बेलायतले भर्खरैको समाजवादी फुच्चे क्यूवालाई ओलम्पिकमा भेट्टाउन नसक्नु गजबको विरोधाभाष हो ।

यसरी यो पटकको सिड्नी ओलम्पिकले पनि के सन्देश दिएको छ भने खेलकूद संस्कृतिको विकासमा पूँजीवादभन्दा समाजवाद निकै अग्रगामी र श्रेष्ठ छ । खेलकूद संस्कृतिमा समाजवादको विकासको गति यति तीव्र देखिन्छ कि ४०० वर्षको दौरानमा अति विकसित पूँजीवादी मुलुकले गरेको खेलकूदको प्रगतिलाई केवल ४०-५० वर्षको दौरानमा समाजवादले गरेको प्रगतिले निकै पुड्को बनाईदिन्छ । जहाँ ३०-४० वर्ष एकचोटि समाजवाद अभ्यास भईसकेको छ, त्यो मुलुकमा समाजवाद ढलेपछि पनि त्यसले हालेको मजवूत जगका कारणले खेलकूदमा उसको श्रेष्ठता कायमै रहन्छ । विग्रेको समाजवादी मुलुकसमेत सप्रेको पूँजीवादी मुलुकभन्दा खेलकूदमा धेरै अगाडि हुन्छ ।

उदाहरणको निम्ति चीनलाई लिन सकिन्छ । यो जगजाहेर छ कि चीन भारतभन्दा दुई वर्षपछि मात्र मुक्त भएको मुलुक हो । मुक्त हुँदा भारत औद्योगिक विकासको हिसावले चीनभन्दा अगाडि थियो र ऊसित चीनभन्दा ज्यादा विकासका पूर्वाधारहरू थिए । जनसंख्या पनि दुवैको लगभग हाराहारीमा छ, परन्तु त्यही भारतले मुक्तिको ५३ वर्षपछि पनि ओलम्पिकमा केवल एउटा रजत वा कांस्य पदकमा चित्त बुझाउनु परेको दर्दनाक स्थिति छ, जब कि पछौटे चीनचाहिँ मुक्तिको ५० वर्षमै

# ओलम्पिकको तुलनात्मक पदक तालिका

| सन् १९९६ को एटलाण्टामा | | | | | सन् २००० को सिड्नीमा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| देश | स्वर्ण | रजत | कास्य | कुल | देश | स्वर्ण | रजत | कास्य | कुल |
| १. अमेरिका | ४४ | ३२ | २५ | १०१ | १. अमेरिका | ३९ | २५ | ३३ | ९७ |
| २. जर्मनी | २० | १८ | २७ | ६५ | २. रूस | ३२ | २८ | २८ | ८८ |
| ३ रूस | २६ | २१ | १६ | ६३ | ३. चीन | २८ | १६ | १५ | ५९ |
| ४. चीन | १६ | २२ | १२ | ५० | ४. अष्ट्रेलिया | १६ | २५ | १७ | ५८ |
| ५. अष्ट्रेलिया | ९ | ९ | २३ | ४१ | ५. जर्मनी | १४ | १७ | २६ | ५७ |
| ६. फ्रान्स | १५ | ७ | १५ | ३७ | ६. फ्रान्स | १३ | १४ | ११ | ३८ |
| ७. इटाली | १३ | १० | १२ | ३५ | ७. इटाली | १३ | ८ | १३ | ३४ |
| ८. द. कोरिया | ७ | १५ | ५ | २७ | ८. नेदरलैण्ड | १२ | ९ | ४ | २५ |
| ९. क्यूवा | ९ | ८ | ८ | २५ | ९. क्यूवा | ११ | ११ | ७ | २९ |
| १०. युक्रेन | ९ | २ | १२ | २३ | १०. ब्रिटेन | ११ | १० | ७ | २८ |
| ११. क्यानाडा | ३ | ११ | ८ | २२ | ११. रोमानिया | ११ | ६ | ९ | २६ |
| १२. हंगेरी | ७ | ४ | १० | २१ | १२. द.कोरिया | ८ | ९ | ११ | २८ |
| १३. रोमानिया | ४ | ७ | ९ | २० | १३. हंगेरी | ८ | ६ | ३ | १७ |
| १४. नेदरलैण्ड | ४ | ५ | १० | १९ | १४. पोलैण्ड | ६ | ५ | ३ | १४ |
| १५. पोलैण्ड | ७ | ५ | ५ | १७ | १५. जापान | ५ | ८ | ५ | १८ |
| स्रोत : Facts on File, USA | | | | | स्रोत: Associated Press | | | | |



*सिड्नीमा रसियाका खेलाडीहरू स्वर्णपदक जित्ने अभियानमा*

विश्वको तीन खेलकूद महाशक्तिमध्ये एक भईसक्यो । ऊ बेलायत, फ्रान्स, जर्मनी, इटाली, अष्ट्रेलियाजस्ता अति विकसित पूँजीवादी मुलुकलाई समेत निकै उछिनेर विश्व महाशक्ति अमेरिकाकै काँध काँधसम्म पुगिसक्यो । खेलकूदको प्रगतिमा भारत र चीनबीच, चीन र अरू विकसित पूँजीवादी मुलुकको प्रगतिको गतिवीच यत्रो ठूलो अन्तर किन भयो ?

ठीक त्यस्तै, समाजवादी क्रान्ति भएको केवल ४० वर्ष भएको, अफ क्रान्ति भएदेखि अमेरिकाको कठोर नाकाबन्दी ब्यहोरिरहेको फुच्चे समाजवादी राष्ट्र क्यूबाले के कारणले चालीसै वर्षमा खेलकूदमा ठूलो शक्तिराष्ट्र बेलायतलाई समेत उछिन्यो र जापानलाई समेत धेरै पुड्को सावित गऱ्यो ?

यो पटकको ओलम्पिक पदक तालिकालाई गौड गरेर हेर्ने हो भने विश्वका तीनवटा खेलकूद महाशक्तिमध्ये दुईवटा पूर्व समाजवादी पृष्ठभूमि भएका मुलुक पर्छन्, २५ वटा सबैभन्दा ज्यादा पदक ल्याउने राष्ट्रहरूमा १३ वटा समाजवादी, पूर्व-समाजवादी वा समाजवादी-प्रजातन्त्रवादी राष्ट्रहरू पर्छन् । के कारणले यस्तो भयो त ?

समाजवादले बच्चैदेखि र किण्डरगार्टेनदेखि बालकको प्रतिभा प्रष्फुटन र विकासमा ध्यान दिन्छ । समाजवादमा पूँजीवादमा जस्तो शिक्षा, स्वास्थ्य र खेलकूद व्यक्तिको निजी संपत्तिमा आधारित हुँदैन । त्यो त्यहाँ राज्यको दायित्व र नागरिकको अधिकार अन्तर्गत हुन्छ र त्यसमा राज्यले पर्याप्त मात्रामा लगानी गर्छ । समाजवादमा पूँजीवादमा जस्तो प्रतिभावान खेलाडीले प्रतिभा विकास गर्न र क्षमता प्रदर्शन गर्न कुनै लगानी गरीदिने र स्पोन्सर गर्ने व्यापारिक कंपनी व्यक्तिगत स्तरमा खोजेर हिँड्नु पर्दैन, त्यो सुवर्ण अवसर त्यहाँ सरकारले प्रदान गर्छ । यिनै कारणको कुल जोडले गर्दा छोटो समयमै फुच्चे समाजवादले खेलकूदमा जति विकास गर्छ, त्यति विकसित पूँजीवादले लामो समयमा समेत गर्न सक्दैन । यसपालिको ओलम्पिकमा पनि यसैको परिणाम देखापरेको हो । अन्यथा, विश्व ओलम्पिकमा क्यूबाले बेलायत र जापानलाई समेत जित्ने, पूर्व सोभियत संघले अमेरिकालाई नै जित्ने, चीनले अमेरिका र रूसबाहेक अरू सारा विश्वलाई जित्ने स्थिति यति छिटो, यति तीव्र गतिमा आउँनै सक्दैनथ्यो ।

## *खेलकूद कम, व्यापार ज्यादा*

हामीले जसलाई ओलम्पिक भन्छौं, त्यो आधुनिक पूँजीवादी युगमा आएपछि केवल विशुद्ध खेलकूद प्रतियोगिता मात्र रहेको छैन । त्यो विश्व व्यापारको ठूलो मेला र अवसर समेत हुन पुगेको छ । खेलकूद प्रतियोगितामा खेलकूद कम, व्यापार ज्यादा हुने गरेको छ । आयोजक मुलुकहरू यो कारणले आफ्नो मुलुकमा कुनै पनि किसिमको विश्वस्तरीय वा क्षेत्रीय खेलकूद प्रतियोगिताहरू आयोजना गर्न मरिहत्ते गर्छन् ।

किन कि यसबाट विश्वमा उनीहरूको आर्थिक, राजनीतिक हैसियत बढ्ने मात्र होइन, उनीहरूको आर्थिक वृद्धि र व्यापारमै यसले ठूलो र प्रत्यक्ष टेवा पुऱ्याउँछ । ओलम्पिकको निहुँमा उनीहरू अरबौं डलरको प्रत्यक्ष अप्रत्यक्ष आय आर्जन गर्ने र रोजगारी सिर्जना गर्ने अवसर पाउँछन् र त्यस्ता विकासमा पूर्वाधारहरू समेत तैयार हुन्छन्, जुन अन्यथा संभव नै थिएन ।

प्रशिद्ध पूँजीवादी पत्रिका The Economist का अनुसार दक्षिण कोरियाले १९८८ मा सिउल ओलम्पिक आयोजना गरेर ३१४.४ अरब ओन (अर्थात् ४६ करोड अमेरिकी डलर)को चोखो मुनाफा आर्जन गरेको थियो । त्यो बर्ष उसको आर्थिक वृद्धिदर ह्वात्तै बढेर १२.४ प्रतिशत पुगेको थियो । *(हेर्नुहोस्: The Economist सेप्टेम्बर १६, २००० को अंक, पृष्ठ २७)*

त्यस्तै, सन् १९८४ मा लस् एन्जेसमा आयोजना भएको ओलम्पिकबाट २२.५ करोड अमेरिकी डलर बराबरको अतिरिक्त बचत भएको थियो । ओलम्पिक हेर्नका लागि त्यहाँ आएका लाखौं मानिसहरूको कारणबाट त्यहाँ १.५ अरब डलर बराबरको थप व्यापार भएको थियो । १९९६ मा एटलाण्टामा आयोजना भएको ओलम्पिकबाट यो अमेरिकाकै दोस्रो सबैभन्दा ज्यादा संचार-साधन र तारयुक्त शहरमा परिणत भएको थियो ।

सिड्नीले ७ वर्षअघि आफ्नो भूमिमा ओलम्पिक आयोजना गर्ने स्वीकृति पाएपछि त्यस्तै सपनाहरू बुनेको थियो । अष्ट्रेलियाली ट्रेड कमीशनका अनुसार सिड्नी ओलम्पिकबाट उसको नयाँ निर्यात र लगानीमा एक अरब अष्ट्रेलियन डलरको थप आय हुनेछ । सन् २००६ सम्ममा ६.५ अरब अष्ट्रेलियन डलर बराबरको अतिरिक्त आर्थिक गतिविधि यो ओलम्पिकको कारणले सृजना हुनेछ । यसप्रकार, सिड्नी ओलम्पिक अष्ट्रेलियाको लागि अहिलेसम्मको सबैभन्दा ज्यादा नाफादायक विश्व व्यापार मेलासरह हुनेछ । यो ओलम्पिक आयोजना गर्न अष्ट्रेलियालाई २.३ अरब अष्ट्रेलियन डलर (अर्थात् १.३२ अरब अमेरिकी डलर) खर्च लागेको छ । परन्तु त्योभन्दा निकै ज्यादा आम्दानी उसलाई उपरोक्त अन्य स्रोतहरूबाट प्राप्त हुनेवाला छ ।

त्यति मात्र होइन, टेलिभिजन प्रसारण अधिकारबाट मात्रै आयोजक समितिलाई १.३ अरब अमेरिकी डलरको चोखो आम्दानी भएको छ ।

सिड्नी विमानस्थलदेखि शहरको केन्द्रसम्म जोड्ने अण्डरग्राउण्ड रेल्वे लाइन ओलम्पिककै निहुँमा बनेको छ । ३२ करोड अष्ट्रेलियन डलर खर्च गरेर थुप्रै नयाँ पार्कहरू र फूटपाथहरू बनेका छन् । होमबुशमा ७६० हेक्टर - भासयुक्त काम नलाग्ने जमीनमा अत्याधुनिक र अष्ट्रेलियाको निम्ति अहिलेसम्मका सबैभन्दा ठूलो खेलकूद रंगशाला बनेको छ । आगामी कैयन दशकसम्मको लागि यो अष्ट्रेलियाको निम्ति सर्वसाधन संपन्न मनोरंजन केन्द्र सावित हुनेछ, जुन ओलम्पिककै खर्चमा बनेको छ । ओलम्पिकका लागि भनेर हार्वर र कोण्डीबीच छोडेर लगभग सबै रंगशाला र खेलकूदस्थलहरू नयाँ बनेका छन् । यी सबै अष्ट्रेलियाका निम्ति नयाँ र फेरि प्रयोगयोग्य बहुमूल्य संपत्ति हुनेछन् ।

त्यसमाथि थप, सिड्नीमा रंगशाला र खेलकूदस्थल् निर्माण कार्यका लागि ३१ हजार मान्छेहरूले थप रोजगारी पाएका छन् । ओलम्पिकको दौरानमा अन्य एक लाखले काम भेट्टाएका छन् । सिड्नीमा ओलम्पिक आयोजना हुने निधो सन् १९९३ मा भएपछि त्यहाँको जमीनको मूल्य कैयन् गुणा स्वतः बढेको थियो । त्यस्तै, घर भाडामा चार गुणा वृद्धि भएको छ ।

यसप्रकार, ओलम्पिक खेलकूद केवल खेलकूद नभएर यो एउटा बहुआयामिक र अति नाफादायक व्यापार मेला हुन पुगेको छ । ओलम्पिक प्रतिस्पर्धा कुनै पनि देशले आयोजना गर्न मरिहत्ते गर्नुको पछाडि त्यसभित्र गहिरो अर्थ-राजनीतिक स्वार्थ निहित देखिन्छ ।

सन् १९४८ मा विश्वमा पहिलोपटक वि.वि.सी.ले ओलम्पिकको टेलिभिजन प्रसार अधिकार पाएबापत अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीलाई उसले केवल १००० पाउण्ड रकम तिरेको थियो । तर सन् १९९६ को एटलाण्टा ओलम्पिकमा आइपुग्दा यही अधिकारका निम्ति ८९.५ करोड अमेरिकी डलर चुक्ता गरियो । र, सिड्नी ओलम्पिकका निम्ति १.३ अरब अमेरिक डलर । विश्वमा कुनै पनि मालको भाउ यति छोटो अवधिमा यति ज्यादा बढेको छैन, जति ओलम्पिक खेलको प्रसारणको बढेको छ । र, यसमा फरक पारेको छ - मुख्य रूपमा टेलिभिजनले । ठूला विश्व-व्यापारी, टेलिभिजन, खेलकूद र सिद्धहस्त च्याम्पियन खेलाडी हिरोहरू, यति चारथरिको संयोग भएपछि खेलकूद प्रतियोगिता - खेलकूद कम, व्यापार ज्यादा भएको छ । एथेन्समा सन् २००४ मा हुने अर्को २८ औं ओलम्पिकमा पुग्दा यो अरू ज्यादा परिमार्जित व्यापारमेला हुने निश्चित छ । ❑

◆ अष्ट्रेलिया ◆

# पूँजीपतिहरूको 'आर्थिक ओलम्पिक'विरूद्ध जन-प्रदर्शन

विश्वका जन-निर्वाचित सरकारहरूलाई कठपुतलीझैं नचाएर स्थानीय जनतामाथि महँगी, बेरोजगारी, गरीबी र निजीकरणको बोझ थोपर्न लगाउने विश्व-पूँजीवादविरूद्ध संसारभरि जनसंघर्षहरू चर्किंदै गइरहेका छन् । अमेरिकाको सियाटल र वाशिंगटनदेखि थाइलैण्डको चिङमाई, स्वीट्जरल्याण्डको डाभोस, क्वीटो, जाकार्ता हुँदै भर्खरै अष्ट्रेलियाको मेलबर्न शहरसम्म फैलिँदैगएको विश्व-पूँजीवादविरोधी संघर्ष नयाँ नयाँ रूप-रंग र परिवेशलाई समात्दै अगाडि बढ्न थालेको देखिन्छ ।

अष्ट्रेलियाको सिड्नीमा सन् २००० को ओलम्पिक खेल शुरू हुनुभन्दा ५ दिन अगाडिदेखि त्यहाँको मेलबर्न शहरमा 'विश्व आर्थिक मंच' (World Economic Forum) विरूद्ध विशाल जनप्रदर्शनहरू भएका थिए । 'पूँजीपतिहरूको आर्थिक ओलम्पिक'का रूपमा चर्चित मंचको एसिया-प्रशान्त सम्मेलनविरूद्ध अष्ट्रेलियालगायत विश्वका विभिन्न देशका ५० हजार न्यायप्रेमी जनताले विश्वव्यापी शोषण, उत्पीडन र असमानताको अन्त गर्न र विश्व आर्थिक मंचको राक्षसी अनुहारलाई नङ्ग्याउन विशाल प्रदर्शनको आयोजना गरेका थिए । ओलम्पिक खेलको महोत्सवको मुखैमा ती प्रदर्शनकारीहरूले अष्ट्रेलियाली प्रहरीहरूको निर्मम दमनका बावजूद तीन दिनसम्म पूँजीवादविरोधी लडाकू संघर्ष चलाएका थिए ।







विश्व आर्थिक मंच (WEF) को तीनदिने सम्मेलनको शुरूको दिन भाद्र २६ गते तदनुसार सेप्टेम्बर ११ मा अष्ट्रेलियाका आदिवासी संगठनहरू, मजदूर र विद्यार्थी यूनियनहरू, स्कूल र विश्वविद्यालयका विद्यार्थी संगठनहरूदेखि न्याय-प्रेमी अन्तरराष्ट्रिय कार्यकर्ताहरूले सम्मेलन-स्थल क्राउन टावर्स क्यासिनो र होटल जाने बाटाहरू बिहान ८ बजेदेखि नै पूरै बन्द गरिदिएका थिए । १५ हजारदेखि २० हजारप्रदर्शनकारीहरूको घेराबन्दीको परिणामस्वरूप ८५० जना प्रतिनिधि पूँजीपतिहरूमध्ये २०० जनाले त सम्मेलनस्थलमा छिर्न नै पाएनन् भने उनीहरूलाई लिएर आएका बस र कारहरू जनसमूहको घेराऊबीच नै घण्टौंसम्म नराम्ररी फँसेका थिए । हजारौंहजार प्रदर्शनकारीहरूले मूसलधारे पानी, आँधीबेरी र कठ्याग्रिने जाडो सहेर पनि त्यस दिन दिनभरि नै होटलका ढोका ढोका मै धर्ना दिई नारा घन्काएका थिए - "विश्व आर्थिक मंचलाई बन्द गर ! विश्वव्यापी शोषण र असमानताको अन्त्य गर !"


*प्रदर्शनको क्रममा भएको बर्बर पुलिस दमनको शिकार बनेकी एक महिला*

सम्मेलन स्थलका सबै ढोकाहरूमा बलियो घेराबन्दी गरेर बसिरहेका आन्दोलनकारीहरूले 'पूँजीपतिहरूको आर्थिक ओलम्पिक'लाई 'पूँजीवादविरोधी प्रतिरोध महोत्सव' को रूपमा फेर्न सफल भएका थिए । उत्पीडितहरूको प्रतिरोध महोत्सव मनाउने क्रममा घेराबन्दी गर्दै गरेका आन्दोलनकारीहरूले प्रवचन दिने, छलफल गर्ने, गीत गाउने, बाजा-गाजा बजाई नाच्ने, प्रहसनहरू गर्ने काम गरेका थिए । त्यसमा न्याप गीत गाउने प्रख्यात कलाकारहरूदेखि चर्चित नाट्यमण्डलीहरूको सहभागिता थियो ।

प्रहरीले पहिलो दिन प्रदर्शनकारीहरूलाई घोडाले पेल्ने, मोटरले धकेल्ने र दंगा प्रहरी प्रयोग गर्ने काम गरे तापनि कुनै हिंसात्मक घटनाचाहिं भएन । दोस्रो दिन भने विश्वका अति धनी पूँजीपति, माइक्रोसफ्ट कम्पनीका अध्यक्ष बिल गेट्सको सम्बोधनको लगत्तै त्यहाँ हातेमालो गर्दै प्रदर्शन गरिरहेका २० हजार जनतामाथि प्रहरीले आक्रमण गरे । प्रहरीद्वारा लाठी, अश्रुग्याँस र पानीको फोहराको प्रयोग भएपछि प्रदर्शनकारीहरूले पनि इँटको जवाफ पत्थरले दिएका थिए । प्रहरीले अनावश्यक रूपमा शक्ति र हिंसा प्रयोग गर्न थालेपछि त्यसको जनप्रतिरोध हुँदा भिडन्तमा दर्जनौं प्रदर्शनकारी घाइते भएका थिए भने १९ जनालाई अस्पताल भर्ना गरिएको थियो । प्रदर्शनकारीहरूले तेस्रो दिन पनि धर्ना, प्रदर्शन र प्रतिरोध गरेर आफ्नो लडाकू संघर्षलाई अगाडि बढाए ।

स्कूल र क्याम्पसका विद्यार्थीहरूको समेत ठूलो सहभागिता रहेको सो प्रदर्शनले पूँजीपतिहरूका प्रतिनिधिहरूलाई सम्मेलनस्थलमा जाने क्रममा रोक्न सक्नु भनेको प्रदर्शकारीहरूको ठूलो विजय हो । ११ सेप्टेम्बरबाट शुरू भएको जनप्रदर्शनका कारणले 'एस-११ प्रदर्शन'को नामले चर्चित यस संघर्षको क्रममा विश्व आर्थिक मंचका साथै अष्ट्रेलियाको दक्षिणपन्थी नेतृत्व, आत्मसमर्पणवादी ट्रेड यूनियनका मठाधीशहरूलाई पनि नंग्याइएको थियो ।

पूँजीपतिहरूको सम्मेलनलाई नै थुनछेक गर्ने र बाधा पुर्याउने हदसम्मको लडाकू संघर्षको आयोजना गर्ने काम मूल रूपमा एस-११ अलायन्सले गरेको हो । यो अलायन्सभित्र अष्ट्रेलियाको डेमोक्रेटिक सोशलिष्ट पार्टी (DSP) नामक वामपन्थी पार्टी र रेसिस्टेन्स नामक प्रगतिशीलहरूको मोर्चा आबद्ध छन् । रेसिस्टेन्स नामको मोर्चाभित्र स्वतन्त्र बाम बुद्धिजीवीहरूदेखि प्रगतिशील वातावरण कार्यकर्ताहरू, जस्तो कि फ्रेण्ड्स अफ दि अर्थ, ग्रीन र प्रगतिशील विद्यार्थी कार्यकर्ताहरू क्रियाशील छन् । अष्ट्रेलियामा भएको जनसंघर्षहरूमा एस- ११ अलायन्सले चलाएको यस्तो लडाकू संघर्षको अर्को उदाहरण पाउन गाह्रो छ ।



*मेलबर्नमा 'एस-११ प्रदर्शन' : विश्वको लागि प्रेरणादायी काम*

आन्दोलनकारीहरूको संघर्षको निशाना बनेको विश्व आर्थिक मंच (WEC) विश्वका ठूल्ठूला बहुराष्ट्रिय कम्पनीका मालिकको मंच हो, जसले विश्व व्यापार संगठन (WTO) को निर्माणको शुरूवात गरेको थियो । यसले संसारभरिका श्रमिकवर्गको पसिनाको सागरमा डुबुल्की मार्दै, गरीब र उत्पीडितहरूलाई झन् झन् कंगाल र मृत्युउन्मुख हुने शर्तमा विश्वका मुट्ठीभर खरबपतिहरूको स्वार्थ रक्षार्थ आर्थिक र राजनीतिक नीति तय गर्ने-गराउने काम गर्दछ । यसमा ६७ वटा मुलुकका मुट्ठीभर खरबपतिहरू, तिनीहरूको सेवामा खटिएका पूँजीवादी साम्राज्यवादी सरकार प्रमुख, पूँजीवादपक्षधर तथाकथित प्राज्ञ र नामधारी विशेषज्ञहरू गरी जम्मा १ हजार ८ जना सदस्य छन् । त्यसमध्ये २२८ जना त अमेरिकीहरू मात्रै सदस्य छन् । केवल २५८ जना सदस्यहरू मात्रै अफ्रिका, एसिया, ल्याटिन अमेरिका र मध्यपूर्वका राष्ट्रहरूका छन् ।

मेलबर्न सम्मेलन मूलतः एसिया-प्रशान्त क्षेत्रका गरीब, उत्पीडित र श्रमिकवर्गको शोषणलाई घनीभूत र विस्तृत पार्ने विषयमा केन्द्रित थियो । त्यसैले स्वीट्जरल्याण्डको डाभोसदेखि अष्ट्रेलियाको मेलबर्नसम्म गरीब, उत्पीडित र श्रमिकवर्गले यसको मानवताविरोधी क्रियाकलापको विरोध गर्दै आएको देखिन्छ । मेलबर्नको 'एस-११ प्रदर्शन'ले फेरि एकपटक विश्वका उत्पीडित जनता माझ संघर्ष र प्रतिरोधका लागि प्रेरणादायी काम गरेको छ । राष्ट्रिय संप्रभुता बचाइराख्न र शोषणकारी पूँजीवादी व्यवस्थाबाट मुक्ति प्राप्त गर्नका लागि विश्वव्यापी रूपमा भइरहेका यस्ता जनसंघर्षहरूले नेपाली क्रान्तिकारीहरूलाई पनि प्रतिरोधका लागि उर्जा प्रदान गर्ने र रणकौशलहरू सिक्न सहयोग गर्ने विश्वास लिन सकिन्छ । ❑

केही समयअगाडि अष्ट्रेलियाका आदिवासीहरूमाथि भइरहेको उत्पीडन र शोषणको विरोध गर्दै सिड्नी शहर ९ घण्टासम्म सम्पूर्ण रूपमा ठप्प हुने गरी २ लाख ५० हजार आदिवासीहरूले विशाल प्रदर्शन गरेका थिए । सन् १९१० देखि १९७० सम्ममा १ लाखभन्दा बेसी आदिवासी बाल-बालिकाहरूलाई अपहरण गरेर गोराहरूको भाषा र संस्कारमा हुर्काउने जातिवादी प्रयास गरिएको थियो । यही प्रयासको सन्दर्भमा प्रधानमन्त्री जोन होवार्डले माफी माग्नुपर्ने माग गर्दै सडकमा उत्रिएका आदिवासीहरूलाई त्यहाँका न्यायप्रेमी कालाहरू,



# २ लाख ५० हजार
# आदिवासीहरू सडकमा

एसियालीहरू, प्रशान्तवासीहरू र गोराहरूले पनि सडक प्रदर्शनमा हातेमालो गर्दै सहयोग गरेका थिए ।

अष्ट्रेलियामा बसोबास गर्ने ३ लाख ८६ हजार आदिवासीहरूले विगतमा गोराहरूको सरकारबाट आमसंहारको पीडा भोग्नुपरेको थियो भने वर्तमान पनि उनीहरूको लागि निकै पीडादायी नै भइरहेको छ । अष्ट्रेलियाली समाजका सबैभन्दा बेसी गरीब, उत्पीडितको रूपमा बाँचिरहेका ती आदिवासीहरू शिक्षा, स्वास्थ्य र रोजगारको अवसरबाट बञ्चित छन् भने धेरैजसो सानोतिनो अपराधमा जेलमा फ्याँकिएका छन् ।

वास्तवमा भन्ने हो भने, अष्ट्रेलिया वर्गीयरूपमा मात्रै होइन, आदिवासी र गैह्र आदिवासीको रूपमा पनि विभाजित छ । र, यो विभाजनले विस्फोटक रूप पनि लिन थालेको छ । यसै जटिलता र गम्भीरतालाई ध्यानमा राखेर त्यहाँको संसदले जनदवावबश आदिवासीहरूको अधिकार, उनीहरूको संस्कृति र इतिहासलाई स्वीकारेर अगाडि बढ्नुपर्ने प्रस्ताव पारित गर्दै 'पुनर्मिलनमुखी घोषणा' तयार गरेको थियो । सो घोषणालाई लत्याउँदै हिँडेको दक्षिणपन्थी सरकारलाई सडकबाटै दबाब दिने क्रममा आदिवासी संगठनहरूले विगत चार महिनादेखि जनप्रदर्शनलाई तीव्र पार्दै त्यसलाई सिड्नी ओलम्पिकताका अझ घनीभूत पारेका छन् । Concil for Aborginal Reconciliation का अध्यक्ष एभलिन स्कट भन्छन् - "हामीले जनप्रदर्शनहरूमार्फत् सरकारलाई स्पष्ट सन्देश दिएका छौं । यो हाम्रो जनआन्दोलन आदिवासीहरूको अधिकार प्राप्ति नभएसम्म अगाडि बढिरहने छ ।" ❑


**प्रकाशित भएको ६ महिनाभित्रै ६ हजारप्रति बिक्री भएको चर्चित र लोकप्रिय पुस्तक**

विश्व क्रान्तिका नायक

**चे ग्वेभारा**



लेखक : राजेन्द्र महर्जन

◆ परिमार्जन र थप महत्वपूर्ण सामग्रीहरु सहित

**तेस्रो संस्करण**

छिटै बजारमा आउँदैछ !

❑ 'म चेकी छोरी हुँ, यसमा म गर्व गर्दछु ।'
*- डा. अलैदा ग्वेभारा मार्चको आँखामा चे ग्वेभारा*

❑ 'आज चेले पहिलेभन्दा धेरै बेसी युद्धहरू लडिरहनुभएको छ र जितिरहुनुभएको छ ।'
*- क्यूबाली राष्ट्रपति फिडेल क्यास्त्रोको विश्लेषण*

❑ क. चे ग्वेभारा र साम्राज्यवादविरोधी संघर्ष
*- कोरियाली कम्युनिष्ट नेता किम इल सुङद्वारा मूल्यांकन*

❑ चे ग्वेभारा नैराश्यको कारणले होइन, मनुष्यप्रतिको प्रेमको कारणले गुरिल्ला बनेका थिए ।
*- ब्राजिलका क्रान्तिकारी शिक्षाविद् पाउलो फ्रेरीको विचार*


❑ थप पठनीय सामग्रीहरू

साथमा
निनु चापागाइँ र श्याम श्रेष्ठका चेसम्बन्धी विचारहरू

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स ४२३५४९ पो. ब. नं. ७०५०, काठमाडौं

चिन्तन

– डा. चैतन्य मिश्र –



# ३ नाशवान पूँजीवादको विशिष्टता

*मूल्यांकनको ७९ औं र ८० औं अंकहरूमा पूँजीवादी आर्थिक–राजनैतिक प्रणाली कसरी विशिष्ट ऐतिहासिक उपज हो, के कति कारणहरूले गर्दा यो प्रणाली नाशवान छ भन्नेबारे चर्चा गरियो । यसै गरी पूँजीवादी प्रणालीका दुईथरि विशेषताहरू खुट्याउने क्रममा, खासगरी ८० औं अंकमा यसको मूलभूत विशेषताहरूको चर्चा गरियो । यस अंकमा पूँजीवादका त्यस्ता विशेषताहरूको बारेमा चर्चा गरिनेछ जुन चिरायु रहेनन् र जुन पूँजीवादी प्रणालीभित्र नै जन्मदै, फेरिँदै, नाशिँदै र पुनर्उत्पादन हुँदै रहे । – लेखक*

**पूँजीवादी व्यवस्थाको उदय भएको ४०० वर्षयता साँचो अर्थमा नयाँ मानव र नयाँ समाजको सृष्टि भयो**

पूँजीवादी प्रणालीका मूलभूत स्थायी वा अपरिवर्तनीय विशेषताहरूमध्ये उत्पादनका श्रोत र सामग्रीमाथिको निजी स्वामित्व, 'स्वतन्त्र' श्रमशक्तिको किनबेच, उपभोग हैन, किनबेचमा आधारित उत्पादन व्यवस्था, मुनाफा वा अतिरिक्त मूल्यको आर्जन र यसमाथि आधारित वर्गीय व्यवस्था र वर्गीय शोषण तथा क्रमशः गाउँ शहरदेखि विश्व तहसम्मका एकीकृत र एकाधिकार बजार व्यवस्था अनि यसैमाथि आधारित साम्राज्यवादी व्यवस्था रहे । यसै क्रममा र पूँजीवादी व्यवस्थाको उदय भएको ४०० वर्षयता यस व्यवस्था अन्तर्गत साँचो अर्थमा नयाँ मानव र नयाँ समाजको सृष्टि भयो । रासायनिक, जैविक र भौतिक हिसावले मानव जाति लामो कालदेखि भण्डै उही प्राणी हो भने आर्थिक, राजनैतिक, सांस्कृतिक र मनोवैज्ञानिक आदि हिसावले गएको ४०० वर्षयता नयाँ मानवको सृष्टि भएको कुरा यथार्थ हो ।

यो नयाँ मानवको सृष्टि मूलतः पूँजीवादले नै गरेको हो । योभन्दा पनि नवीन मानव र समाजको सृष्टि गर्ने समाजवादी ऐतिहासिक कार्यक्रम विभिन्न कारणले हाल ओझेलमा परेको पनि यथार्थ हो । तर त्यत्तिकै यथार्थ के पनि हो भने पूँजीवादी प्रणालीको वकालत गर्ने इतिहासकारहरूले भनेजस्तो गरेर 'इतिहासको अन्त्य' वा राजनैतिक, आर्थिक र सांस्कृतिक प्रणाली बीचको अन्तरविरोधको पटाक्षेप भएको छैन । पूँजीवादी प्रणालीभित्रको द्वन्दवाद अन्तर्गत उपरोक्त 'ओझेल' चिरस्थायी हुनै सक्दैन ।

**पूँजीवादको विशेषताको जानकारीविना हामी पूँजीवादको ऐतिहासिक विकासको प्रकृयालाई गहन रुपले चिन्न असमर्थ हुन्छौं**

माथिको अनुच्छेदको शुरूमा टिपोट गरिएका विशेषताहरू पूँजीवादका मूलभूत विशेषताहरूमध्येका हुन् भने पूँजीवादका अस्थायी, तात्कालिक र 'भ्रमात्मक' विशेषताहरूमध्ये मुख्य कुन कुन थिए र छन् ? यस्ता विशेषताहरू चिन्नु के कारणले आवश्यक छ भने यस्ता विशेषताको जानकारीविना हामी पूँजीवादको ऐतिहासिक विकासको प्रकृयालाई गहन रूपले चिन्न, वर्तमानलाई बुझ्न र यिनका आधारमा भविष्यका लागि उपयुक्त कार्यक्रम तय गर्न असमर्थ हुन्छौं । त्यसको अभावमा हामी पूँजीवादी प्रणालीका मूलभूत चरित्र ठम्यायौं भन्ठान्छौं, त्यसलाई चिर्ने व्यापक संयन्त्र तयार गर्ने काममा अघि बढ्न सफल भएका छौं भन्ठान्छौं, तर पूँजीवादको तात्कालिक र सबैभन्दा कमजोर 'छायाँ' पक्षको विरूद्ध लड्न नै आफ्नो सबै शक्ति खर्च गरिरहेका हुन्छौं । के निख्खर सुधारवाद र 'अति क्रान्तिकारिता' दुवैले यो 'छायाँ' पक्षको विरूद्ध मात्र लडिरहेका त हुँदैनन् ?

## *तात्कालिक विशेषताहरूको जन्म र विकास*

पूँजीवादी प्रणालीको अस्थायी र तात्कालिक विशेषताहरूको बारेमा चर्चा अघि बढाउनुभन्दा पहिले यस्ता विशेषताहरू किन र कसरी उब्जिन्छन् र विकसित हुन्छन् भन्नेबारे छोटो व्याख्या गर्नु आवश्यक हुन्छ ।

मूलतः यस्ता विशेषताहरू तीन वटा कारणहरूले गर्दा जन्मन्छन् । एक, अन्य ऐतिहासिक प्रणालीझैं पूँजीवादी प्रणाली पनि विभिन्न चरण पार गर्दै अघि बढ्छ । यस्तो चरण पार गर्नु यसको विकासक्रमको द्योतक हो । आफ्नो विकासक्रमको खास चरण र उपचरण पार गर्दा यसले खास खास किसिमका रणनीति र कार्यनीति अख्तियार गर्छ र खास खास विशेषताहरू अंगीकार गर्छ । त्यसै गरी उक्त चरण वा उपचरण पार गरिसकेपछि अर्थात अर्को चरण वा उपचरणमा संक्रमण गरिसकेपछि यसले पहिलेका केही रणनीति, कार्यनीति र विशेषताहरू त्याग्छ र नयाँ नीति र विशेषताहरू ग्रहण गर्छ । दुई, पूँजीवादी विकास विश्वभरि एक साथ एकै स्थितिमा भएको छैन, बरू विभिन्न स्थिति र चरणमा हुँदै आएको छ । यसरी विश्वका विभिन्न अर्थतन्त्र, राज्यतन्त्र र संस्कृतिभित्र पूँजीवादले संक्रमण गर्दा अन्य प्रणालीले झैं पूँजीवादी प्रणालीले पनि स्थानीय आर्थिक, राजनैतिक र सांस्कृतिक व्यवस्थाका मूल आधारहरूसँग केही हदसम्म र केही अवधिको लागि, सामञ्जस्य कायम गर्दै लग्नुपर्ने बाध्यता बन्छ । यसै क्रममा स्थानीय व्यवस्थालाई क्रमशः आफू अनुकूल बनाउँदै लग्ने समय र स्थिति पूँजीवादी प्रणालीलाई प्राप्त हुन्छ । तीन, स्थानीय, क्षेत्रीय र विश्वतहमा समेत पूँजीवादी प्रणालीको विरोधमा धेरै अर्थतन्त्र, राज्यतन्त्र, संस्कृति, राजनैतिक दल र संगठन, वर्ग, क्षेत्र, धर्म आदि उभिइरहेका हुन्छन् । यी संरचना र प्रकृयाहरूसँग न्यूनतम मितेरी र सामञ्जस्य कायम गर्न पनि पूँजीवादी प्रणालीले आफूलाई तात्कालिक रूपमा खास किसिमका अनुकूल विशेषताहरूले युक्त बनाउँछ र त्यसको प्रदर्शन गर्छ । किनकि यी विभिन्न संरचना र प्रकृयाहरूको आफैंबीच पनि काफी अन्तरविरोध हुन्छ । पूँजीवादी प्रणाली यस्तो अन्तरविरोध चर्काउने र यसरी यी संरचनाहरूलाई दुर्वल तुल्याउने काममा पनि तल्लिन रहन्छ । यसका लागि पनि यो प्रणालीले तात्कालिक रूपमा अनेक अस्थायी 'छद्म भेष' धारण गर्ने गर्छ ।

## *अस्थायी विशेषता : प्रतिस्पर्धा कि एकाधिकार ?*

पूँजीवादी प्रणाली अन्तर्गतका अस्थायी तात्कालिक केही विशेषताहरूका बारेमा मूल्याङ्कनको ७९ अंकमा केही छोटो चर्चा गरियो । यहाँ ती विशेषताहरूलाई अलि विस्तारमा ब्याख्या गर्ने र अन्य थप केही त्यस्ता विशेषताहरूको चर्चा गर्ने काम गरिनेछ ।

प्रतिस्पर्धा कि एकाधिकार ? भन्ने प्रश्नलाई यसै प्रसंगमा जाँच्नु उपयुक्त हुन्छ । पूँजीवादका समर्थक र प्रशंसकहरूको लागि यस प्रणालीको सर्वश्रेष्ठता स्थापित गर्ने दलिल के रहँदैआएको छ भने पूँजीवादले बजारमा प्रतिस्पर्धा स्थापित गरेर सामानको मूल्य घटाउँछ, रोजगारी र ज्याला वा सेवा शुल्क बढाउँछ, अनि सामान र सेवा दुवैको गुणस्तर उच्च राख्छ । र, यिनै माध्यमद्वारा सामाजिक हितलाई पूर्ण प्रश्रय दिन्छ । यसै धारणा अन्तर्गत पनि राज्य व्यवस्थाद्वारा नियन्त्रित अर्थतन्त्र एकाधिकारी हुन्छ र

त्यसैले राज्यव्यवस्थाले अर्थतन्त्रमा प्रत्यक्षतः हात हाल्न हुँदैन भन्ने नीतिको वकालत, खासगरी गएको २० वर्षभित्र अत्यन्त जोडदार रूपले विश्वभरि गरियो ।

तर सत्य के हो ? पक्कै पनि सामन्तवाद अन्तर्गतको सीमित बजार र पूर्णतया राज्य नियन्त्रित समाजवादी वा अन्य बजार व्यवस्थामा भन्दा पूँजीवादी बजार व्यवस्थामा अर्थतन्त्रका खास खास क्षेत्रमा, खास खास मुलुकमा र खास खास अवधिको लागि प्रतिस्पर्धा बढी हुने गरेको छ । अर्थात् पूँजीवादी आर्थिक व्यवस्था विशिष्ट स्थान र अवधिमा मात्र प्रतिस्पर्धात्मिक रूपमा चलेको छ एवं अधिकांश स्थान र समयमा एकाधिकारी पद्धति अन्तर्गत चलेको छ तथा संधैं नै र सबै ठाउँमा एकाधिकार उन्मुख छ । फेरि प्रतिस्पर्धामात्र सार्वजनिक आर्थिक हितको सर्वश्रेष्ठ र एकमात्र मार्ग हो भन्न सकिने पाठ पनि इतिहासले सिकाएको छैन । नत्र समाजवादी मुलुकहरूमा राष्ट्रिय तहमा र अन्य मुलुकहरूमा सामुदायिक, पारिवारिक आदि तहमा अर्थतन्त्र एक निमेषभर पनि टिक्दैनथे र तिनले सामाजिक हित गर्न सक्दैनथे ।

वास्तवमा प्रतिस्पर्धात्मक अर्थ र बजार व्यवस्थाबारेको पूँजीवादीहरूको घनीभूत समर्थन र प्रशंसा कति खोक्रो छ र यस्तो अर्थ र बजार व्यवस्था कति सीमित स्थान, धर्म र अवधिभित्र मात्र सार्थक रह्यो भन्ने कुरा गएको ४०० वर्षको विश्वतहको ४-५ मूल परिघटना र परि-प्रक्रियाको छोटो विवेचनाबाट नै थाहा लाग्छ । पहिलो, पूँजीवादको जन्मथलो पश्चिमी यूरोपमा सत्रौंदेखि उन्नाइसौं शताब्दीसम्ममा धेरैवटा लामा लामा युद्ध रचिए । कुनै कुनै युद्ध चर्को र नरम रूपले आधा शताब्दी वा सोभन्दा लामो अवधिसम्म पनि कायम रहे । यी युद्धका पछाडि मूलतः यूरोपको र समुद्रपारको अर्थव्यवस्था र व्यापार कुन मुलुकले र कुन कम्पनीले नियन्त्रण गर्ने र एकाधिकार कायम गर्ने भन्ने मुद्दालाई लिएर नै भयो । दोस्रो, अठारौं शताब्दीदेखि झण्डै १९६० सम्म कायम रहेको उपनिवेशवादी अर्थतन्त्र प्रत्यक्षतः यूरोपीय मुलुकहरूले विश्वका अन्य भूभाग, राज्यतन्त्र, अर्थतन्त्र र श्रमलाई बाँडचूँड गर्दै कब्जा गरी एकाधिकार कायम गर्नेबारे नै रह्यो । तेस्रो, दुईवटा विश्वयुद्ध फेरि पनि विश्वबजार कब्जा गर्ने हेतुले नै संचालित भए र यसका पनि मूल नायक पूँजीवादी मुलुकहरू नै थिए । चौथो, विश्वव्यापीकरणको पछाडि एकाधिकारवादी आग्रह र व्यवहार नै हावी छ । यसै अन्तर्गत विश्वभरिका पेट्रोल र अन्य खनीज पदार्थ, औषधि, ऊर्जा, यातायातका साधन, खाद्यबजार, सूचना र कम्प्यूटर प्रविधि, वित्तीय संस्थाजस्ता बढी नाफाजन्य उद्योगहरूको ५० प्रतिशतदेखि ९० प्रतिशतसम्म ५-१० ठूला कम्पनीहरूको हातमा रहेको छ । पूँजीवादको एकाधिकारवादी प्रकृतिको योभन्दा ठूलो प्रमाण के हुनसक्छ ? हो, खुद्रा तहमा अनगिन्ती व्यापारी, उद्योगपति, वित्तीय संस्था यो अर्थतन्त्रमा सम्मिलित छन् । तर यिनका मूल संचालकहरू गन्ने औंलामा गन्न सकिने जतिमात्र छन्, अनगिन्ती छैनन् । मूलतः यिनले नै बजार नीति, भाउ गुणस्तर निर्धारण गर्छन् । कुनै एक खुद्रा पसलेले नेपालमा वा कहिं पनि कुनै हदमा चामलको (वा अरू कुनै वस्तुको) भाउ वा गुणस्तर निर्धारण गर्न सक्छ र ? बैंकहरूको संस्था बढेर निकै वटा बैंकहरू निजी तहमा खुलेर नेपालमा यिनीहरूबीच प्रतिस्पर्धा बढ्यो र आम निक्षेपकर्ता वा लगानीकर्तालाई समेत धेरै फाइदा पुग्यो भन्ने तर्क गर्न सकिने स्थिति छ त ? कि उल्टो पो भएको छ ?

## *पूँजीवादी विकास, गरीबी मोचन र ज्याला दर*

नेपालमा झैं विश्वका कतिपय मुलुकहरूमा आम गरीबीको स्थिति र प्रकृयाको उपचारको एकमात्र उपायको रूपमा पूँजीवादलाई हेर्ने गरिन्छ । त्यहाँ आम जनधारणा र पनि यस्तो बनेको छ कि मूलतः सामन्तवादी प्रभुत्वका कारणले नै यस्तो गरीबी बनेको र बढेको हो । जब कि यस्ता मुलुकहरूमा राष्ट्रिय आर्थिक नीति मूलतः पूँजीवादी नै रहेको कमसेकम दशकौं भैसकेको छ । आम आर्थिक व्यवहार पनि मूलतः पूँजीवादी नै छ । सामन्तवादको विरोध प्रखर छ । र, धारणा के बनेको छ भने हामी पूँजीवादी हुँदा हौं वा हुनसक्दा हौं त सम्पन्नता हासिल भैहाल्थ्यो । गरीबी घटी हाल्थ्यो । यूरोप, अमेरिका, जापान आदि देशहरू पूँजीवादी र सम्पन्न दुवै छन् । त्यसैले पूँजीवाद र सम्पन्नता पर्यायवाची हुन् भन्ने हामीमध्ये कतिको सोच बनेको छ । सरकार र अधिकांश दलहरू, वामपन्थी र समाजवादी दलहरू समेतको धारणा पनि यस्तै बनेको छ, अथवा बन्ने क्रममा छ ।

विश्व पूँजीवादी प्रणालीले मानवीय मूल्यलाई कति गिराएको छ, व्यक्ति, परिवार, समुदाय, मुलुक आदिको अस्मितामा यसले कति आघात पुर्‍याएको छ, असमानता र शोषण कुन चुलीमा पुर्‍याएको छ, विश्व सुरक्षालाई कुन संघारमा पुर्‍याएको छ, विश्व राजनैतिक मंचलाई कति खुम्च्याइएको र त्यसरी वास्तविक प्रजातन्त्र मासेको छ? यस्ता सबै तथ्यहरूलाई एकछिनको लागि आँखा चिम्लने हो भने उपर्युक्त 'पर्यायवाची सोच'मा केही न केही दम छ कि भनेर सोच्नुपर्ने हुन्छ । तर त्यसरी सोच्दा पनि र गत ५० वर्षको विभिन्न मुलुकको अनुभव केलाउँदा के पनि स्पष्ट हुन्छ भने यदि ५ देखि १५ वटा मुलुक पूँजीवाद अन्तर्गत केही फस्टाएको देखिन्छन् तर करीब ६०-१०० मुलुक जहाँको तहिं रहेका वा झन् गरीब भएको तथ्य सामुन्ने आउँछ । 'फस्टाएका' केही मुलुकहरूमा समेत आम गरीबी उल्लेख्य मात्रामा घटेको पाइएको छैन । अर्थात् संक्षेपमा, गएको ५० वर्षमा पूँजीवादी विकास त्यही मुलुकहरूमा भयो, जुन मुलुकहरू यसभन्दा पहिले नै र धेरै कालदेखि पूँजीवादको माथिल्लो खुड्किलामा रहेका थिए । ५ देखि १५ वटा पूँजीवादी मुलुक १-२ खुड्किला चढे, यद्यपि त्यहाँका सबैजसो जनताले त्यस्तो खुड्किलो चढ्न पाएनन् ।



उता अधिकांश मुलुकका अधिकांश जनता ५० वर्षयता यथास्थितिमा रहे वा अझ तल खस्के, यद्यपि यी मुलुकका समेत केही समूह र वर्गहरू भने आर्थिकरूपले सम्पन्न भए । उता ती ५ देखि १५ वटा मुलुक जुन पूँजीवादी भऱ्याङमा अलि माथि उक्लेको देखिएका छन् तीमध्ये केही विश्वतहका मूल पूँजीवादी मुलुकका प्रत्यक्ष सैनिक लगायत आर्थिक र राजनैतिक सहायताको छत्रछायाँमा उक्लेको देखिएका छन् । केही मुलुक र मुलुकविशेष भित्रका प्रदेशहरू जनताको संगठित राजनीतिको उभार, जनस्वास्थ्य, शिक्षा र रोजगारीमा प्राथमिकता र अन्तरराष्ट्रिय व्यापारको उपयुक्त नीतिका कारणले उक्लिए । तर

**पूँजीवादी आर्थिक व्यवस्था विशिष्ट स्थान र अवधिमा मात्र प्रतिस्पर्धात्मक रूपमा चलेको छ**

**धारणा के बनेको छ भने हामी पूँजीवादी हुँदाहौं वा हुनसक्दाहौं त सम्पन्नता हासिल भैहाल्थ्यो । गरीबी घटीहाल्थ्यो ।**

**५० वर्ष यता विश्व पूँजीवादले अत्यन्त गैर-प्रजातान्त्रिक चरित्र विकास गर्दै आएको छ ।**

माथि नै भनियो अधिकांश पूँजीवादी बाटो अवलम्बन गर्ने मुलुकहरूका लागि सो बाटो र गरीबीमोचन पर्यायवाची भएन । कतिपय मुलुकका लागि त पूँजीवादी बाटो गरीबी विस्तार गर्ने र गहिऱ्याउने संयन्त्र मात्र बन्यो । विश्वका 'अल्पविकसित' मुलुकका ८० प्रतिशतदेखि ९० प्रतिशत जनताका लागि पूँजीवादमा विकास र संपन्नता भन्ने कुरा भ्रममात्र सावित भयो ।

पूँजीवादका गढहरूमा समेत आर्थिक वृद्धिका साथसाथै मजदूरको ज्यालामा वृद्धि हुन्छ भन्ने पूँजीवादी मान्यता साकार भएन । गएकै पाँच दशकभित्र ठूलो आर्थिक वृद्धि भएको संयुक्त राज्य अमेरिकामा गएको ३० वर्षमा आम कामदारको खुद आयमा भने पटक्कै वृद्धि भएन । हालैको तथ्याङ्क अनुसार, अमेरिकाका सबैभन्दा ठूला कम्पनीहरूमध्येका एकमा मुख्य मेनेजरको आय त्यहाँको आम कामदारको आयभन्दा ४७५ गुना बेसी रहेको पाइयो ।

## पूँजीवाद र राष्ट्रिय पूँजीपति

पूँजीवादको उदयकालदेखि नै यूरोपीय मुलुकहरूमा र यसको औपनिवेशिक कालको उत्तरार्द्धमा उपनिवेश भएका मुलुकहरूको राष्ट्रिय राजनीतिमा र खासगरी राष्ट्रवादी, वामपन्थी र समाजवादी दल, संगठनहरूमा राष्ट्रिय पूँजीपति र उद्योगपतिको महत्ताको चर्चा व्यापक रूपमा छाइरह्यो । धेरै 'अल्पविकसित' मुलुकमा अत्यन्त प्रभावशाली बनेका चीनियाँ नयाँ जनवादी धारा र सोभियत संघको उत्तरार्द्धदेखिको आर्थिक राजनैतिक र सांस्कृतिक नीतिहरू दुवैले पनि राष्ट्रिय पूँजीपतिको धारणालाई अत्यन्त महत्वपूर्ण स्थान दिए । १९ औं शताब्दीको उत्तरार्द्धसम्मको जापानमा यो धारणा प्रबल रूपमा अनुशरण गरियो । कतिपय हिसाबले पूँजीवादका गढ मुलुकहरूमा अहिले पनि यो धारणा र व्यवहार कानूनसम्मत नहुने स्थितिमा पनि केही हदमा लागू छ भन्न सकिने स्थिति छ । भारतमै पनि औपनिवेशिक प्रणालीबाट स्वतन्त्रता हासिल गर्ने क्रममा राष्ट्रिय पूँजीपति वर्गको वकालत भएको र सो वर्गले स्वाधीनताको लागि सहयोग पुऱ्याएको कुरा बहुचर्चित छ ।

तर कति हदमा नौलो जनवाद अन्तर्गत गरिएको राष्ट्रिय पूँजीपति वर्गको वकालत उपनिवेशविरोधी आन्दोलनको उपज हो र, कति हदसम्म यो समाजवादको निर्माणको हेतु गरिएको वकालत हो भन्ने कुराको ठहर भइसकेको छैन । औपनिवेशिक कालबाहिर अर्थात हालको अवधिमा समाजवादको जग, हालको लागि राष्ट्रिय पूँजीपति वर्ग वस्तुगत आवश्यकता हो वा होइन भन्नेबारे मतैक्यता भएको पाइँदैन । पहिलेको समाजवादी चिन्तनको दाँजोमा हालका चिन्तनमा राष्ट्रिय पूँजीपति वर्ग बारेको चासो अत्यन्त न्यून प्रतीत हुन्छ । वामपन्थी समाजवादी दलका दस्तावेजहरूमा समेत यस्तो चर्चाले कम महत्व बोकेको पाइन्छ ।

यस्तो स्थिति किन बनिरहेछ ? प्रष्ट छ : पूँजीवाद मूलतः राष्ट्रिय घेराभित्र नियन्त्रित रहन्जेल अथवा यसरी नियन्त्रित गर्न सकिन्छ भन्ने राजनैतिक अठोट र शक्ति रहन्जेल राष्ट्रिय पूँजीपतिलाई महत्वपूर्ण स्थान दिने, खास किसिमका निजी उद्योगहरूलाई झण्डै एकाधिकार प्रदान गर्ने, बैदेशिक मुद्राको सहुलियतपूर्ण दर निर्धारण गर्नेदेखि आयात न्यून गर्ने, निर्यातमा विभिन्न किसिमले प्रोत्साहन दिने काम भयो । तर पूँजीवाद राष्ट्रिय घेराभित्र रहनु असम्भव थियो, कि त यो ढल्नु पर्थ्यो, नत्र यो विश्वव्यापी बन्नै पर्थ्यो । यो प्रणालीभित्र रहेर दीर्घकालसम्म तेश्रो बाटो पच्छ्याई रहनु सम्भव नै थिएन । पूँजीवाद विश्वव्यापी र साम्राज्यवादी भइसकेपछि पूँजी र पूँजीपति वर्ग आदि स्वतः राष्ट्रिय घेराबाट उम्किने भए । पूँजीवादी प्रणालीले यसरी राष्ट्रियताको घेरालाई फड्को मार्दै गएको स्थितिमा स्वाभाविकरूपले राष्ट्रिय पूँजीपति, उद्योगपति आदिको महत्ता न्यून हुन पुग्यो । विश्वतहमै विदेशी पूँजी, पूँजीपति, वित्त, सामान, सेवा बेरोकटोकरूपले अति ग्राह्यरूपले प्रवाह हुने स्थितिमा, अर्थात् पूँजीवादी प्रणालीको वर्तमान स्थितिमा पूँजीवाद अन्तर्गतको राष्ट्रिय पूँजीपतिको अवधारणाको महत्ता अस्थायी, अन्ततोगत्वा र शायद भ्रमात्मक ठहर्न पुगेको छ ।

## पूँजीवाद र प्रजातन्त्र.

धर्मान्धता, सामन्तवाद, पुस्तैनी श्रेष्ठतावाद, जातीयवाद, क्षेत्रीयवाद, लिंगवाद आदिको ध्वंश नगरिकन प्रजातान्त्रिक पद्धति स्थापित हुन सक्दैन । अर्कोतिर पूँजीवादी आर्थिक प्रणाली स्थापित गर्न उपरोक्त सबै खालको प्रभुत्ववादको ध्वंश गर्नु आवश्यक थियो । पूँजीवादको उत्थान र यी खाले प्रभुत्ववादको क्रमशः पतन यसै कारणले इतिहासको खास खास कालमा खास खास स्थानमा र खास खास जन समूह र वर्गका लागि साथसाथै अघि बढे । यो मानेमा सीमित अर्थमा पूँजीवादले आधुनिक प्रजातान्त्रिक शक्तिहरूलाई जन्माएको र सघाएको दुवै हो ।

तर यो पनि सत्य हो कि पूँजीवाद अन्तर्गत नै दासता र औपनिवेशिक प्रणाली जस्तो अत्यन्त गैर प्रजातान्त्रिक पद्धतिहरू केही कालका लागि भए पनि फस्टाएका र जन्मिएका थिए । यिनका अलावा पूँजीवादी स्वार्थका लागि उत्तर र दक्षिण अमेरिकाका रैथाने बासिन्दाको नरसंहार र उनीहरूको सिंगो सभ्यताको विनाश पनि पूँजीवादी शंखनादले नै गरेको हो । त्यसै गरी उत्तरी र दक्षिणी अमेरिका, अफ्रिका र एशियाका केही भागमा पूँजीवादले नै जबर्जस्ती आमहत्या सम्मको डर देखाउँदै र आमहत्यानै गर्दै, स्थापित धर्म, संस्कृति, मूल्य-मान्यता आदिको विनाश गर्दै नयाँ धर्म, संस्कृति, मूल्य-मान्यता स्वीकार्न लगाउँदै घोर अप्रजातान्त्रिक दमन पनि गरेकै हो । यस्ता दमनहरू अझसम्म पनि जोडतोडले चलिनै रहेका छन् ।

अर्कोतिर, खासगरी ५० वर्ष यता विश्व पूजीवादले गहन रूपले र धेरै किसिमले अत्यन्त गैर- प्रजातान्त्रिक चरित्र विकास गर्दै आएको छ । आर्थिक शक्तिको केन्द्रिकरणले, चाहे त्यो विश्वतहमा होस् वा क्षेत्रीय तहमा होस् वा राष्ट्रिय तहमा होस्, प्रजातन्त्रलाई क्षीण नै तुल्याउँछ । दोस्रो, यसै अन्तर्गत सबै उपरोक्त तहहरूमा आर्थिक असमानता पनि बढेको छ । यसले गर्दा व्यक्ति, परिवार, समुदायहरूबीच उत्पन्न भएको गहिरो दूरीले प्रजातन्त्रको उपहास गर्छ । प्रजातन्त्र विधिको शासन हो भने यस्तो गहिरो असमानताको बीचमा शक्ति हुनेले विधि लाद्नमात्र सक्छ । उसले शक्तिहीनको वास्तविक हार्दिक समर्थन पाउनै सक्दैन । यस्तो स्थितिमा प्रजातन्त्र छद्म प्रजातन्त्र मात्र हुनसक्छ, वास्तविक हुनै सक्दैन । तेस्रो, पूँजीवादी प्रणाली अन्तर्गतको यस्तो स्थितिमा विधिबारे आम गरीब जनताको समर्थन पाउन नसक्दा विश्वभरि नै प्रजातन्त्रको सैनिकीकरणमा अत्यधिक वृद्धि भएको छ । पुलिस, गुप्तचर, अर्द्धसैनिक र सैनिकको आन्तरिक प्रयोग हाल पूँजीवाद अन्तर्गत आम बनेको छ- अर्को किसिमले यसले प्रजातन्त्रको उपहास गरेको छ । केन्द्रिकरण, गहिरो र ब्यापक असमानता र सैनिकीकरण समेतले गर्दा विभेदकारी मूल्य-मान्यताहरू चर्किएका छन् । चौथो, पूँजीवाद अन्तर्गत र खास गरी १९८० यता र खासगरी सोभियत संघको पतनपछि बाह्य आर्थिक र राजनैतिक हस्तक्षेप चर्को ढंगले बढेको छ । कुनै पनि मुलुकमा नीति कानून, शासन पद्धति, शासक विशेष समेत यहाँको रैथाने जनताले र जनप्रतिनिधिले नभएर बाह्य शक्तिद्वारा प्रत्यक्ष रूपमा आरोपित गर्ने पद्धति हुर्कंदै गएको छ । र, पाँचौं, नरसंहारकारी हतियारको विकास, भण्डारण र प्रत्यक्ष सैनिक आक्रमण समेत सामान्य हुन थालेको आजको पूँजीवादजन्य स्थितिमा प्रजातन्त्र र पूँजीवादको संबन्धलाई छुट्टै विशिष्ट किसिमले हेर्नु आवश्यक भएको छ । ❑

**पुलिस, गुप्तचर, अर्द्धसैनिक र सैनिकको आन्तरिक प्रयोग हाल पूँजीवाद अन्तर्गत आम बनेको छ...**


**शुभ दीपावली तथा छठ पर्वको**
शुभ उपलक्ष्यमा सम्पूर्ण नगरवासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**बालकृष्ण ढकाल**
नगरप्रमुख
तथा जलेश्वर नगरपालिका (परिवार)

**विजया दशमी तथा शुभ दीपावलीको**
शुभ उपलक्ष्यमा सम्पूर्ण देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**राष्ट्रिय बाणिज्य बैंक**
(परिवार)



फोटोः नरेश श्रेष्ठ, ए.बी.सी. फोटो

*इन्धनमा भएको मूल्यबृद्धिविरूद्ध आयल निगमको कार्यालयअगाडि नौ बामको धर्ना*

# के इन्धनमा यति चर्को मूल्यबृद्धि उचित छ ?

– श्याम श्रेष्ठ –

नेपाल आयल निगमले गएको असोज २८ गते मन्त्री परिषद्को निर्णयअनुसार पेट्रोलियम पदार्थको मूल्यमा १७ देखि १०० प्रतिशतसम्म वृद्धि गर्ने निर्णय सार्वजनिक गरेपछि सिंगै मुलुक आन्दोलित र आक्रोशित हुन पुगेको छ । प्रमुख प्रतिपक्ष एमाले, नौ बाम समूह, उपभोक्ता मंच सबै यो निर्णय फिर्ता गर्ने माग गर्दै संघर्षको मैदानमा उत्रिएका छन् । महंगी नियन्त्रण र गरीबी निवारणलाई एउटा मुख्य मुद्दा बनाएर सत्तामा आएको गिरिजा सरकारले आफ्नो बाचाको ठीक विपरीत गरीबको इन्धन मट्टितेललाई नै पहिलेभन्दा दोब्बर महंगो बनाएपछि सीमान्त आय भएका तमाम गरीब जन-साधारणहरू अत्यन्त आहत भएका छन् ।

चारैतिर प्रश्न उठ्न थालेको छ - आखिर कांग्रेस सरकारले जन-साधारणको इन्धनलाई किन यति अचाक्ली महंगो बनायो ? मध्यमवर्ग र त्यो भन्दामाथिको घनाढ्य वर्गले ज्यादा प्रयोग गर्ने पेट्रोल चाहिँ अहिले किन खालि १७.५ प्रतिशत मात्र महँगो ? अझ हवाइ इन्धन चाहिं किन मूल्यवृद्धिबाटै अछुतो ? परन्तु गरीब र निम्न वर्गले ज्यादा प्रयोग गर्ने मट्टितेलचाहिं किन शतप्रतिशत महँगो ? के विश्व बजारमा यी तेलको भाउ बास्तवमा त्यति नै अनुपातमा बढेका हुन्, जति नेपालमा बढाइएको छ ? के सरकारसित यसो गर्नु सिवाय अर्को कुनै राम्रो विकल्प वा उपाय थिएन ? यी प्रश्नहरूले धेरै नेपालीको दिल-दिमागलाई यतिखेर चिमोटिरहेछन् ।

## मूल्य वृद्धिका कारणहरू

यस पटकको इन्धन महँगीको वास्तविकता खोज्ने क्रममा के कुरा थाहा लाग्यो भने, विश्व बजारमा त करीब दुई वर्षयता कच्चा तेलको भाउ तीन गुणाभन्दा पनि ज्यादा बढेको सत्य हो । सन् १९९८ को अन्ततिर एक ब्यारेलको केवल १० डलर पर्ने कच्चा तेल गत महिना औधी महँगो भएर झण्डै ३५ डलरसम्म पुगेको देखियो । अतः विश्व बजारमा तेलको मूल्य निकै बढ्यो भन्ने

> चारैतिर प्रश्न उठ्न थालेको छ — आखिर कांग्रेस सरकारले जन-साधारणको इन्धनलाई किन यति अचाक्ली महँगो बनायो ?



फोटोः शालिग्राम तिवारी, सौजन्यः बुधबार साप्ताहिक

*इन्धनमा भएको मूल्यवृद्धिविरुद्ध नेकपा एमालेद्वारा आयोजित साइकल र्‍यालीको अगुवाइ गर्नुहुँदै महासचिव क. माधव नेपाल*

**कसरी आउँछ नेपालमा तेल ?**

**जो विपन्न छ, उसले तीन लिटर अनुदान-प्राप्त मट्टितेल किन्छ।**

*नेपाल आयल निगमका कार्यकारी निर्देशक मदनराज शर्मासँगको ताजा कुराकानी*

**यूरोपमा इन्धन-विद्रोह**

◆ जुझारू संघर्षहरूमात्रै फलदायी

❑ फ्रान्स, ब्रिटेन, बेल्जियम, जर्मनी, पोल्याण्डका संघर्षहरू

कुरा निर्विवाद छ । अन्तर्राष्ट्रिय बजारमा तेल निकै महँगो भएपछि नेपालको तेल बजार पनि त्यसबाट अछुतो रहिरहन सक्दैन भन्ने कुरा पनि निर्विवाद छ । यो आँकडा हेरेमा त्यो तथ्य स्पष्ट हुन्छ :

**आँकडा -१**

**गत दुई वर्षमा विश्वबजारमा कच्चा तेलको मूल्य प्रति ब्यारेल/अमेरिकी डलर**

| डिसेम्बर १ १९९८ मा | नोभेम्बर १६ १९९९ मा | सेप्टेम्बर ९ २००० मा |
|---|---|---|
| १०.४१ | २४.४८ | ३५ |

स्रोत : *The Economist, London*


कच्चा तेलको भाउमा यो वृद्धि सन् १९९० को खाडीयुद्धयताको विश्वको सबभन्दा उच्च वृद्धि दर हो । दोस्रो विश्वयुद्धयता विश्वले तीनवटा ठूलठूला तेल-संकट भोगेको छ : पहिलो सन् १९७३ मा, दोस्रो सन् १९८० मा र तेस्रो १९९० मा । अहिले विश्व चौथो ठूलो तेल-संकट व्यहोर्दैछ । दुई वर्षअघि कच्चा तेलको मूल्य १० डलर प्रति ब्यारेलमा झरेपछि संकटग्रस्त तेल उत्पादक खाडी-राष्ट्रहरूको कार्टेल OPEC ले तेल उत्पादनलाई धराशायी हुनबाट जोगाउन आ-आफ्नो मुलुकको तेल उत्पादनमा व्यापक कटौती गर्ने निर्णय गर्‍यो । प्रतिदिन तेल उत्पादनमा १७ लाख ब्यारेल कटौती गरियो । यही कटौतीको फलस्वरूप तेलको आपूर्ति विश्वबजारमा कम हुन थाल्यो र तेलको मूल्य बढ्ने प्रक्रिया शुरू भयो । १५ महिनाअघि OPEC ले थालेको त्यही उत्पादन कटौती र कार्टेलीङ प्रक्रियाको उत्कर्ष हो – अहिलेको अपार मूल्यवृद्धि । तेलको मूल्यमा तीन गुणाभन्दा पनि ज्यादा वृद्धि ।

तेलको मूल्यमा भारी वृद्धि भएपछि अमेरिका र यूरोपका उद्योगधन्दाहरू संकटग्रस्त भएका छन् । त्यहाँको अर्थतन्त्र फेरि ९० को दशकमा झैं मन्दीको चपेटामा पर्ने टड्कारो संभावना खडा भएको छ । यो संभावना टार्न अमेरिका र यूरोपका सरकारहरू ओपेकलाई तेलको उत्पादन र आपूर्ति वृद्धि गर्न चर्को दवाब दिँदैछन् । अमेरिकाले त आफ्नो तेलको रणनीतिक रिजर्भबाट बजारमा तेल प्रवाहित गर्नसमेत थालेको छ । दवाबमा आएर ओपेकले अक्टोवर १ देखि प्रतिदिन ८ लाख ब्यारेल थप तेल बजारमा सप्लाई गर्न थालेको छ । परन्तु, तेलको मूल्य प्रतिब्यारेल ३० डलरभन्दा तल ओर्लने छाँटकाँट अहिलेसम्म देखिएको छैन । हिउँद नजिकै छ, र हिउँदमा तेलेको खपत पश्चिममा निकै बढ्छ । अतः तेलको मूल्य अझै बढेर ४० डलर प्रतिब्यारेल नाघ्ने अनुमान गरिँदैछ ।

तसर्थ, अहिलेको तेलको भारी मूल्यवृद्धि - ओपेकद्वारा नियोजित रूपमा सिर्जित मूल्यवृद्धि हो । यो मूल्यवृद्धि अझैं बढ्ने संभावना टड्कारो छ । नेपाल आफूलाई चाहिने तेल सबै विदेशबाट किनेर आपूर्ति गर्छ । यो परिस्थितिमा विश्व बजारमा यति धेरै तेलमा मूल्यवृद्धि भएपछि नेपालमा तेलको मूल्य बढ्यो भनेर आश्चर्य मान्नुपर्ने कुनै कारण छैन । बरू, नबढेको भएचाहिँ आश्चर्य मान्नुपर्थ्यो । पोहार कार्तिकमा तेलमा जुन मूल्यवृद्धि भयो, त्यसको कारण र अहिलेको मूल्य वृद्धिको कारणको जरो एउटै हो ।

त्यसोभए के जे जति र जुन ढंगले तेलको भाउ नेपालमा बढेको छ, त्यो पूर्णतः जायज छ त ?

विश्वमा कच्चा तेलको भाउ निकै बढेको छ, नेपालमा र विश्वभरि तेलको मूल्यवृद्धिको मुख्य कारण त्यही हो । परन्तु लामो समयदेखि नेपालले विश्व बजारबाट कच्चा तेल आयात गरिरहेको छैन । एकचोटि २०३८ सालमा मात्र यसले कच्चा



**एकैछिन् हामी नेपालले केही वर्षयता सिंगापुर वा अरब खाडीको बजारमा अमेरिकी डलर चुक्ता गरेर किनिरहेको डिजेल र मट्टीतेको वास्तविक भाउ नियालेर हेर्ने काम गरौं ।**

तेल नै आयात गऱ्यो । तर कच्चा तेल प्रशोधन गरेपछि निक्लने विविध बस्तुहरू कहाँ कसरी बेच्ने भन्ने समस्या सिर्जना भएकाले यसले पुनः प्रशोधित तेल नै आयात गर्न थाल्यो । नेपालले अहिले या त सिंगापुरबाट या अरब खाडीबाट प्रशोधित डिजेल र मट्टीतेल मात्र किन्छ । अमेरिकी डलरमा किनेको त्यो तेल जहाज खालि गरिएको दिनको बिक्री दरको भा.रू. मा भारतीय तेल कर्पोरेशन (IOC) लाई पूर्व तटीय बन्दरगाहमा जिम्मा लाइन्छ र बिक्री गरिन्छ । त्यसपछि भारतीय बन्दरगाहादेखि सीमासम्मको रेलवे भाडा, बन्दरगाहमा तिर्नुपर्ने हर्वोफज, लैण्डिङ कस्ट, IOC लाई दिनुपर्ने मार्केटिङ्ग मार्जिन, नाफाको मार्जिन सबै जोडेर जति हुन्छ, त्यति हुने गरी भारतीय सीमामा नेपालले प्राप्त गर्ने तेलको मूल्य निर्धारण हुन्छ । त्यही मूल्यमा आफूले IOC लाई बेचेको डिजेल र मट्टीलेको कूल मूल्य बराबर हुने गरी नेपाललाई चाहिने पेट्रोल, ग्याँस, फर्नेश आयल, हवाइ इन्धन प्राप्त गर्छ । डिजेल, मट्टीतेललगायत सबै पेट्रोलियम पदार्थ आफूलाई चाहिएको अनुपातमा सीमा क्षेत्रको पायक पर्ने भारतीय डिपोबाट नेपालले किन्ने र आयात गर्ने नेपालको पद्धति यस्तो भएकोले - नेपालले वास्तवमा कुन मूल्यमा अन्तरराष्ट्रिय बजारबाट प्रशोधित तेल किनिरहेको छ, त्यो केलाएपछि मात्र अहिलेको तेलको भाउ-वृद्धि सटिक रूपमा जायज कि नाजायज खुट्याउन सकिन्छ ।

त्यसैले, एकैछिन् हामी नेपालले केही वर्षयता सिंगापुर वा अरब खाडीको बजारमा अमेरिकी डलर चुक्ता गरेर किनिरहेको डिजेल र मट्टीतेको वास्तविक भाउ नियालेर हेर्ने काम गरौं ।

(हेर्नुहोस् तल दिइएको आँकडा- २)

प्रस्तुत आँकडा- २ ले के देखाएको छ भने अन्तर्राष्ट्रिय बजारमा प्रशोधित तेलको मूल्यमा गतः ५ वर्षमा काफी उतार चढाव आएको छ । २०५४ सालमा र २०५५ सालमा डिजेल र मट्टीतेल निकै सस्तो भएको छ । डिजेल ४१ प्रतिशतले सस्तो भएको छ, मट्टीतेल ४२ प्रतिशतले । परन्तु २०५६ सालदेखि ती दुवै बस्तु निकै महँगा भएका छन् । डिजेल ११८ प्रतिशत महँगो भएको छ भने मट्टीतेल १२१ प्रतिशत र अमेरिकी डलर ८ प्रतिशतले महँगो भएको छ ।

त्यसैले, नेपालले किन्ने प्रशोधित तेलमा पनि गतः एक डेढ वर्षयता काफी मूल्यवृद्धि भएको छ भन्ने तथ्य निर्विवाद रूपमा देखिन्छ । त्यही कारणले पोहोर कार्तिकमा र अहिले पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि गर्नुपर्ने स्थिति आएको प्रष्टै देखिन्छ ।

परन्तु आयल निगम र सरकारको ठूलो बदमाशी र गैर जिम्मेवारपना कहाँ देखिन्छ भने, जब विश्व बजारमा तेलको मूल्य ४१-४२ प्रतिशतले कम हुन्छ, नेपालमा मट्टीतेल र डिजेलको मूल्य केवल एक मोहर र एक दुई रूपियाँ मात्र कम पारिन्छ, जस्तो २०५४ आषाढमा र २०५५ माघमा कम पारियो । तर, जब विश्व बजारमा तेलको मूल्य ५०/६० प्रतिशत मात्र बढ्छ, ऊ नेपालमा शत प्रतिशत मूल्यवृद्धि गर्छ ।

यसको ज्वलन्त उदाहरण गएको तीन वर्षयताको मूल्य घटबढमा पाउन सकिन्छ ।

जस्तो, माथिको आँकडाअनुसार २०५४ सालको तेल खरीद गर्दा डिजेलको मूल्य २६ प्रतिशतले कम भएको थियो र त्यतिखेर अमेरिकी डलर पनि १ प्रतिशतले सस्तो भएको थियो । परन्तु, आयल निगमले त्यतिखेर २०५४ आषाढमा डिजेलको मूल्य केवल दुई रूपियाँ घटायो- रू. १७/५० बाट १५/५० मा झारेर । यो भनेको त खालि ११ प्रतिशत मूल्य घट्नु हो, विश्व बजारको मूल्य घटाइभन्दा आधाभन्दा ज्यादा कम । अझ, त्यतिखेर मट्टीतेल त रू.११ प्रति लिटरबाट १०/५० मा झारेर केवल ५० पैसा मात्र सस्तो पारिएको छ, जबकि विश्व बजारमा यो २३ प्रतिशत सस्तोमा खरीद गरिएको थियो ।

ठीक यस्तै, २०५५ साल माघमा डिजेलको मूल्य १ रूपियाँ मात्र कम पारियो, जबकि यो विश्व बजारमा १४ प्रतिशत सस्तोमा किनिएको थियो । अझ मट्टीतेलको मूल्य त एक पैसा पनि घटाइएन, जबकि त्यसको खरीद मूल्य भने १९ प्रतिशत कम भएको थियो ।

अहिलेकै मट्टीतेलको मूल्यवृद्धिलाई उदाहरणको रूपमा हेरौं । पोहोर कार्तिकयता विश्व बजारमा मट्टीतेलको भाउ केवल ५८ प्रतिशतले बढेको देखिएको छ। त्यसमाथि, यसबीच बढेको ७ प्रतिशत डलरको भाउ जोड्ने हो भने केवल ६५ प्रतिशत हुन्छ । परन्तु कांग्रेस सरकारले र आयल निगमले अहिले मट्टीतेलको मूल्य १०० प्रतिशत बढाएको छ । अर्थात्, विश्व बजारभन्दा ३५ प्रतिशत ज्यादा । उसले मट्टीतेल ज्यादाजसो गरीबले प्रयोग गर्ने इन्धन हो भन्ने थाहा पाउँदा पाउँदै पनि यति ज्यादा मूल्यवृद्धि गरेको छ ।

गरीबी निवारणको नारा दिने, त्यही गरीबी निवारणको ब्यानर जनतासमक्ष टाँगेर सत्तामा आउने, अनि सिंहदरबारमा पुगेपछि गरीबलाई नभई नहुने मट्टीतेल विश्वबजारमा भन्दा ४५ प्रतिशत महँगोमा नेपाली गरीबहरूले किन्न बाध्य पार्ने । यो कस्तो गरीबी निवारणप्रतिको प्रतिबद्धता हो ? तसर्थ, कांग्रेस सरकारको गरीबी निवारणको नारा गरीबको भोट बटुल्ने साधनसिवाय केही होइन, यो सरासर पाखण्ड हो भन्ने कुरा अहिलेको मट्टीतेलको मूल्यवृद्धिले छर्लंगै देखाएको छ ।

यस परिप्रेक्ष्यमा हो, विश्वबजारमा तेलको भाउ नबढेको होइन । यो बढेको हो र निकै बढेको हो, परन्तु त्यति बढेको होइन, जति कांग्रेस सरकारले र आयल निगमले अहिले बढाएको छ । विश्व बजारको मूल्यवृद्धिलाई मुख्य कारणको रूपमा तेर्स्याएर अहिले कांग्रेस सरकारले मट्टीतेलको मूल्य दोब्बर पारेको छ । यो सरासर नाजायज छ । सरकारले मट्टीतेलमा पटक्कै अनुदान नदिंदा पनि आयल निगम आफैंले सार्वजनिक गरेको आँकडाअनुसार मट्टीतेलको मूल्य विश्व बजार डलरको भाउ वृद्धिको अनुपातमा ६५ प्रतिशले मात्र बढाएर, अहिलेको मट्टीतेलको मूल्य वृद्धिमा ३५ प्रतिशत कटौती गर्न संभव छ । त्यो भनेको २६ रू. प्रतिलिटरको २१ रूपियाँ चानचुनमा झार्न संभव छ । अझ गरीबी निवारणको नारा दिने सरकारले मट्टीतेलबाट बिना अनुदान गरीबको इन्धन-मट्टीतेलमा प्रतिलिटर कम से कम रू. ३ मा अनुदान दिने हो भने पनि मट्टीतेलको भाउ अझ घटेर रू. १८ प्रति लिटर हुन संभव छ ।

माथिको आँकडाले के पनि देखाएको छ भने, केवल अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धिका कारणले तेल मट्टीतेल यति महँगो भएको होइन । यसमा अरू कारण पनि गर्भमा अन्तरनिहित छ । त्यो जड कारण के हो भने- मट्टीतेल र डिजेलको भाउ र मट्टीतेल र पट्रोलको भाउमा निकै ज्यादा अन्तर भएकोले - डिजेलमा पनि र पेट्रोलमा पनि व्यापक मात्रामा सस्तो मट्टीतेल मिसाएर गाडी चलाउने परिपाटी बढ्यो । मट्टीतेलको अपचलन निकै मात्रामा बढ्यो । डिजेल/पेट्रोल प्रयोग गर्नुपर्ने कारखानाहरूले समेत सस्तो मट्टीतेलको प्रयोग गर्न थाले । मिसावट र अपचलनको समस्या निकै चर्को मात्रामा सिर्जना भएकाले झण्डै झण्डै डिजेलको मूल्य बराबर हुने गरी मट्टीतेको भाउ बढाइएको हो ।

पेट्रोलियम पदार्थको खपतको प्रवृत्ति सम्बन्धी आँकडामाथि ध्यान दिएर हेर्ने हो भने यो तथ्य राम्रोसित उजागर हुन्छ :

## आँकडा २

### नेपालले किनिरहेको प्रशोधित तेलको विश्व बजारमूल्य र डलरको भाउ प्रति मेट्रिक टन/अमेरिकी डलरमा

| आर्थिक वर्ष | डिजेलको मूल्य | वृद्धिदर प्रतिशतमा | मट्टीतेलको मूल्य | वृद्धिदर प्रतिशतमा | अमेरिकी डलरको नै.रु. विनीमयदर | वृद्धिदर प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| २०५२/५३ | १८३ | - | १८८ | - | ५०/९४ | - |
| २०५३/५४ | २०७ | १३.१ | २२२ | १८.१ | ५६/८० | ११.५ |
| २०५४/५५ | १५३ | -२६.१ | १७० | -२३.४ | ५६/३० | -०.८ |
| २०५५/५६ | १३१ | -१४.४ | १३८/ | -१८.८ | ६८ | २०.८ |
| २०५६/कार्तिक | १९५ | ४८.८ | २२५ | ६३.० | ६९/०५ | १.५ |
| २०५७ असोज | ३३० | ३९.२ | ३५५ | ५७.८ | ७३/६० | ६.६ |

स्रोत : नेपाल आयल निगम

गरेको छ । यसबाट के प्रश्न पैदा भएको छ भने, आफ्नो परल मूल्यभन्दा निकै ज्यादा मट्टीतेलमा १०० प्रतिशतसम्म वृद्धि गर्न उचित ठान्ने सरकार र निगमले पेट्रोलमा चाहिं विश्व बजारकै परल मूल्य बरोबर ५२ प्रतिशत मूल्यवृद्धि गर्न किन उचित ठानेन ?

अहिले नेपालमा वार्षिक ५५,५८९ किलोलिटर पेट्रोल खपत हुन्छ । त्यसमा विश्व बजारको परल मूल्य बमोजित मूल्यवृद्धि गर्ने हो भने अहिलेभन्दा थप ३७ प्रतिशत ज्यादा मूल्यवृद्धि गर्नुपर्ने हुन्छ । यसबाट हरेक एक लिटर पेट्रोलमा थप रू १३/६० प्राप्त हुन्छ । ५५,५८९ किलोलिटर पेट्रोलबाट यसप्रकार करीब ७६ करोड रूपियाँ थप आर्जन हुनसक्छ । यो जगजाहेर छ, पट्रोल ज्यादाजसो मध्यमवर्ग र त्योभन्दा माथिका संपन्न वर्गले प्रयोग गर्ने इन्धन हो । विपन्न वर्गको तुलनामा महँगी झेल्ने क्षमता उनीहरूसँग ज्यादा हुन्छ । परन्तु अहं प्रश्न के हो भने, कांग्रेस सरकार र आयल निगमले विपन्न वर्गको इन्धन मट्टीतेलमा भने अन्तरराष्ट्रिय बजारको परल मूल्यभन्दा ४५ प्रतिशत ज्यादा मूल्यवृद्धि गरेर विपन्न वर्गको ढाड भाँच्न किन उचित संझियो ? तर, त्यही बेला संपन्न वर्गको ज्यादा प्रयोगमा आउने पेट्रोलको मूल्यमा भने अन्तरराष्ट्रिय बजारको परल मूल्यसरह नै मूल्यवृद्धि गर्नसमेत किन जरूरी संझिएन ? कांग्रेस सरकार वास्तवमा बहुसंख्यक विपन्न वर्गको हितमा काम गर्छ कि थोरै संपन्न वर्गको ?- यो व्यवहारले नै छर्लंग पार्ने कार्य गरेको छ ।

के प्रष्टै देखिन्छ भने पेट्रोलमा विश्वबजारमा परेसरह मूल्यवृद्धि गर्ने हो भने त्यसबाट थप उठ्ने ७४ करोड रूपैयाँबाट मट्टीतेलको प्रति लिटर मूल्यलाई अझ घटीमा २ रूपियाँ तल ओराल्न सकिन्छ ।

## आँकडा ३

## नेपालमा पेट्रोलियम पदार्थको खपतको प्रवृत्ति

### परिमाण - किलो लिटरमा

| आर्थिक वर्ष | पेट्रोल | डिजेल | मट्टीतेल | हवाइ इन्धन | एल.डि.ओ | फर्नेश आयल | एल पी ग्याँस |
|---|---|---|---|---|---|---|---|
| २०३१/३२ | १०,२३१ | २७,१११ | ३३,२४०. | ९,५३८ | ९,४३४ | ५०८ | २१५ |
| २०४७/४८ | २४,२८३ | १,३९,५२१ | १,००७२३ | २०,५७३ | ३,१७३ | ७,११६ | ३,९९५ |
| २०५१/५२ | ३४,९८३ | २,२६,६२२ | १,८०,९०० | ३७,५२४ | ३,७९४ | ३२,०३ | १३,०४९ |
| २०५२/५३ | ४१,१९३ | २,५०,५०० | २,०८,७१५ | ४०,६१९ | ४,४४९ | १८,२९३ | १८,६०० |
| २०५३/५४ | ४४,७०९ | २,५७,९१० | २,४३,८१० | ४७,८६४ | १,९८३ | १७,२९६ | २१,८२४ |
| २०५४/५५ | ४६,९३९ | ३,००,६०४ | २,८२,०२६ | ५१,४१२ | ९६७ | २७,७७६ | २२,९६१ |
| २०५५/५६ | ४९,९९४ | ३,१५,७८० | २,९४,९८२ | ५५,५४९ | ५४७ | ३३,८६० | २५,०१९ |
| २०५६/५७ | ५५,५८९ | ३,१०,५६१ | ३,३१,१२० | ५६,८४९ | ३,९८९ | २६,८११ | ३०,६२७ |

स्रोत: नेपाल आयल निगम

हेर्नुहोस् माथिको आँकडा- ३ ।

आँकडा ३ लाई नियालेर हेर्ने हो भने २०५५/५६ को तुलनामा २०५६/५७ सालमा डिजेलको खपत उल्टो ५ हजार किलोलिटरभन्दा बेसी घटेको देखिन्छ, जबकि यसबीच मुलुकमा डिजेलले चल्ने गाडीहरू भने निकै थपिएका छन् । तर, यही अवधिमा मट्टीतेलको खपत भने ३७ हजार किलोलिटर बढेको देखिन्छ । यस्तो किन भयो ? यसको जड कारण मट्टीतेलको डिजेलसित व्यापक मात्रामा मिसावट र अपचलन हो । संभवतः यही समस्या समाधान गर्न, गरीबमाथि पर्ने व्यापक प्रतिकूल असरको ख्याल नै नराखीकन मट्टीतेलको मूल्य ह्वात्तै बढाएर डिजेलेको हाराहारीमा पुऱ्याइएको हो ।

आयल निगमको भूल्यवृद्धि गर्ने निर्णयमा चर्को विरोधाभाष के पनि देखिन्छ भने, विश्वबजारमा पोहोर कार्तिकयता पेट्रोलको भाउ २४८ डलरबाट बढेर ३७६.२३ डलर पुगेको छ । यो कुरा हालैको आयल निगमकै विज्ञप्तिमा उल्लेख छ । यसको मतलब पेट्रोलको मूल्यमा विश्वबजारमा ५२ प्रतिशत वृद्धि भएको छ । परन्तु आयल निगमले नेपालमा पेट्रोलको मूल्यमा केवल १७.५ प्रतिशत मात्र वृद्धि

**तर, त्यही बेला संपन्न वर्गको ज्यादा प्रयोगमा आउने पेट्रोलको मूल्यमा भने अन्तरराष्ट्रिय बजारको परल मूल्यसरह नै मूल्यवृद्धि गर्नसमेत किन जरूरी संझिएन ?**



## कसरी आउँछ नेपालमा तेल ?

**नेपालमा** तेल आयात गर्ने र बिक्री वितरण गर्ने एकल अधिकार खालि नेपाल आयल निगमलाई मात्र छ । आयल निगम पूर्ण सरकारी संस्थान हो । २०२७ साल पुष २६ गते यसको स्थापना भएको थियो । शुरुमा सबै पेट्रोलियम पदार्थको आयात र बेचबिखन आयल निगम एक्लैले गर्थ्यो । अहिले लुब्रिकेण्टस्, बिटुमिन र अरु केही पदार्थहरुको आयात र बेचबिखन निजी क्षेत्रले गर्छ । निगमले चाहिं पेट्रोल, डिजेल, मट्टितेल, हवाइ इन्धन, फर्नेस आयल, लाइट डिजेल आयल र खाना पकाउने ग्याँसको आयात र बेचबिखन गर्छ ।

आयल निगमले सबै प्रकारका पेट्रोलियम पदार्थ विश्व बजारमा किन्दैन । केवल प्रशोधित मट्टितेल र डिजेल मात्र सिंगापुर वा अरब खाडीको बजारमा किन्छ । नेपालले त्यो अमेरिकी डलरमा ती बजारबाट खरीद गर्छ । अनि त्यो प्रशोधित तेललाई जहाजबाट ल्याई भारतीय पूर्वीय तटको बन्दरगाहमा इण्डियन आयल कर्पोरेशन (IOC) को टैंकमा खन्याइदिन्छ । त्यहाँ त्यो भारुमा इण्डियन आयल कर्पोरेशनलाई बेचिन्छ । बेच्ने मूल्य त्यही हुन्छ, जुन जहाज खाली भएको दिन भारतीय स्टेट बैंकले विनिमयदर भनेर तोकेको हुन्छ । निगमले आफूलाई चाहिने विभिन्न पेट्रोलियम पदार्थको मात्राको जानकारी पहिले नै IOC लाई दिइसकेको हुन्छ । त्यही मुताविक आफूले IOC लाई जिम्मा लगाएको डिजेल र मट्टितेलको कूल मूल्य बरोबरको विभिन्न पेट्रोलियम पदार्थ वस्तु साटासाट (Barter) प्रणालीका आधारमा नेपाल भारत-सीमा क्षेत्रको पायक पर्ने भारतीय डिपोबाट प्राप्त गर्छ ।

IOC ले बन्दरगाहमा तिर्नु पर्ने ह्वार्फेज, लैण्डिङ कस्ट, IOC लाई दिनुपर्ने मार्केटिङ मार्जिन, नाफाको मार्जिन र तेललाई बन्दरगाहबाट सीमासम्म ल्याउँदा लाग्ने रेल्वे भाडा, यी सबै कुराको मूल्य जोडेर भारतीय सीमाको तेलको मूल्य निर्धारण गरेको हुन्छ । त्यही मूल्यलाई आधार मानेर भारतीय सीमा क्षेत्रको डिपोबाट आफूलाई चाहेको मात्रामा पेट्रोल, डिजेल, ग्याँस, मट्टितेल, फर्नेश आयल, लाइट डिजेल आयल र हवाइ इन्धन नेपालले आफ्नो देशमा भित्र्याउँछ ।

यसको निम्ति नेपाल आयल निगम र IOC बीच जुन २००१ सम्मको संझौता भएको छ ।

नेपालमा आउने खाना पकाउने ग्याँस चाहिं साउदी अरेवियाबाट आउँछ । साउदी अरेवियाबाट भारतको पूर्वी तटीय बन्दरगाह भाइज्याकसम्म आयात गरी त्यहाँबाट विहारको बरौनीसम्मको रेल्वे ढुवानी भाडा जोडी ग्याँसको मूल्य निर्धारण गरिन्छ । हामीले बरौनीबाट चाहिएको मात्रामा ग्याँस नेपाल भित्र्याउँछौं । इण्डियन आयलको सुविधा प्रयोग गरेबापतको न्यूनतम खर्चहरु उसले हामीबाट असुल गर्छ । ❑

◀ **आवरण**

*इन्धनमा भएको मूल्यबृद्धिविरूद्ध नेकपा एमालेले गरेको धर्ना कार्यक्रमको एक दृश्य*




**सरकार एक चौथाई संपन्न वर्गको हितको निम्ति निकै सचेष्ट देखियो, परन्तु तीन चौथाई विपन्न वर्गको बर्बादीप्रति पटक्कै चिन्तित देखिएन ।**

अन्तरराष्ट्रिय बजारमा अहिले जत्तिकै मूल्यवृद्धि हुंदा पनि सरकारसित देशका बहुसंख्यक विपन्न वर्गका जनताप्रति उत्तरदारी भावना हुने हो भने - पेट्रोलियम पदार्थको मूल्यवृद्धि ती वर्गका जनतालाई अहिलेभन्दा निकै कम व्ययभार पर्ने गरी गर्न सकिन्थ्यो । मुख्य समस्या के भइदियो भने - सरकार एक चौथाई संपन्न वर्गको हितको निम्ति निकै सचेष्ट देखियो, परन्तु तीन चौथाई विपन्न वर्गको बर्बादीप्रति पटक्कै चिन्तित देखिएन । पेट्रोलमा केवल १७.५ प्रतिशत मूल्यवृद्धि र मट्टीतेलमा चाहिं १०० प्रतिशत मूल्यवृद्धिले देखाएको कटु यथार्थ यही हो । सरकारको र आयल निगमको अर्थ-राजनीति र वर्ग पक्षधरता यो घटनाले छर्लङ्ग पारेको छ । नत्र भने विश्वबजारमा मट्टीतेल र पेट्रोल लगभग उति उति नै महंगो भएका छन्, तर नेपालमा धेरै जनताले प्रयोग गर्ने मट्टीतेलमा थोरै जनताले प्रयोग गर्ने पेट्रोलभन्दा तीन चौथाई ज्यादा मूल्यवृद्धि किन ?

सरकारले र निगमले - राशनकार्डवाला ३ लिटर मट्टीतेलमा भारी अनुदान दिनु परेकाले - मट्टीतेलकौ मूल्य यति बढाउनु परेको भन्ने लँगडो तर्क दिएको छ । पहिलो कुरो त, ३ लिटर मट्टीतेलले टुकी बाल्नु सिवाय अरू केही गर्न पुग्दैन । स्टोभ बालेर खाना पकाउन बाध्य लाखौं विपन्न नेपालीहरूले महिनाको ३ लिटर मट्टीतेलले के गर्ने ? दोस्रो, यसलाई अनुदान्न नै कसरी भन्ने जबकि सरकारले यसमा राज्यकोषबाट एक पैसा योगदान गरेको देखिन्न ? मट्टीतेल प्रयोग गर्ने विपन्न एकथरिलाई हुनुपर्नेभन्दा मट्टीतेल डबल महँगो पारेर विपन्न अर्कोथरिलाई अनुदान दिएँ भन्नु आमाको भागको खानेकुरा पूरै खोसेर भोको पारेर बाबुलाई अघौंजी ख्वाएँ भनेर फूर्ती लाउनुजस्तै कुरा हो । राशन कार्ड प्रणाली आफैमा नराम्रो होइन । परन्तु भारतमा राशन कार्डबाट परिवार संख्या हेरेर मासिक ४ देखि ८ लिटरसम्म मट्टीतेल सहुलियत दरमा दिइन्छ । त्यस्तै गर्न सके नेपालमा पनि राशनकार्डवाला मट्टीतेल विपन्न नेपालीको लागि थोरै राहत हुन सक्थ्यो ।

नेपालमा मूल्यवृद्धिको अर्को कारक हो - नेपाल भारतबीचको खुला सीमाना । सीमा खुला भएकाले तेल भारतमा भन्दा यहाँ सस्तो हुनासाथ उता चुहिएर जाने गर्छ । पटक पटक यस्तो स्थिति पैदा भएको छ - नेपालमा पेट्रोलियम पदार्थको भाउ बढाउनुपर्ने स्थिति छैन, तथापि भारतीय बजारमा मूल्यवृद्धि भएकाले यहाँ मूल्यवृद्धि गर्नुपरेको छ । यसपालिको मूल्यवृद्धिमा पनि जनताको हितलाई भन्दा ज्यादा नेपाल भारत सीमानामा हुने चुहावटलाई ध्यान दिइएको देखिन्छ । ग्याँसलाई छोडेर नेपाल-भारत सीमा क्षेत्रमा हाराहारी हुने गरी अरू पेट्रोलियम पदार्थको मूल्य निर्धारण गरिएको छ ।

उदाहरणको निम्ति यो आँकडालाई नियालौं :

## आँकडा ४

## नेपाल भारत सीमा क्षेत्रमा पेट्रोलियम पदार्थको मूल्य

### प्रति लिटरमा

| | भारतीय सीमा रक्सौलमा | वीरगंजमा |
|---|---|---|
| पेट्रोल | ने.रु. ४७/६३ | ४७ |
| डिजेल | २८/६२ | २७/५० |
| मट्टीतेल | १६/- | १५/५० |
| (राशन कार्डवाला) | | |
| मट्टीतेल | २८/८० | २६ |
| (खुला बिक्रीवाला) | | |
| ग्याँसप्रति सिलिण्डर | ३९३ | ५५०/- |
| स्रोत : नेपाल आयल निगम र मूल्यांकन | | |

***ग्याँस भने भारतमा भन्दा नेपालमा प्रतिसिलिण्डर १५७ महँगो पारिएको छ । भारतमा पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरिएकै कारणले यताको तेल उता जान थालेकाले पुरानो स्टक हुँदाहुँदै पनि नेपालमा यति छिटै मूल्य वृद्धि गरिएको छ ।***

यो आँकडाले के देखाएको छ भने यसपल्टको मूल्यवृद्धिमा पनि LPG ग्याँसलाई छाडेर अरू सबै पेट्रोलियम पदार्थमा सीमा क्षेत्रमा चुहावट रोक्न उही उही दररेट कायम गर्ने कुराले ज्यादा प्राथमिकता पाएको छ । ग्याँस भने भारतमा भन्दा नेपालमा प्रतिसिलिण्डर १५७ महँगो पारिएको छ । भारतमा पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरिएकै कारणले यताको तेल उता जान थालेकाले पुरानो स्टक हुंदाहुँदै पनि नेपालमा यति छिटै मूल्य वृद्धि गरिएको छ । त्यसैले, दीर्घकालीन रूपमा नेपालमा अरू सबै बस्तुको झैं पेट्रोलियम पदार्थको पनि स्वतन्त्र मूल्य निर्धारणको स्थिति बनाउने हो भने खुला सीमानाको स्थिति अन्त गर्नु पर्दछ । नेपाल-भारत सीमा नियन्त्रित गर्नुपर्दछ । अन्यथा, नेपालको स्वतन्त्र अर्थनीति हुनै सक्दैन, न त स्वतन्त्र वित्तनीति नै हुनसक्दछ ।

पेट्रोलियम पदार्थमा चर्को मूल्यवृद्धि नेपालले व्यहोर्नु पर्नाको अर्को मुख्य कारण - नेपाली मुद्राको डलरको तुलनामा क्रमिक अवमूल्यन हो । नेपाली मुद्राको तुलनामा अमेरिकी डलर निकै महँगो हुंदै जानुको कारणले विश्वबजारमा तेलको भाउ उति नबढ्दा पनि नेपालले निकै महँगोमा तेल किन्नुपर्ने स्थिति व्यहोर्नु परको छ ।

उदाहरणको लागि यो आँकडा हेरौं :

**आँकडा नं. ५**

## विश्वमा तेलको मूल्य विगत दश वर्षमा
### अमेरिकी डलरमा

| १० वर्षअघि जुलाई १९९० | ५ वर्षअघि जुलाई १९९५ | ३ वर्षअघि जुलाई १९९७ | २ वर्षअघि डिसेम्बर १९९८ | गत वर्ष अक्टोबर १९९९ | अहिले अक्टोबर २००० |
|---|---|---|---|---|---|
| १६.०३ | १६.०० | १८.३१ | २२.४६ | १०.४१ | ३१.६९ |
| | | | | | स्रोत : The Economist |

यो आँकडाले के देखाएको छ भने विश्वबजारमा कच्चा तेलको मूल्य ५ वर्षको दौरानामा बढ्दै बढेन, विगत १० वर्षमा दुई गुणा मात्र बढेको छ । यो प्रति ब्यारेल १६ डलरबाट ३२ डलर पुग्न गएको छ । बीचमा उतारचढाउ भएको छ । विगत दश वर्षमा तेलको मूल्य निकै घटेर १० डलरसम्म पनि ओर्लेको छ, जस्तो दुई वर्षअघि परार डिसेम्बरमा । परन्तु नेपालीले न त अहिलेभन्दा तीन गुणा सस्तो तेलबाट फाइदा लिन पाएको छ, न तेलको लगभग स्थिर दरबाट । यसमा एउटा मुख्य बाधा भएको छ - डलरको तुलनामा नेपाली मुद्राको अवमूल्यन ।

एक डलर बरोबर १० वर्षअघि २०४६ साल श्रावणमा २७/४० थियो, पाँचवर्षअघि २०५१ श्रावणमा यो रू ४९/११ हुन पुग्यो, अहिले हामी ७३/८५ तिरेर एक डलर खरीद गरिरहेछौं । यसप्रकार तेलको भाउ ज्यूँ का त्यूँ भइराख्दा पनि नेपाली मुद्राको डलरसितको अवमूल्यनको कारणले नै तेलको भाउ दश वर्षमा स्वतः १६९ प्रतिशत बढ्ने भएको छ । २०४६ साल श्रावणमा हामी केवल रू. ६/९० मा एक लिटर मट्टीतेल किन्थ्यौं । अहिले त्यत्ति नै मट्टीतेलको रू. २६ पर्ने भएको छ । तर अन्तर्राष्ट्रिय बजार हेर्ने हो भने यसबीच तेलको मूल्यमा दुई गुणा सिवाय बृद्धि भएको देखिँदैन । प्रश्न उठ्छ, विश्वबजारमा १० वर्षमा केवल दुई गुणा तेलको भाउ बढ्दा नेपालमा चाहिं त्यो झण्डै चार गुणा किन बढ्यो त ? यसको एउटा मुख्य कारण डलरको मूल्य बृद्धि हो ।

अर्को आयल निगमभित्रको बेथिति र भ्रष्टाचार हो ।

### *बेथिति र भ्रष्टाचार*

"आयल निगममा अहिले ६८१ जना कर्मचारीको स्थायी दरबन्दी छ, कार्यरत ५३५ जना छन् । ५८ अस्थायी छन् । जम्मा ५९३ जना कर्मचारीले निगम चलिरहेछ । परन्तु बढीमा अहिलेको आधी अर्थात् ३०० जना दक्ष कर्मचारी भए निगम मजाले चल्छ", नेपाल आयल निगम कर्मचारी संघका अध्यक्ष देवीप्रसाद न्यौपाने बताउनु हुन्छ ।

निगम मन्त्री र पार्टीका मान्छेको जागीर ख्वाउने भाँडो भएको त्यहाँका कर्मचारीहरू नाउँ नखोल्ने शर्तमा हाक्काहाक्की बताउँछन् । "ऐन नियमअनुसार नियुक्तिपत्र नदिई निगममा कसैलाई काममा लाउन पाइन्न । परन्तु पूर्व जि.एम. युवराज शर्माको पालामा ३५० जना कर्मचारीलाई विना नियुक्तिपत्र उत्तिकै राखियो । उनीहरूमध्ये १०० जना त महिनाको एक दिन आएर तलब बुझ्थे र त्यसपछि अलप हुन्थे । बाँकीलाई अफीसमा बस्ने कुनै कुर्सी टेबिल थिएन । अहिले पनि निगममा नियुक्ति-पत्रबिनाका ४० जना कर्मचारी छन्", श्री न्यौपाने मूल्यांकनलाई निर्भयतापूर्वक बताउनुहुन्छ ।

निगमभित्रकै एउटा विश्वस्त सूत्रले मूल्यांकनलाई बताएअनुसार "निगमले तेल ढुवानीकर्ताहरूलाई क्षति भनेर ०.२५ प्रतिशत पेट्रोलियम पदार्थ प्रत्येक टैंकरमा कटाउने छूट प्रदान गरेको छ । निगमभित्रको घोटालाको एउटा महत्वपूर्ण मुहान यो छूट हो । वास्तवमा यो छूट अहिले दिइएको भन्दा ५० प्रतिशत कम अर्थात् ०.१२ प्रतिशत दिनु नै प्राविधिक रूपले काफी हुन्छ ।" यो अनावश्यक छूटबाट १४ किलो लिटरको मट्टीतेलको एउटा टैंक-लरीमा एक पटकमा निगमलाई ५२.५ लिटर इन्धन अर्थात् १३६५ रू. घाटा हुन्छ । यो घाटालाई वर्षदिनभरिको नोक्सानीमा ढाल्ने हो भने केवल मट्टीतेलको ढुवानीमा मात्र वर्षको लगभग दुई करोडको नोक्सानी हुन्छ । अरू इन्धन समेतको हिसाब गर्ने हो भने करोडौंको घाटा हुन्छ ।"

तर ढुवानीकर्ताहरूको माफियासित मिलेर निगममा यो छूट लगातार चलिरहेको छ र कमीशन स्वार्थले यसमा काम गरेको छ ।

निगमले पेट्रोलियम पदार्थको ओसार पसारमा ठाउँ हेरेर, हावापानी हेरेर निश्चित मात्रामा क्षतिको लक्ष्य तोकेको हुन्छ । परन्तु केही अपवाद छाडेर धेरैजसो डिपोमा क्षतिको लक्ष्यभन्दा निकै ज्यादा पेट्रोलियम पदार्थको क्षति भएको देखिएको छ । जस्तो, पेट्रोलको ढुवानीमा ०.५७ प्रतिशत क्षतिको लक्ष्य तोकिएको थियो अमलेखगंजको लागि । तर वि.सं. २०५३/५४ मा क्षति यथार्थमा १.११० हुन पुग्यो । अर्थात् लक्ष्यभन्दा झण्डै डबल । मट्टीतेलको ढुवानीमा अमलेखगंजकै लागि ०.४० लक्ष्य तोकिएको थियो । तर उपरोक्त वर्षमा वास्तविक क्षति ०.६२० हुन पुग्यो । घोटालाको अर्को मुहान यो क्षति हो ।

महँगो पेट्रोलियम पदार्थमा सस्तो तेलको मिसावट- निगमभित्र घोटालाको अर्को ठूलो मुहान यो हो । "नेपालमा सबैभन्दा ज्यादा दुई तिहाई तेल खपत हुने मध्यमाञ्चलमा हो । मिसावटको चर्को समस्या पनि सबैभन्दा ज्यादा त्यहीं छ । खासगरी रक्सौल वीरगंजदेखि अमलेखगंजसम्म र अमलेखगंजदेखि काठमाण्डौसम्म पेट्रोलियम पदार्थमा व्यापक मात्रामा सस्तो तेलको मिसावट हुन्छ । पेट्रोल र डिजेलसित मट्टीतेल उल्लेख्य मात्रामा मिसाइन्छ । अहिले मट्टीतेलको भाउ डिजेलसरह पुऱ्याइनुको एउटा मुख्य कारण नै मिसावटको चर्को समस्याले गर्दा हो ।" निगमभित्रको एउटा सूत्रले नाम नखोल्ने शर्तमा मूल्यांकनलाई बताए ।


"रक्सौलबाट तेल लिएर जब ट्यांकर वीरगंजतिर बढ्छ, त्यो सबभन्दा पहिला वीरगंजमा टीनको ढोकाभित्रको एउटा गोप्यस्थलमा छिर्छ । पहिलो शानदार मिसावट त्यहाँ हुन्छ । त्यहाँ पेट्रोल डिजेल निश्चित अनुपातमा झिकिन्छ र मट्टीतेल मिसाइन्छ । त्यसपछि डिपो-डिपोमा पटकपटक यो घटना घट्छ- उक्त सूत्रले बताए ।

मैले यो समस्याबारे निगमको कर्मचारी संघका अध्यक्षसित जिज्ञासा राख्दा श्री न्यौपानेको स्पष्ट र खरो जवाफ थियो- "यो समस्या देशव्यापी छ, विशेषतः यो मध्यमाञ्चल र पूर्वाञ्चलमा ज्यादा छ खासगरी वीरगंज र अमलेखगंजको बीचमा र हेटौंडा सेक्टरमा यो बेथिति ज्यादा हुन्छ । पुलीस, मिलीटरी र साझाको डिपोबाहेक अधिकांश ठाउँमा मिसावट व्यापक मात्रामा हुन्छ । मिसावट गर्नेहरू कार्वाहीमा पनि परेका छन्, तर नगण्य मात्र । माथिदेखि तलसम्मै केही एक चौथाई मान्छेहरू यो धन्दामा लागेका छन् । कसले कसलाई कार्वाही गर्ने ?"

निगमका कार्यकारी निर्देशक मदनराज शर्माले पनि "यो समस्या केही ठाउँमा भएको" स्वीकार्नु भयो, तर "तिनीहरूमाथि सख्त कार्वाही भएको" बताउनुभयो ।

## क. बासुकलाप्रति श्रद्धाञ्जली

**गत** असोज १९ गते क. आशाकाजी बासुकलाको ५१ वर्षको उमेरमा असामयिक निधन भएको छ। उहाँ केही दिनअघिदेखि निमोनियाले सताइनुभएको थियो, अचानक उहाँलाई हृदयघात भयो र उहाँको निधन भयो ।



क. बासुकला नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य, भक्तपुर न.पा.का पूर्व मेयर र पूर्व सांसद समेत हुनुहुन्थ्यो । सांस्कृतिक क्षेत्रमा रूची भएका उहाँ एक लेखक-कलाकार समेत हुनुहुन्थ्यो ।

ने.म.कि.पा.का अध्यक्ष क. रोहितले पार्टीको झण्डा ओढाउनु भएपछि र पार्टीजन एवं आफन्तहरूले श्रद्धाञ्जली चढाउनु भएपछि उहाँको सोही दिन शवयात्र गरी दाहसंस्कार गरिएको थियो । ने.म.कि.पा.ले क. बासुकलाको निधनलाई अपुरणीय क्षति मान्दै गहिरो दुःख व्यक्त गरेको छ ।

क. बासुकलाले निरंकुश पंचायत विरोधी संघर्षमा र नेपाली कम्युनिष्ट आन्दोलनमा पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै हामी उहाँको यो असामयिक निधनमा गहीरो दुःख व्यक्त गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

उहाँको शोक सन्तप्त पार्टी र परिवारप्रति हार्दिक समवेदना पनि व्यक्त गर्दछौं ।

- मूल्यांकन *परिवार*

# नेपालमा तेलको मूल्य

## बहुदल आउनुअघि र पछि प्रतिलिटर/रूपैयाँमा

| | पेट्रोल | डिजेल | मट्टितेल |
|---|---|---|---|
| २०२९ साल चैत्र | २.७० | १.९४ | १.१९ |
| २०३० भाद्र | २.८८ | १.८४ | १.१९ |
| २०३५ माघ | ७/- | ३.४० | ३.१० |
| २०४१ श्रावण | ९.४० | ५.७५ | ४.९० |
| २०४६ श्रावण | १९ | ९.९० | ६.९० |
| २०४७ श्रावण | १९ | ७.५० | ६ |
| २०४८ श्रावण | २५ | १० | ८ |
| २०४९ श्रावण | २८ | ११.२५ | ९.२५ |
| २०५० माघ | २९ | १२ | ९.७५ |
| २०५१ पौष | २९ | १२ | ८.५० |
| २०५२ चैत्र | ३९ | १३.५० | ९.५० |
| २०५३ आषाढ | ३४ | १४ | ९.५० |
| २०५४ जेठ | ३९ | १७ | ११ |
| २०५५ श्रावण | ४० | १६.५० | १०.५० |
| २०५५ माघ | ४० | १५.५० | १०.५० |
| २०५६ कार्तिक | ४० | २३ | १३ |
| २०५७ असोज | ४७ | २७.५० | २६ |

स्रोत : नेपाल आयल निगम

## तेलको भाउवृद्धिको प्रवृत्ति

| राजा वीरेन्द्रको सक्रिय शासनकालमा | | बहुदलीय कालमा |
|---|---|---|
| २०२९ सालको तुलनामा | २०४६ सालमा | २०४७ सालको तुलनामा २०५७ असोजमा |
| ◆ पेट्रोलको भाउ | ६०४ प्रतिशत महँगो | १४७ प्रतिशत महँगो |
| ◆ डिजेलको भाउ | ४१० प्रतिशत महँगो | २६७ प्रतिशत महँगो |
| ◆ मट्टितेलको भाउ | ४८० प्रतिशत महँगो | ३३३ प्रतिशत महँगो |

❑ स्रोतः मूल्यांकन

मिसावटको समस्याले गर्दा १० वर्ष टिक्ने गाडीको इन्जिन ४-५ वर्षमै बिग्रने समस्या पैदा हुन्छ । वातावरण र जनस्वास्थ्यमा त यसले ज्यादै ठूलो असर पार्छ । यसबाट दम, क्यान्सर, ब्रोंकाइटिस, एलर्जी लगायतका अत्यन्त खतरनाक रोगहरू पैदा हुन्छन् मिसावटको तेलको प्रदूषणबाट ।

मिसावटबाट यो विकराल समस्या कम गर्ने हो भने सिलीगुडी र रक्सौलदेखि अमलेखगंजसम्म पाइपलाइन बिछ्याउनु अत्यन्त जरूरी देखिएको छ । यसले मिसावट मात्र रोक्ने होइन, ढुवानी पनि निकै सस्तो पार्छ । भनिन्छ, ट्यांकलरीभन्दा ट्रेनको वायगनको ढुवानी दश गुणा सस्तो हुन्छ, वायगनभन्दा पाइपलाइनको ढुवानी अरू दश गुणा सस्तो हुन्छ ।

निगमका कार्यकारी निर्देशकका अनुसार "पाइपलाइन निगमको योजनामा परेको छ, तर यसको लागि अरबौंको पैसा चाहिन्छ । सरकारले सोचेमा मात्र यो चाँडै कार्यान्वयनमा आउन सक्छ ।"

### *असर र उपायहरू*

अहिले तेलको भाडामा जुन मात्रामा भारी वृद्धि भएको छ, त्यसले नेपालमा जनताको गरीबी अरू ज्यादा बढाउने सुनिश्चित छ ।

"रू.५ को चिया ६ रूपिया भएपछि, ४ रूपियाँको बसभाडा ५ रूपियाँ पुगेपछि महिनावारी बजेट त चौपट नै हुने भयो नि । अब साथीलाई चिया खुवाउन पनि डराउनुपर्ने बेला आयो ।" एकजना निगमकै न्यून वैतनिक कर्मचारी मसँग गुनासो पोख्दै थिए ।

सीमान्त र सीमित आय भएका शहरिया श्रमिक कर्मचारी तथा विपन्नवर्गका जनताको महिनावारी बजेट यो कदमले डाँवाडोल पारिदिनेवाला छ । उनीहरूको जीवनस्तरमा यसले ओरालो झर्ने बाटो खोल्नेछ ।

देशको आर्थिक वृद्धिदरमा यो कदमले चाँडै नै कमी ल्याउनेछ । नेपाली उत्पादनलाई इन्धनकै महँगीको कारणले प्रतिस्पर्धामा महँगो बनाउनेछ । र, यसरी यसले आर्थिक मन्दीको बाटो खोल्नेछ । मुद्रास्फितिमा यसले चाँडै नै वृद्धि ल्याउनेछ । यातायात र ढुवानी भाडा बढ्नाले सबै वस्तु चक्रीय रूपमा, महँगो बन्नेछन् ।

जम्मामा, समूचा अर्थतन्त्रमा यो निर्णयले ओरालोमुखी असर पैदा गर्नेछ ।

विश्वव्यापी रूपमा जति मात्रामा इन्धनको भाउ वास्तवमै बढेको छ, त्यो नघटी नेपाली इन्धनमात्र उत्तिकै सस्तो हुनेवाला छैन, सस्तो पार्न सकिने स्थिति पनि हुन्न । तसर्थ, पेट्रोलियम पदार्थको भाउ अहिल्यै र पूरै हिजोको स्तरमा कृत्रिम रूपमा घटाउनु कुनै सरकारको पनि बूताभित्रको कुरो देखिन्न । परन्तु, माथि भनीसकिएझैं मट्टीतेल अहिलेभन्दा ६ देखि ८ रूपियाँसम्म सस्तो पार्ने उपाय छ । विनाअनुदान नै त्यसो गर्नु संभव छ ।

नेपालमा सरकारले डिजेल र मट्टीतेलमा समेत एक पैसा पनि अनुदान ओयल निगमलाई प्रदान गरिरहेको छैन । सरकारले अनुदान नदिई निगम एक्लैले अनुदानको व्यवस्था गर्नु संभव हुने कुरै भएन । जनकल्याणकारी राज्य र गरीवी निवारणको नारा दिएको कांग्रेस सरकारले गरीवहरूले प्रयोग गर्ने यी इन्धनमा आवश्यकीय रूपमा र निश्चित रूपमा अनुदान दिनु ज़रूरी छ । जनताले अनुदान दिनुपर्छ भनेर सरकारविरूद्ध संघर्ष गर्नु जरूरी छ । २६५ जना सांसदलाई दिइने वर्षेनी १० लाखको रकमको ब्यापक दुरूपयोग भइरहेछ । त्यसमध्ये जनही ५-५ लाख रकम कटाउने हो भने अनुदानको लागि चाहिने रकमको आधा थैली त यही एउटै शीर्षकबाट जुट्नु संभव छ । उपाय खोजियो भने अरू पनि धेरै फेला पर्छन् । जुन वस्तुमा मूल्य बढाउँदा अरू सबै वस्तुको मूल्यमा चक्रीय असर पर्छ, त्यस्तो आधारभूत वस्तुको मूल्य नबढाउन सरकारले अतिरिक्त अनुदान दिर्नेपर्छ । यसबाट उसले भाग्न पाइदैन, लाचारी व्यक्त गर्न पाइदैन ।

आयल निगमको मात्रै कुरा गर्ने हो भने पनि कर्मचारीको साइजलाई आधा घटाउनु संभव छ र त्यसबाट पनि लाखौं रकम जोगाउनु संभव छ ।

तापक्रम क्षतिको वर्तमान छूट आधा घटाउने र अन्य क्षतिहरूमा तोकिएको लक्ष्य हासिल गर्न कडा नियन्त्रण गर्ने हो भने करोडौंको रकम त्यसबाट पनि बच्नु संभव छ । राज्यले हरतरहले पेटमा पटुका कसेर सिलीगुडी र रक्सौलदेखि अमलेखगंजसम्मको पाइपलाइन तैयार गर्न योजनाबद्ध पहल गर्नु पनि जरूरी देखिएको छ ।

अहिले महँगीविरोधी जुन संघर्ष उठिरहेको छ, त्यो राम्रो भएको छ । परन्तु संघर्ष उठ्नु नै ठूलो कुरो होइन, त्यो फलदायी र प्रभावककारी हुनु जरूरी हुन्छ । एक्लाएक्लै र अलगअलग संघर्षले संगठनको अस्तित्व त धान्ला, तर यसले फल कहिल्यै ल्याउनेवाला छैन । एउटै मुद्दा र एउटै मागमा संघर्ष गरिरहेका शक्तिहरू कुन सिद्धान्त र संस्कृतिका कारणले लक्ष्य हासिल गर्न एकताबद्ध हुन सकिरहेका छैनन् ? जनसाधारणले ठम्याउन सकिरहेका छैनन् । ब्यापक जनताको माग छ- उनीहरू येनकेन प्रकारेण एकताबद्ध हुनु जरूरी छ । र, आफ्नो संघर्षले तेलको भाउ ज्यादाभन्दा ज्यादा घटाउने स्थिति पैदामा गर्नु जरूरी छ । ❑

***जुन वस्तुमा मूल्य बढाउँदा अरू सबै वस्तुको मूल्यमा चक्रीय असर पर्छ, त्यस्तो आधारभूत वस्तुको मूल्य नबढाउन सरकारले अतिरिक्त अनुदान दिर्नेपर्छ । यसबाट उसले भाग्न पाइदैन, लाचारी व्यक्त गर्न पाइदैन ।***

# जो विपन्न छ उसले तीन लिटर अनुदान-प्राप्त मट्टितेल किन्छ !



- मदनराज शर्मा
कार्यकारी निर्देशक, नेपाल आयल निगम ।

*पेट्रोलियम पदार्थमा हालै भएको मूल्यबृद्धिको सन्दर्भमा नेपाल आयल निगमका कार्यकारी निर्देशक मदनराज शर्मासँग मूल्यांकनले गरेको ताजा कुराकानी*

**● पेट्रोलियम पदार्थमा यति ज्यादा मूल्य बढाउनुको कारणहरू के हुन् ?**

- एउटा कारण अन्तरराष्ट्रिय बजारमा मूल्य वृद्धि हुनु हो । मूल्य बढ्नुमा आन्तरिक कारण पनि छ । हाम्रो नेपाली मुद्राको अमेरिकी मुद्रासँग निरन्तर रूपमा अवमूल्यन भइरहेको छ । मानिलिऊँ हाम्रो देशमा पेट्रोलियम पदार्थको सम्पूर्ण खपतलाई धान्न हामीलाई २०/२२ करोड डलर लाग्छ भने नेपाली एक रूपियाँको दरले मात्रै अमेरिकी डलरसँग अवमूल्यन भयो भने पनि करीब करीब २०/२२ करोड रूपियाँ बढ्न जान्छ । यही आन्तरिक कारणले गर्दा पनि यो रूपमा मूल्य बढाउनु परेको हो । अन्तराष्ट्रिय बजारमा नै पेट्रोलियम पर्दाथको मूल्य चर्को रूपमा बढेको छ । त्यसैले अन्तरराष्ट्रिय जगतमै मूल्य घटाउनको लागि अमेरिका, जापान तथा यूरोपका विभिन्न देशहरूले ओपेक राष्ट्रलाई निकै दवाब दिइरहेका पनि छन् ।

**● तपाईंहरूकै डाटाअनुसार पनि अन्तरराष्ट्रिय बजारमा ५८ प्रतिशत मात्रै मूल्यवृद्धि भएको देखिन्छ । तर तपाईंहरूले त १०० प्रतिशत नै बढाउनुभयो नि ?**

- यसमा एउटा कुरा तपाईंले के बिर्सनु भयो भने हामीले इन्धनमा अनुदान दिएका छौं । गरीबीको रेखामुनिका जनतालाई हामीले प्रति परिवारलाई ३ लिटर मट्टितेल प्रतिलिटर १५ रूपियाँ ५० पैसामा दिन्छौं । यसनिम्ति हामीले वर्षमा १ अरब ५० करोड रूपियाँ अनुदान दिनुपर्छ । त्यसैले वाध्य भएर हामीले मट्टितेलको मूल्य दुई किसिमको गर्नुपऱ्यो । पहिलेको ३ रूपियाँ ३७ पैसा अनुदान र अहिलेको यो अनुदानले गर्दा यो मूल्यवृद्धि भएको हो ।

**● १० वर्षअगाडि अन्तरराष्ट्रिय बजारमा प्रति व्यारल कच्चा तेलको मूल्य १६ डलर थियो । अहिले ३२ डलर र चानचुन छ । यसले अन्तरराष्ट्रिय बजारमा डबलमात्र मूल्य बढेको देखाउँछ । तर हामीकहाँ किन तीन गुना बढाइयो ?**

- अहिले अन्तरराष्ट्रिय बजारमा तेलको भाउ डबल मात्रै बढेको भए पनि यतातिर विदेशी मुद्राको मूल्य पनि अढाई गुणा बढेको छ । यसरी करीब करीब ५ गुणा त त्यसै बढ्यो नि ।

**● अहिले पेट्रोलियम पदार्थको मूल्यवृद्धि हेर्दा सम्पन्न वर्गले प्रयोग गर्ने पेट्रोलमा न्यूनतम मूल्य बढेको छ तर गरीबको इन्धन मट्टितेलको मूल्य भने त्यति धेरै बढाउने काम भएको छ । पेट्रोलमा मूल्य बढाएर मट्टितेलमा घटाउने उपाय थिएन र ?**

- पेट्रोलको मूल्य हामीले पहिले देखिनै उच्चतम राखेका छौं । पेट्रोल खालि सम्पन्न वर्गले मात्र प्रयोग गर्छ भन्ने कुरा पनि होइन । सबै मानिसहरूको दैनिक जीवनमा पेट्रोलको प्रत्यक्ष वा अप्रत्यक्ष प्रयोग भइरहेकै हुन्छ । अर्कोतर्फ हाम्रो GPS मा खपतको दृष्टिकोणले पनि हेर्नुपर्ने हुन्छ । यदि पेट्रोल दिनको १ लिटर खपत हुन्छ भने डिजेल/मट्टितेल दिनको ६ लिटर खपत हुन्छ । यदि मैले डिजेल वा मट्टितेलमा १ रूपियाँ मूल्य बढाएँ भने पेट्रोलमा १२ रूपियाँ बढाउनु पर्ने हुन्छ । यसरी मट्टितेलमा भएको घाटालाई पेट्रोलबाट मेकअप गर्ने भन्ने कुराको समिकरण गर्दा अनौठो परिणाम निस्कन्छ ।

**● विश्वभरिमै यस्ता खालका इन्धनहरूमा अनुदान दिएको छ । हाम्रो देशमा पहिले दिइरहेको अनुदान पनि बन्द गरेर किन ३ लिटरमा मात्र अनुदान दिइने गरियो ?**

- अहिले हामीले अनुदान हटाएका होइनौं बढाएका छौं । पहिले १ लिटर मट्टितेलमा ३ रूपियाँ ३७ पैसामात्र अनुदान दिएका थियौं । अहिले ९ रूपियाँ ७५ पैसा अनुदान दिएका छौं । यो अनुदान हामीले गरीबहरूको लागि दिएका छौं ।

**● ३ लिटर मट्टितेलले त टुकी बाल्न मात्र पुग्छ । तर स्टोभमा भात पकाएर खानुपर्ने गरीबहरूको लागि नि ?**

- जो विपन्न छ, उसले ३ लिटर अनुदान प्राप्त मट्टितेल किन्छ, नपुग ७/८ लिटर बजारमा

***पहिलेको ३ रुपियाँ ३७ पैसा अनुदान र अहिलेको यो अनुदानले गर्दा यो मूल्यवृद्धि भएको हो ।***



किन्छ । गाउँमा बसेका ८० प्रतिशत मानिसहरूलाई हेर्नुपर्ने दायित्व हाम्रो हो । त्यसैले उनीहरूको लागि हामीले ३ लिटर मट्टितेलमा अनुदान दिएका छौं । त्यसमा मात्रै डेढ अरब घाटा खप्नुपर्छ । एउटा संस्थाले मट्टितेलमा मात्रै डेढ अरब घाटा खपेर व्ययभार आफ्नो थाप्लामा लिनु भनेको सानो कुरा त पक्कै होइन ।

● **हामीले पत्तालगाए अनुसार रक्सौलदेखि अमलेखगंजसम्म आउने क्रममा बीरगंजदेखि अमलेखगंजसम्ममा मूल्य बढी पर्ने तेल फिकेर कम मूल्य पर्ने तेल मिसाइन्छ । ती कुराहरू नियन्त्रण गरेर तेल आपूर्तिमा सुधार गर्न सकिँदैन ?**

- यी मिसावटका कुराहरू यदाकदा सुनिन्छन् । यसको नियन्त्रणको लागि निगमबाट गर्ने प्रयासहरू अनवरत रूपमा गरिरहेका छौं । मिसावट गर्नेहरू फेला पर्दा सजाय पनि दिएका छौं । एउटा कुरा के हो भने विपन्न मुलुकमा एउटा बस्तुको मूल्य र अर्को मूल्यको बीच धेरै नै भिन्नता हुँदा यसले व्यापारीहरूलाई यस्तो मिसावट गर्नलाई आकर्षित गर्छ ।

● **हामीले के पनि सुनेका छौं भने यो मिसावट कार्यमा माथिदेखि तलसम्मका एक चौथाइ कर्मचारीहरू लगायत डिलरहरू पनि ढुवानीवालासँग मिलेका छन् । यसमा तपाईं के भन्नुहुन्छ ?**

- बाहिर बसेका मान्छेले कुनै पनि संस्थालाई हिलो छयाप्ने प्रयासमात्र हो यो । हामीले ३० वर्षदेखि सेवा गरिरहेका छौं । हाम्रो पेट्रोलियम पदार्थको आपूर्तिलाई हामीले सुचारू ढंगबाट व्यवस्थित गर्दैआएका छौं ।

● **भारतमा भन्दा नेपालमा मूल्य कम भयो भने नेपालबाट त्यहाँ तस्करी हुन्छ । त्यसकारण हाराहारी मूल्य राख्नुपर्छ । मनिन्छ त्यहाँ रासनकार्डबाट उपभोग गर्न पुग्दो मट्टितेल दिइन्छ । त्यसकारण यहाँ मट्टितेल अलि सस्तो पार्न सकिन्थ्यो होइन र ?**

- त्यहाँ रासन कार्डबाट पुग्दो मट्टितेल दिइन्छ भन्ने कुरा सत्य होइन । त्यसको तथ्याङ्क हामीसँग छ । अझ भारतमा भन्दा हामीकहाँ सस्तो नै छ । भारतमा त अझ ३५ प्रतिशत आफ्नो घरेलु तेल छ । हामीकहाँ एक थोपा छैन । त्यसो हुँदा पनि रक्सौलको मूल्यभन्दा हामीकहाँ नै सस्तो रहेको छ ।

● **एक रूपियाँ मात्र त सस्तो छ नि ?**

- ल..., त्यसमा ढुवानी भाडा ९० पैसा जोड्नुस् त ।

● **ग्याँसमा त त्यहाँभन्दा यहाँ धेरै अन्तर छ नि ?**

- भारतमा आफ्नै रिफाइनरीका ग्याँस छन् । हामीलाई भारतले आफ्नो ग्याँस दिंदैन । हामीले साउदी अरेवियाबाट ग्याँस ल्याउनुपर्छ । साउदी अरेवियादेखि भाइज्याक पोर्टसम्मको जहाजको भाडा भाइज्याक पोर्टदेखि रेलवे ट्रान्सपोर्टेशन् सबै हामीले तिर्नुपर्छ । खालि भारतसंगको सम्झौताले गर्दा हामीलाई सजिलो भएको छ । हेर्दा मात्रै भारतबाट ल्याएको जस्तो देखिन्छ ।

● **हामीले बाहिरबाट डिजेल र मट्टितेलमात्र किनेर भारतलाई दिने अनि उनीहरूबाट ग्याँस र अन्य पेट्रोलियम पदार्थ किन्ने होइन र ?**

- ग्याँस हामी जति भारतबाट किन्छौं, त्यसको प्राइसिङ्ग विदेशबाट निर्यात गरेअनुसार हुन्छ । त्यो सम्झौता सन् १९७४ मा भएको हो । त्यसैले अहिले ५५० रूपियाँमा ग्याँस दिंदा पनि १०० रूपियाँ घाटा परेको छ ।

● **अहिले हाम्रो पेट्रोलियम पदार्थको भण्डारण क्षमता कति छ ?**

- हाम्रो चालु परियोजना र हामीसँग भएको मिलाएर करीब ७५ हजार किलो लिटर पुग्छ । हुन त सरकारको एकलाख किलो लिटर भण्डारण गर्ने लक्ष छ । तर त्यसको लागि लगानी गर्न पनि सक्नु पऱ्यो नि । ७५ हजारबाट एक लाख पुऱ्याउनको लागि भाँडा बनाउन नै ४०/५० करोड चाहिन्छ । त्यो भाँडा भर्न फेरि अरू ५० करोड चाहिन्छ ।

● **रक्सोलदेखि अमलेखगंजसम्म पाइपलाईन विछ्याउनु पर्ने आवश्यता तपाईंहरूले किन महशूस नगर्नुभएको हो ?**

- मध्यमाञ्चल विकास क्षेत्रमा पेट्रोलियम पदार्थको कूल खपतको करीब करीब ६६/६७ प्रतिशत त्यही नाकाबाट आउँछ । यो पाइपलाइन बनाएको खण्डमा पेट्रोलियम पदार्थको आपूर्ति सजिलो हुन्छ भन्ने कुरा हामीले देखेका छौं ।

● **माफियाहरूले यो कुरा गर्न नदिनको लागि ठूलो रोल खेलिरहेका छन् भन्ने कुरा सुनिन्छ नि ?**

- यस्तो छैन । कमिलाले हात्तीलाई जिस्क्याएको जस्तो हो त्यो त । ट्याङ्कलरी भनेका माफिया होइनन्, कमिला हुन् । सरकार भनेको हात्ती हो । त्यसकारण सरकारले चाहेको खण्डमा यो काम गर्न सकिन्छ । ❑

## जुझारु संघर्षहरुमात्रै फलदायी

❑

## फ्रान्स, ब्रिटेन, बेल्जियम, जर्मनी, पोल्याण्डका संघर्षहरू

पेट्रोल, मट्टितेल र ग्याँसजस्ता पेट्रोलियम पदार्थको मूल्यमा गरिएको अस्वाभाविक वृद्धिका विरूद्ध विश्वभरि नै असन्तोष, आक्रोश र विद्रोहको बादल छाइरहेको छ । यूरोपका सबैजसो देशहरूमा किसान र ट्रकवालाहरूले सडकमा विरोध प्रदर्शन गरी इन्धनको भाउ वृद्धिविरूद्ध आफ्नो असन्तुष्टी र आक्रोश पोखेका छन् । यूरोपेली ट्रकवाला र किसानहरूले बाटो बन्द गर्ने, पेट्रोल पम्प र आयल निगमहरू कब्जा गर्ने काम गरेर आफ्नो आक्रोश पोख्दै आफ्नो देशका सरकारहरूलाई आच्छुआच्छु पारेका छन् ।

यूरोप, एसिया, ल्याटिन अमेरिकातिर भएका यस्ता संघर्षहरूलाई नियालेर हेर्दा स्पष्ट भन्न सकिन्छ - पेट्रोलियम पदार्थको मूल्यमा गरिएको भाउवृद्धि विरोधी संघर्ष पनि 'विश्वव्यापी इन्धन विद्रोह'को रूपमा अभिव्यक्त भइरहेको छ । विश्वव्यापी इन्धन-विद्रोहलाई एक्काइसौं शताब्दीको






इन्धनको मूल्यवृद्धिका विरुद्ध फ्रान्समा भएको चक्काजाम

एम्बुलेन्स बस र ट्याक्सी सेवाका मजदूरहरू पनि हडतालमा पूरै संलग्न भएपछि इन्धन विद्रोह निकै बुलन्द भएको थियो । विद्रोहको परिणामस्वरूप आन्तरिक हवाई उडान बन्द गर्नुपर्ने, अत्यावश्यक सेवाको वितरणका लागि आपतकालीन उपाय लागू गर्नुपर्ने समस्या आइपर्‍यो । यसरी अनियन्त्रित स्थितिमा पुगेको विद्रोहलाई साम्य पार्न हडतालरत मजदूरहरूसँग सरकारले वार्ता गर्नु पर्‍यो र इन्धनको महशूल वृद्धिलाई केही समयका लागि हठात् रोक्नु पर्‍यो ।

माछा मार्ने मजदूर र ट्रकवालाहरूको हडताल चर्किन थालेकै बेला, नरम हुन थालेको लियोनेल जोस्पिनको 'समाजवादी' सरकारले शुरूमा १५ प्रतिशत जति भाउ घटाउने बचन दिएको थियो । तर इन्धन विद्रोहको घनत्व र व्यापारको बारेमा राम्रो ज्ञान नभएको सरकारले लडाकू किसानहरूदेखि एम्बुलेन्स, बस र ट्याक्सी सेवाका मजदूरहरूले एकीकृत रूपमा रेलसेवा, हवाईसेवा, बन्दरगाह र सडक जाम गर्ने, तेल प्रशोधन केन्द्र र पेट्रोल पम्पहरू घेराउ गर्ने काम थालेपछि सरकारले पूरै घुँडा टेक्नु पर्‍यो । सरकारले हडतालरत मजदूर र किसानहरूसँग वार्ता गर्ने क्रममा इन्धनको बढेको मूल्यमा ५० प्रतिशत कमी गर्ने घोषणा गरेपछि मात्रै हडताल साम्य भएको थियो । अहिले इन्धनको भाउवृद्धिको परिणामस्वरूप अरू सामान र सेवामा पनि वृद्धि भएको भाउ घटाउन थप संघर्ष भइरहेको छ ।

# यूरोपमा इन्धन-विद्रोह

प्रथम जनविद्रोहको रूपमा लिइएको छ ।

केही महिना अगाडिदेखि विश्वव्यापी परिघटनाको रूपमा देखिएको इन्धन विद्रोह यसपटक फ्रान्सबाट उभारमा आएको थियो । फ्रान्सेली माझी तथा ट्रकवालाहरूले शुरू गरेको बन्दरगाह तथा ट्रक हड्ताल गर्ने र बाटो जाम गर्ने कामले फ्रान्सलाई शुरूमै नराम्ररी प्रभावित पारेको थियो । सर्वप्रथमतः माछा मार्ने पेशा अपनाइरहेका फ्रान्सेली माझीहरूले भाद्रको पहिलो हप्तातिर ब्रित्तानी र नोर्मान्डीबाट एटलान्टिक किनार र भूमध्यसागरीय तटसम्म हडताल विस्तार गरेका थिए । माछा मार्ने डुंगा र जहाजहरू बन्दरगाहमा तेर्स्याएर ढुवानीसेवा र यात्रुसेवालाई अवरूद्ध पार्ने क्रममा हडतालरत माझीहरूले सरकारलाई ठूलो आर्थिक नोक्सानीमा पारेका थिए ।

माछा मार्ने मजदूरहरूको हडताल चलिरहेकै बेला ट्रकवालाहरूले पनि ट्रक हडताल गरी इन्धन विद्रोहलाई अगाडि बढाए । उनीहरूको हडतालको परिणामस्वरूप देशका प्रमुख सडकहरू जाम भएको थियो । यसरी अस्तव्यस्त भएको फ्रान्समा ट्रकवालाहरूले तेल-प्रशोधन केन्द्रहरू र पेट्रोल पम्पहरू पूरै घेराउ गर्दा सरकार निकै अप्ठ्यारोमा परेको थियो ।

त्यसमाथि लडाकू किसानहरूदेखि लिएर

भाद्र २६ देखि बेल्जियमको राजधानी ब्रसेल्सका सडकहरू पनि इन्धन विद्रोहको कारणले ठप्प भए । इन्धनको भाउवृद्धिले गर्दा आक्रोशित भएका बेल्जियमबासीहरूले सडक-सडकमा निस्केर प्रदर्शन गर्न थालेपछि सरकारी कामकाजमै नराम्रो असर पर्न थाल्यो । त्यसमाथि ट्रक र ट्याक्सी ड्राइभर र मालिकहरूले अनेकौं सरकारी कार्यालयहरूअगाडि आ-आफ्ना गाडीहरू रोकीदिएपछि अफिस जाने-आउनेहरूलाई निकै मुश्किल भएको थियो ।

बेल्जियमको वर्कर्स पार्टी (PTB) ले इन्धनको भाउवृद्धि रोक्न, त्यसलाई घटाउन नसकेमा बढ्दो महंगीअनुरूप तलब वृद्धिको माग गर्दै जनसंघर्ष

**इन्धन-विद्रोह यूरोपमा मात्र हैन, एशियामा पनि चलिरहेछः** इन्धनको मूल्यवृद्धिविरुद्ध इण्डोनेशियाको राजधानी जाकार्तामा सडक जाम गरिरहेका प्रदर्शनकारीहरू (बायाँ) र बिहार (भारत) को राजधानीमा भाकपाले गरेको प्रदर्शनको दृश्य (दायाँ)





थालेको छ ।

फ्रान्स र बेल्जियमपछि इन्धन विद्रोहको आगो बेलायत, जर्मनी, स्पेन, डेनमार्क, इटली, स्वीडेन र नेदरल्याण्डसम्म फैलियो । इन्धन विद्रोहको आगोले सामाजिक संरचनालाई भत्काउने हो कि भन्ने डरले इटली र नेदरल्याण्डले तुरुन्ता तुरुन्तै फ्रान्सेली सरकारको तरिकालाई नै अनुसरण गरी केही प्रतिशत भाउ घटाउने घोषणा गरे ।

स्वीडेनका किसानहरूले इन्धन-विद्रोह गर्ने क्रममा सडक र राजमार्गहरूको ट्राफिकमा ढिला सुस्ती ल्याउने, माझीहरूले बन्दरगाहमा अवरोध खडा गर्ने काम गरे । किसान र ट्रक चालकहरूका यूनियनहरूले थप कडा कदमहरू चाल्ने घोषणासहित संघर्ष अगाडि बढाए ।

नर्वे र स्पेनका शासकहरूले पनि इन्धन विद्रोहको चर्को दबाब सामना गर्नुपर्‍यो । देशव्यापी सडकजाम तथा जनप्रदर्शनहरूले गर्दा उनीहरू निकै अप्ठ्यारोमा परे । यसै क्रममा विभिन्न उपभोक्ता संगठन, ट्रक चालक, माछा मार्ने मजदूर र किसानहरूका संगठनहरूले असोज १६ गते देशव्यापी प्रदर्शन गरेका छन् ।

जर्मनीमा स्थल ढुवानी सेवाको फेडरेशनले आफ्ना हजारौं कार्यकर्ताहरूलाई इन्धनको मूल्यवृद्धि र 'ग्रीन-ट्याक्स'विरूद्ध सडकमा उतारेको छ । त्यसका साथै थुप्रै मजदूर संगठनहरूले सडक-संघर्ष थालेपछि सरकारले मूल्यचाहिं नघटाउने, तर बढ्दो मूल्यले गर्दा नराम्ररी असर परेका गरीबहरूलाई विशेष व्यवस्था गर्ने घोषणा गरेको छ ।

इन्धन विद्रोहकै परिणामस्वरूप आयरल्याण्डका प्रधानमन्त्री बर्टी अहेर्नले हडतालरत ड्राइभरहरूसँग भेटेर कुराकानी गर्नु पर्‍यो । आन्दोलनकारीहरूले धम्की दिएका छन् - इन्धनको मूल्यमा २० प्रतिशत कमी ल्याइएन भने हामी तुरुन्तै आन्दोलनमा उत्रने छौं ।

अर्कोतिर, यूरोपेली मुलुकहरूमध्ये सबैभन्दा बेसी मात्रामा इन्धनको मूल्यवृद्धि भएको देश बेलायतमा भने लेबोर पार्टीका प्रधानमन्त्री टोनी ब्लेयर आन्दोलनकारीहरूको अगाडि फुर्ति गरिरहेका छन् । त्यहाँ दिनका दिन जनप्रदर्शन बढ्दै गइरहेको खबर छ । ट्रक ड्राइभर र उपभोक्ता समूहहरूले ५ दिनसम्म लगातार सडक-संघर्ष गरेर सरकारलाई च्यापेका थिए । उनीहरूले पनि फ्रान्सेली आन्दोलनकारीहरूले जस्तै बाटो बन्द गर्ने, इन्धनकेन्द्र र प्रशोधनकेन्द्रहरूमा कडा खालको घेराउ गर्ने, आपूर्ति व्यवस्थामा अवरोध खडा गर्ने काम गरी सरकारलाई अँठ्याएका थिए । यसले गर्दा बेलायतको सामाजिक र आर्थिक जीवन नै अस्तव्यस्त हुन पुगेको थियो । अत्यावश्यक सेवाको आपूर्ति अवरुद्ध पार्न नदिनका लागि सेना परिचालन गर्ने धम्की दिंदै हिंडेका टोनी ब्लेयर निकै रूखो ढंगले प्रस्तुत हुन थालेका छन् । मजदूरविरोधी काम गर्न कहिले नहिच्किचाउने लेबोर नेता तथा प्रधानमन्त्री टोनी ब्लेयर जनविरोधी अडान र विचारका कारणले अचेल अत्यन्तै आलोकप्रिय हुँदै गएका छन् ।

पूर्वी यूरोपेली राष्ट्र पोल्याण्डमा पनि ट्रक चालक र किसानहरूले यस दशककै सबैभन्दा चर्को रूपमा भएको मूल्यवृद्धिविरूद्ध सडक-संघर्ष गरिरहेका छन् । अर्कोतिर, उत्तरी अमेरिकाका विभिन्न शहरहरूमा पनि जनप्रदर्शनहरूको लर्को लाग्न थालेको समाचार छ । दक्षिण अमेरिकाको अर्जेन्टिनादेखि बोलिभिया र मेक्सिकोसम्म इन्धन विद्रोह फैलिन थालेको छ । अर्जेन्टिनाका ट्रक चालक र मजदूरहरूले जुझारू खालको संघर्ष गरी सरकारलाई झुक्न बाध्य पारेका छन् । उनीहरूको आन्दोलनले आर्थिक मन्दीले ग्रस्त देशका अत्यधिक नागरिकहरूको सहयोग र समर्थन पाउन थालेपछि सरकारले आन्दोलन-कारीहरूको मागअनुसार इन्धनको मूल्यमा कटौती गरेको छ ।

एसियामा भारत र नेपालमा वामपन्थी शक्तिहरूले इन्धनको मूल्यवृद्धिविरोधी संघर्षलाई अगाडि बढाइरहेका छन् । इण्डोनेशियामा पनि मजदूरहरूले संघर्ष गरिरहेका छन् । यूरोपेली मजदूरहरूले इन्धन विद्रोहलाई जुन जुझारूपना र फलदायी ढंगले संघर्ष चलाइरहेका छन्, त्यसबाट नेपाली र भारतीय वामपन्थीहरूले राम्ररी पाठ सिक्ने हो भने यहाँ पनि फलदायी संघर्ष संभव छ । होइन भने झारा टार्ने खालका संघर्षबाट गरीब जनताले कुनै फल पाउन सक्दैनन् ।

❑ राजेन्द्र महर्जन

# प्रागमा प्रतिरोध

# मुद्राकोषको विध्वंशका लागि हजारौंहजार जनताको सडक-संघर्ष

विश्वबैंक र अन्तरराष्ट्रिय मुद्राकोषजस्ता विश्वव्यापी आर्थिक दैत्यहरूको भेला र भोज-भतेर कहीं पनि शान्तिपूर्वक सम्पन्न भइरहेका छैनन्, चाहे त्यो सियाटलमा होस्, चाहे वाशिंगटन, डाभोस, मेलबर्न या प्रागमा होस् !

विश्वबैंक र मुद्राकोषका टाउके र अर्थशास्त्रीहरू भेला-भोजभतेरको नाममा सयवटाभन्दा बेसी मुलुकका अर्थमन्त्रीहरूलाई लाखौं करोडौं जनताको भोकमरीको शर्तमा पनि महंगी, बेरोजगारी, गरीबी वृद्धि हुने खालका शर्तहरू थोपर्न दवाब दिन र लोभ देखाउन चाहन्छन्, चुपचाप चुपचाप ! तर विश्वबैंक र मुद्राकोषको पूँजीवादी शोषणको विश्वव्यापीकरणको विरोधमा मानिसहरूले थालेको प्रतिरोधले उनीहरूलाई आच्छुआच्छु पार्नथालेको छ र उनीहरूले चुपचाप गोप्य रूपमा बुनेको षडयन्त्रको जालो च्यात्तिन थालेको छ ।

प्रागमा विश्वबैंक र मुद्राकोषको वार्षिक बैठकमा पनि विश्वका विभिन्न देशका अर्थमन्त्रीहरूदेखि विश्वबैंक र मुद्राकोषका अर्थशास्त्री र नोकरशाहहरू जनप्रतिरोधको परिणामस्वरूप प्रहरी र सेनाको गस्तीबीच भागीभागी ट्यांक र बन्दूकको पर्खालपछाडि लुकीलुकी बैठक गर्दै हिंड्न बाध्य भए । त्यस





प्रतिरोधमा विश्वबैंक र मुद्राकोषजस्ता अक्टोपसहरूको चुसाइमा परेका ग्रीस, जर्मनी, फ्रान्स, ब्रिटेन, अमेरिका, इटली, स्पेनका युवा विद्यार्थी र मजदूरहरूका साथै चेक गणतन्त्रका लडाकू युवा, मजदूर र कम्युनिष्टहरूको विशेष सहभागिता थियो ।

विश्वपूँजीवादविरोधी संघर्षको क्रममा १५ देखि २० हजारसम्मको सेनाको बन्दूक र ट्यांक, हजारौंहजार प्रहरीहरूको लाठी र अश्रुग्याँस एवं पानीको फोहोराको आक्रमणले पनि प्रागका प्रतिरोधकारीहरूको लडाकूपनालाई छिन्नभिन्न पार्न सकेन । चेक गणतन्त्रको कम्युनिष्ट यूनियन अफ यूथ, शोशलिष्ट यूथ अफ स्लोभाकिया र कम्युनिष्ट पार्टी अफ बोहेमिया र मोराभियाका साथै कम्युनिष्टहरूको मजदूर संगठनका कार्यकर्ताहरूको प्रतिरोधले विश्वभरिबाट ओइरिएका युवा, विद्यार्थी, मजदूरहरूको साथ पाएपछि सडक-संघर्ष निकै तीव्र र घनीभूत भएको थियो । उनीहरूले विश्वबैंक र मुद्राकोषको विध्वंशका लागि, गरीब देशहरूमाथिको ऋणको मिनाहका लागि र विश्व पूँजीवादको विनाशका लागि आकाश नै थर्किने गरी नारा घन्काउँदै प्रहरी र सेनासँग सडक-संघर्ष गरेका थिए । संघर्षको क्रममा ४२२ जना प्रतिरोधकारीलाई गिरफ्तार गरिएको थियो, तीमध्ये ३९२ जना त चेक नागरिक नै परेका थिए ।

मुद्राकोष र विश्वबैंकको निर्देशनमा चल्ने राष्ट्रपति भास्लाभ हावेलको सरकारले पुरानो समाजवादी संरचना र सुविधालाई ध्वस्त पारी तीव्र रूपमा पूँजीवादीकरण गरेपछि विजोगको जीवन बाँचिरहेका चेकबासीहरू सडक-संघर्ष र संसदीय संघर्षहरूको क्रममा दावी गरिरहेका छन्- हामी पूँजीवादको विनाश गरीछाड्ने छौं र समाजवादको पुनर्निर्माण गरीछाड्ने छौं । ❑

# हाम्रो चौकिल्लाको बेलिविस्तार

# नेपालको सिमाना




नेपालको सीमा नक्सा अध्ययनकर्ता बुद्धिनारायण श्रेष्ठले लेख्नुभएको र भूमिचित्र कम्पनी प्रा.लि.ले प्रकाशित गरेको 'नेपालको सिमाना' नामक पुस्तक हाम्रो मुलुकको चौकिल्लाबारे बेलिविस्तार गरिएको एक संग्रहणीय पुस्तक हो । नेपालको ऐतिहासिक पृष्ठभूमिमा नेपालको सिमाना कहाँसम्म पुगेको थियो र हालको साँध-सिमाना के कस्तो अवस्थामा रहेको छ, सीमा विवाद तथा अतिक्रमणका जड कुरा के के हुन् र नक्साको आधारमा कहाँ के देखिएको छ भन्ने कुरा यस पुस्तकमा छर्लङ्ग देखाइएको छ ।

सिमानाबारे अभिलेख संग्रह गर्ने, सीमा अतिक्रमण रोक्ने, अतिक्रमित भूमि फिर्ता लिने र सिमानाको वैज्ञानिक रेखांकन गर्ने मूल दायित्व सरकारको हो । यस दिशामा सरकार अपेक्षित रूपमा पारदर्शी, गम्भीर र उत्तरदायी नभएता पनि सचेत र जानिफकार नागरिक चूप बस्न हुँदैन । नक्साविद् एवं भूगोलविद् बुद्धिनारायण श्रेष्ठले आफ्नै खर्च, समय र ज्ञानको लगानी गरेर मुलुकको स्वतन्त्रता, सर्वभौमिकता र क्षेत्रीय अखण्डताको संरक्षण गर्न सघाउ पुग्ने गरी नेपालको चौकिल्लाबारे सूचनामूलक सामाग्री प्रकाशित गरेर देशभक्तिपूर्ण कर्तव्य पूरा गर्नुभएको छ ।

'नेपालको सिमाना' पुस्तकमा बुद्धिनारायण श्रेष्ठका मौलिक लेखहरू, अनुसन्धान सामाग्री र त्यसको व्याख्यामात्र होइन, सीमासम्बन्धी सन्धि सम्झौता, प्रोटोकोलहरूको संग्रह, नक्साहरूको परिचय, सीमासम्बन्धी अरूहरूको लेख, समाचार, सम्पादकीय र कालापानीबारे विभिन्न व्यक्तिहरूको भनाईको संकलनसमेत समावेश गरिएको छ । यसरी प्रस्तुत पुस्तक नेपालको साँध सिमानाबारेको अहिलेसम्म उपलब्ध सामाग्रीहरूको संग्रह पनि हो । यसप्रकारका सामाग्रीहरूले हाम्रो मुलुकको राष्ट्रिय अखण्डता र सार्वभौमिकताको संरक्षण गर्ने आवश्यतातर्फ समाजलाई जागृत गर्न सघाउ पुऱ्याएको छ । साथै नेपालको सीमारेखालाई सदैव सुरक्षित र निश्चित राख्न यसले सूचनामूलक सहयोग प्रदान गरेको छ । यसले सीमा अतिक्रमणकारीहरूविरूद्ध बौद्धिक रूपमा प्रतिकार गरेको छ ।

यस पुस्तकमा नेपालको भारतसँगको सिमानाको मात्र होइन, चीनसँगको सीमारेखाको बारेमा पनि कतिपय शीर्षक, उप-शीर्षकमा उल्लेख गरिएको हुनाले नेपालको समग्र सिमानाको विषयबस्तुलाई उठाइएको छ । वि.सं. २०१९ सालमा नेपाल चीनबीच सीमा सन्धिमा हस्ताक्षर भएपछि चीनको भू-भागको २,१३९.०० वर्ग कि.मि. क्षेत्रफल नेपालतर्फ पर्न आएको र यस्तै नेपालको साविकको भूभागमध्ये १,८३६.२५ वर्ग कि.मि. जमीन चीनतर्फ पर्न गएको देखिन्छ । यसबाट चीनको ३०२.७५ वर्ग कि.मि. क्षेत्रफलको जमीन नेपालतर्फ बढी पर्न आएको देखिन्छ भनी लेखक बुद्धिनारायण श्रेष्ठले २०१९ अगाडि र पछाडिको तुलनात्मक संगणना प्रस्तुत गर्नुभएको छ । नेपाल-भारत-चीनबीचको नेपालको उत्तर-पश्चिम र उत्तर-पूर्वमा रहेको सीमाको त्रिविन्दु, त्रिपक्षीय वार्ताद्वारा निर्धारण गर्न बाँकी रहेको तथ्य पनि उल्लेख गरिएको छ । नक्साविद् बुद्धिनारायण श्रेष्ठले सबै प्रकारका प्रमाणहरूका आधारमा नेपाल-भारत-चीनबीचको पश्चिमी त्रिदेशीय सीमाविन्दु ५,५३२ मिटर अग्लो लिम्पियाधुरा नै हो भन्नुभएको छ ।

त्रिविबाट भूगोलमा स्नातकोत्तर गरेपछि भारतबाट ल्याण्ड सर्भेइङ्ग कोर्स पूरा गरी क्यानडा, जर्मनी, जापानमा म्यापिङ्गबारे विविध तालिम हासिल गर्नुका साथै श्री ५ को सरकारको नापी विभागमा महानिर्देशक पद समेतमा गरी २८ वर्षको सेवा अनुभव र अवकास प्राप्तपछि पनि निजी रूपमा सीमा नक्सा अध्ययन-अनुसन्धानमा लागिरहनु भएका लेखक बुद्धिनारायण श्रेष्ठले राष्ट्रका लागि अत्यन्त उपयोगी पुस्तक प्रकाशित गर्नु भै मातृभूमिप्रतिको नागरिक कर्तव्य निर्वाह गर्नुभएको छ । देशभक्त सपूतको यस्तो सीमाबारेको प्रमाणिक कृति सीमा-वार्ताका लागि समेत साह्रै उपयोगी आधार हुनेछ । अवकाशपछिको समय पनि स्वस्फूर्त प्रयासबाट राष्ट्रहितमा अर्पण गर्ने आर्दश नमूना बुद्धिनारायण श्रेष्ठले प्रस्तुत गर्नुभएको छ ।

❑ हिरण्यलाल श्रेष्ठ

## ◄ उल्लेख्य



कृति : **संचारमा नियाल्दा 'महिला'**
कृतिकार : मञ्जु थापा
विधा : 'संचार निगरानी' समीक्षात्मक लेखहरूको संगालो
प्रकाशक : अस्मिता महिला प्रकाशन गृह, संचार तथा स्रोत संस्था, काठमाण्डौ
पृष्ठ : १२२+५
मूल्य : रू. १००/-




कृति : **बिर्सिस्यो कि ?**
कृतिकार : रूद्र खरेल
विधा : व्यंग्य निबन्ध संग्रह
प्रकाशक : सिर्जनशील प्रकाशन, काठमाण्डौ
पृष्ठ : ५७+७
मूल्य : रू. ३०/-



कृति : **साहित्य र यथार्थ**
कृतिकार : हावर्ड फास्ट
विधा : साहित्य र यथार्थबारे २३ वटा प्रवन्धहरू
भाषान्तर : डा. जगदीशचन्द्र भण्डारी र संजीवनदास श्रेष्ठ
प्रकाशक : जन साहित्य प्रकाशन केन्द्र
पृष्ठ : ७३+८
मूल्य : रू. ३५/-



कृति : **राजनैतिक प्रणालीमा राजनैतिक संस्कारको प्रभाव**
कृतिकार : डा. भीष्म आचार्य
विधा : शोध प्रबन्धहरू
प्रकाशक : रूस-नेपाल उद्योग वाणिज्य संघ, मास्को
पृष्ठ : १४०
मूल्य : रू. १००/-



कृति : **मार्क्सवाद र नेपालमा जनजाति आन्दोलन**
कृतिकार : सीताराम तामाङ्ग
विधा : लेख संग्रह
प्रकाशक : प्रगति पुस्तक सदन, डिल्लीबजार
पृष्ठ : १३१+६
मूल्य : रू. ५०/-



कृति : **माओत्सेतुङका संकलित सैनिक रचनाहरू (खण्ड- १)**
अनुवाद : विभिन्न अनुवादकहरू
विधा : लेख संग्रह
प्रकाशक : जलजला पब्लिकेशन्स, काठमाण्डौ
पृष्ठ : २२१+८
मूल्य : रू. १००/-

# तीन कविताहरू

– राजव



## उसलाई खोजिरहेछ मेरो धैर्य

ऊ क्रान्तिको ढाल, तरवार
मार्क्स, माओ, लेनिन र स्टालिन बोकेर हिँड्थ्यो
सत्ताको क्रुर पञ्जा
उसलाई निमोठ्ने खोजीमा हुन्थ्यो
तर उसको बेगको अगाडि
कोही पर्न सक्दैनथ्यो,
लाखौं निर्धनको आश संकलन गरेर
ऊ गाउँ, पहाड मार्च गरिहन्थ्यो
हजारौं उसका पछाडि थिए
लाखौ उसका प्रेमी थिए
उग्र थियो ऊ
बेइमान थिएन
सम्पूर्ण इमान उसले क्रान्तिमा लगाएको थियो
तर एकाएक हरायो
उसलाई सत्ताको गोली वा
लालच
के लाग्यो
यता धेरै दिनदेखि
मेरो कल्पना, मेरो शब्द, मेरो कलम
मेरो अध्ययन, मेरो सपना, मेरो धैर्य
निरन्तर उसलाई खोजिरहेछ
किनभने उसलाई भेटेपछि
म पनि उसको साथी हुनेछु
क्रान्तिमा एउटा बन्दुक थपिनेछु । ❑

## राम्रोबीच

आँखा नचिम्ल
खोल
संसार धेरै जीवनले राम्रो बनेको छ

यो राम्रो हेर
आँखा नचिम्ल
संसार राम्रो छ

संसारमा
न्यूटनको, आइन्स्टाइनको, मायाकोवस्कीको
नेरूदाको, लुसुनको, गोर्कीको
इट्सको, किट्सको, ब्रेख्तको, कालिदासको
रिमालको, देवकोटाको, रविन्द्रनाथको
पारिजातको, भूपीको
मार्क्सको, लेनिनको
माओको, गान्धीको
डालीको, पिकासोको
सात्रको, क्यामुको
क्यास्ट्रोको, चेको, चारूको
मार्गहरू राम्रा छन्

यतिविघ्न राम्रोबीच
आँखा नचिम्ल
खोल
संसारमा अरू थुप्रै राम्रो लिएर
नयाँ जीवनहरू जन्मिरहेका छन् । ❑

## क्रान्तिको गतिमा

ऊ क्रान्ति गर्न गएको थियो
फर्कियो

ऊ किन फर्कियो
समाचारहरूले लेखेका छैनन्
तर लेखेका छन्
क्रान्तिकारी आफ्नो अज्ञात स्थानबाट फर्कियो

उसले आफ्नू बन्दुक र विश्वास
के गऱ्यो
उसलाई विश्वास गर्नेहरू सोचिरहेछन्

अब क्रान्ति के हुन्छ
र क्रान्तिकारी कस्तो हुनेछ
व्यावसायिक चिन्तकहरू पनि सोचमा
जुटेका छन्

तर क्रान्तिकारी
विनासोच
काँधमुनि झुकेको बन्दुकसहित
समर्पण समारोहतिर
आइपुग्यो

र मलाई लाग्यो
क्रान्तिको गतिमा
सतर्क हुनु पर्ने
थुप्रै निर्लज्जहरू जन्मन्छन् ।
❑

*मूल सुधार : गतांकमा छापिएको कवि इच्छुकको कविता "कमैया दुःखीरामलाई प्रश्न" मा 'रत्नगर्भा फाँटहरु' भन्ने लाइनभन्दा माथि 'दाङ भन या बुढानका' भन्ने लाइन छापिनु पर्नेमा सो लाइन कमैया वक्ताको फोटोले छोपिनपुगेर छापिन छुटेछ । यसैगरी, त्यसको दुई लाइन तल 'ऐंजेरु जस्तै' हुनु पर्नेमा 'अइज्जत जस्तै' भनी छापिन पुगेछ । सच्याइ पढीदिनु हुन पाठक वर्गमा अनुरोध गर्दछौं । हाम्रो त्रुटीलाई पत्रमार्फत् औंल्याइदिनु हुने कवि इच्छुकप्रति हामी आभार व्यक्त गर्दछौं । – मूल्यांकन*

**विजयादशमी तथा शुभ दीपावलीको**
उपलक्ष्यमा सम्पूर्ण जिल्लावासीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**विष्णु घिमिरे**
सभापति
तथा चितवन जि.वि.स. (परिवार)

**विजयादशमी तथा शुभ दीपावलीको**
उपलक्ष्यमा सम्पूर्ण जिल्लाबासीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**ऋषिराज लुम्साली**
सभापति
तथा
कञ्चनपुर जिल्ला विकास समिति (परिवार)



व्यंग्य

- विमल निभा -

# माउसुली

माउसुली एउटा सानो जीव हो । तर मलाई त यो घोर तपस्वीजस्तो लाग्छ । के आफ्नो घरको भित्ता र दलिनहरूतर्फ ध्यान दिनुभएको छ ? त्यहाँ चपक्क टाँसिएर कुनै विषयमा निमग्न माउसुलीहरू अवश्य देखिनेछन् । तपाई कीरा र भुसुनाहरूको दीर्घ प्रतीक्षामा सतर्क माउसुलीहरूलाई कम नठान्नोस् । जब कोठाको बत्ती बाल्छु, सामुन्नेको भित्तामा एउटा अपेक्षाकृत ठूलो आकारको माउसुली देखापर्छ । साथै, कीटपतंगहरू यताउता उडिरहेका । म सोच्छु, केही समयपश्चात् ती निश्चित रूपले माउसुलीको पकडको क्षेत्रमा पुग्नेछन् । अन्ततः कहाँ जानेछन् ? यो कुरा तपाई-हामी स्वीकार गरूँ अथवा नगरूँ, सबै क्षेत्रका माउसुलीहरू यसमा निश्चिन्त एवं विश्वस्त छन् ।

मेरो लामो समयको बेरोजगारीको अन्त्य भइसकेको थियो । म विश्वविद्यालयको एक उपप्राध्यापकको रूपमा चयन गरिएँ । यो पहिलो दिनको प्रसङ्ग हो ।

म अपार उत्साहसाथ कार्यालयभित्र प्रवेश गरें । अरे, यहाँ त कोही छैनन् । मलाई अचम्म लाग्यो । के हो यो ? म बाहिर निस्किन लागेको थिएँ, एउटा विचित्रको मोटो औ खर-खराउँदो आवाज मेरो कानमा पस्यो, "के काम छ ?"

म हठात् रोकिएँ । चारैतिर नियालें । कोही देखिएन । सो हुनै पर्‍यो । छेउको गुलाफी रंगको भित्तामा एउटा माउसुली तीक्ष्ण नजरले यता हेरिरहेको थियो । सायद त्यतैबाट आवाज आएको हुनुपर्छ । पुनः आवाज आयो, "नवयुवक, यतातिर हेर । यो म हुँ ।"

"को, माउसुली ?" मैले चकित मुद्रा धारण गर्नु स्वाभाविक नै थियो ।

"हो । तर मलाई सामान्य खालको माउसुली ठान्ने भूल नगर नवयुवक । म विश्वविद्यालयको एक प्रतिष्ठित माउसुली हुँ । डाक्टर इन लिटरेचर । हुन त शिक्षामा मेरो कुनै खास अभिरूचि छैन । पढाउने कर्म पनि गर्दिन । तर म प्रोफेसरीको उच्चतम् आहोवामा आसीन भइसकेको छु ।" माउसुलीले आफ्नो संक्षिप्त परिचय दियो ।

मैले हडबडाएर दुवै हात जोडें, "नमस्कार सर ।"

"भन, के कामले यहाँ आयौ नवयुवक ?" उसले नम्र स्वरले सोधनी गर्‍यो ।

"म भर्खरै संस्कृतिको उपप्राध्यापकमा नियुक्त भएको हुँ सर । हिजो मात्रै पत्र पाएँ । यही सिलसिलामा यहाँ आएको हुँ । आज मेरो पहिलो दिन हो । नयाँ हुँ । त्यसैले सरलाई चिन्न असमर्थ भएँ । क्षमाप्रार्थी छु सर ।" मैले एउटा याचकसरह अनुहार बनाएँ, "मेरो घर वीरगंज हो । म आज विहान रात्रिबसमा काठमाण्डौ आइपुगेको हुँ । यहाँको सम्पूर्ण वातावरणदेखि अनजान नै छु सर ।"

"तिमी कुन गुटको ?"


"कस्तो गुट सर ?"

"यति पनि ज्ञान छैन, तिमीलाई नवयुवक ? त्यसो भए सकल विद्यार्थीहरूलाई के र कसरी शिक्षा प्रदान गर्नेछौ ? हेर, यो विश्वविद्यालयमा विभिन्न गुट र उपगुटहरू कार्यरत छन् । देशको मुख्य विश्वविद्यालय हो, कुनै घोडाको तबेला त होइन । तिमीलाई जानकारी छैन । सो सुन, गुटहरू यस प्रकार छन् - राजनीतिक गुट, जातीय गुट, साम्प्रदायिक गुट, क्षेत्रीय गुट, भाषा गुट, स्वार्थद्वारा प्रेरित गुट, संयोगले निर्माण भएको गुट, केही आदि गुट र केही ईत्यादि गुट । तिमीले यहाँको धरतीमा स्पर्श गरिसकेको छौ । अब कुनै एउटा गुटमा सम्मिलित हुनु अनिवार्य छ । भन, तिम्रो के विचार छ नवयुवक ?"

म कुरा नबुझेर त्यसै ढोकाको सन्धिस्थलमा अवाक उभिइरहें ।

"तिमी हाम्रो गुटमा ससम्मान सामेल हुनसक्छौ नवयुवक । हाम्रो गुटलाई माउसुली गुट भनिन्छ । हुन त यो पुरानै गुट हो । तर यसलाई हालै सुनियोजित तरिकाले पुनर्गठित गरिएको छ । म माउसुली गुटको वर्तमान अध्यक्ष हुँ । निर्वाचित अध्यक्ष । माउसुली गुटमा तिमीलाई हार्दिक स्वागत छ । यो गुटको सदस्य भएर धेरै लाभ छ । हामी सशक्त छौं । माउसुली गुटलाई कम नठान नवयुवक ।"

मलाई दुविधाग्रस्त अवस्थामा देखेर उसले पुच्छर ठाडो पारेर भन्यो, "के तिमीलाई थाहा छ, म यहाँ यसरी, किन छु ? हामी निसन्देह माउसुली हौं । हाम्रो अपेक्षित कार्य नै भित्ता-भित्तामा टाँसिनु हो । यो प्रयोजनको लागि हामी सूक्ष्म हात-खुट्टाको प्रयोग गर्छौं । जो कोहीले हत्पति देख्न सक्दैन । त्यसैले म कहिले भी.सी.को कक्षमा त कहिले रेक्टरको कक्षको भित्तामा देखापर्छु । डीनको कोठामा पनि रहन्छु । माउसुलीहरू महत्वपूर्ण भित्ताहरूसँग प्रतिवद्ध रहन्छन् । कुरा बुझ्यौ त ? प्रत्येक काम लाग्ने कोठाहरूमा माउसुलीको पहुँच छ । यसले गर्दा शिकार पक्रनमा हामीलाई सहयोग पुर्‍याउँछ । अहिले मलाई हेर, म शिकार साधनामा ब्यस्त छु ।"



"कस्तो शिकार सर ?" मैले आफ्नो जिज्ञासा भाव प्रकट गरें ।

"आफ्नो गुटको लागि बढुवा, भत्ता, विदेश भ्रमण, राम्रो ठाउँमा सरूवा, आम्दानी उपलब्ध हुने शैक्षिक टुर, उच्च शिक्षा, डेलिगेसनको सदस्य आदि । यही हाम्रो स्वादिष्ट ब्यञ्जन हो नवयुवक, जसको शिकार गर्न हामी सतत लागि रहन्छौं । जहाँ-जहाँ यस प्रकारको प्रकाश छ, त्यहाँ-त्यहाँ माउसुलीहरूको उपस्थिति अनिवार्य छ । कीट सेवनको लागि हामी जे पनि गर्न तत्पर रहन्छौं ।" उसले जिब्रो निकाल्यो र आंग मर्काएर भन्यो, "कहिलेकाहीं विश्वविद्यालय परिसरबाहिर पनि हामीले निस्कनुपर्छ । उदाहरणको लागि शिक्षा मन्त्रीको क्वाटर, सत्तारूढ पार्टी कार्यालय, प्रधानमन्त्रीको निवासस्थान आदिको नाउँ लिन सकिन्छ । जीवनलाई सुचारू रूपले अघि बढाउन आहारको खोजी नगरेर के गर्ने ? माउसुलीको काम त्यति सरल छैन नवयुवक ।"

मैले भित्तामा टाँसिएको माउसुलीलाई हेरें । हलचलहीन अवस्थामा चिन्तनमनन गरिरहेको थियो । ममा प्रशस्त उत्सुकता उत्पन्न भयो । तसर्थ प्रश्न गरें, "सर, आज के शिकार गर्न साधनरत हुनुहुन्छ ?"

"हेर नवयुवक, एउटा विदेशी प्रोजेक्ट विश्वविद्यालयमा आएको छ, जसमा अनुसन्धान जस्तो केही गर्नुछ । तर मुख्य कुरो के हो भने यसमा डलर धेरै छ । हो, कति छ ? अनुसन्धान त्यसैको गर्न सक्नुपर्छ । अन्य कुराहरू त्यस्तै हुन् । यो कार्यको लागि मेरो साँख्वै भाञ्जा, जो अर्थशास्त्र विभागमा कार्यरत छ, अति उपयोगी हुनसक्छ । त्यसैले म यहाँ यसरी तपस्या गरिरहेछु ।" माउसुलीले गम्भीर भएर भन्यो, "मेरो दृष्टि अनेकौं स्थानहरूमा अडेको छ । तर हालको लागि मेरो एकमात्र चाहना यही हो । अन्यको लागि पछि प्रयत्न गरौंला । म योजनावद्ध ढंगले काम गर्न रूचाउँछु ।"

"यसको लागि भी.सी.को कोठाको भित्तामा पो सरले टाँसिनु पर्ने, उपयुक्त स्थान त्यही हो, यहाँ किन सर ?" मैले अवोध भावले सोधें ।

"तिम्रो जिज्ञासा उचित छ नवयुवक । तर मेरो यहाँको भित्तामा उपस्थिति निष्प्रयोजन छैन । यो मेरो अभ्यासको क्षण हो । कुनै पनि कार्यलाई सफलताका शिखरमा पुर्‍याउनु छ भने यस्तो गर्नैपर्छ । मेरो अभ्यासको समय समाप्त भइसकेको छ । यहाँबाट म सोझै भी.सी.को कोठामा पुग्नेछु र आफ्नो साधना आरम्भ गर्नेछु । त्यहाँबाट पनि कुनै गतिलो निष्कर्ष निस्केन भने मेरो शिक्षामन्त्रीज्यूको कक्षमा गएर घोर तपस्या गर्ने विचार छ । प्राचीन ऋषिमुनीहरूझैं लक्ष्यभेदन गर्न एउटा माउसुलीले जे पनि गर्न सक्नुपर्छ नवयुवक । म माउसुली गुटको सम्मानित अध्यक्ष हुँ । मैले जसरी भए पनि सफल हुनैपर्छ नवयुवक ।"

यति भनेर माउसुली विस्तारै भित्ताबाट तल ओर्ल्यो । आश्चर्य ! अब ऊ एउटा मानवाकृतिमा परिणत भइसकेको थियो ।

उपरोक्त माउसुली विश्वविद्यालयको हो । तर माउसुलीहरूकहाँ छैनन् ? राजनीति, साहित्य, धर्म, ब्यापार, जागिर, समाजसेवा-सर्वत्र माउसुलीहरू देख्न सकिन्छन् । जहाँ-जहाँ उज्यालो हुन्छ, त्यहाँ-त्यहाँ माउसुलीहरू शिकार ढुकेर वसेका हुन्छन् । यही माउसुलीपन हो । प्रकाशको फाइदा माउसुली जति अरू कसैले उठाउन सक्दैन । कतै तपाई-हामी पनि माउसुलीको सहयोगखातिर त कोठामा बत्ती बाल्दैनौ ? ❑


*मैले भित्तामा टाँसिएको माउसुलीलाई हेरें । ममा प्रशस्त उत्सुकता उत्पन्न भयो । तसर्थ प्रश्न गरें, "सर, आज के शिकार गर्न साधनरत हुनुहुन्छ ?"*

# के विज्ञानको पछिल्ला आविष्कारहरूले द्वन्दवादका नियमहरूलाई बेठीक ठहऱ्याएका छन् ? २

– प्रज्ञानरत्न –

सन् १९६० को दशकमा पुगेपछि खालि इलेक्ट्रोन, प्रोटोन र न्यूट्रन मात्र होइन, क्वार्कजस्ता अति सूक्ष्मतम् प्राथमिक कणहरू पनि पत्ता लागे, जसबाट प्रोटोन र न्यूट्रनजस्ता कणहरू बनेका हुन्छन् । सन् १९६४ मा अमेरिकी बैज्ञानिक मुरे गेल-मान्ले यी क्वार्कहरूलाई आधारभूत कणहरूको संज्ञा दिए ।

यस्ता पदार्थको सूक्ष्मतम् कणहरू अर्थात् क्वार्कहरू अहिलेसम्म जम्मा ६ थरि भएको पत्तो लागेको छ, यद्यपि प्रोटोन र न्यूट्रन चाहिँ खालि



मार्क्स



क. लेनिन

तीनथरि क्वार्कबाट मात्र बनेको हुन्छ भन्ने गेल-मान्को भनाइ छ । ती तीनथरि आधारभूत कणहरू हुन् - अप् क्वार्क, डाउन् क्वार्क र स्ट्रेञ्ज क्वार्क ।

खालि यति मात्रै होइन, लेनिनको मृत्यु भएको वर्ष, सन् १९२४ मा, फ्रेञ्च भौतिकशास्त्री लुई द ब्रोग्लीले आफ्नो डक्टरेटको थेसिसमा के नयाँ तथ्य अघि सारे भने, खालि रेडियो विकीरणले कणहरू (particles) को स्वभाव देखाउने होइन, कणहरूको स्वभाव पनि तरंग (wave) को जस्तो हुन्छ । सन् १९२७ मा दुईजना अमेरिकी भौतिकशास्त्री क्लिण्टन डेभिस्सन र लेस्टर गेर्मरले यो तथ्यलाई प्रयोगद्वारा समेत सही भएको सावित गरे ।

यी सबै बीसौं शताब्दीका आविष्कारहरूले के देखाएका छन् भने हामीले प्रकृति र समाजमा जेजति ठोस बस्तुहरू देखिरहेका छौं, ती ज्यादाजसो खालि अन्तरिक्षले भरिएका छन् । ब्रम्हाण्डका सारा बस्तुहरू अन्तिम निचोडमा कणहरू र तरंगहरू सिवाय केही होइनन् ।

यही निचोडको धरातलमा टेकेर अहिले पूँजीवादी दार्शनिकहरू चिच्याइरहेछन् - खोइ, त्यसो भए पदार्थ कहाँ छ त ? पदार्थ त लोप भइसक्यो । पदार्थ नै लोप भएपछि मात्राबाट गुणमा र गुणबाट मात्रामा हेरफेरको नियम खोइ कहाँ लागू हुन्छ ?

कुनै पनि कुराको गहिराइमा नपुगीकन, चूरो कुरो नै नबुझीकन मनगढन्त निष्कर्ष निकाल्न हतारो लागेकाहरूको निम्ति वास्तविकता बुझाउने कुनै उपाय नै बाँकी रहन्न । नत्रभने बीसौं शताब्दीका पछिल्ला बैज्ञानिक आविष्कारहरूको निष्कर्ष कदापि त्यस्तो निस्कन्न, जस्तो निष्कर्ष उनीहरूले हचुवामा जथाभावी निकालिरहेछन् ।

पदार्थ लेनिनले Materialism and Empirio Criticism नामक दार्शनिक ग्रन्थ लेख्दासम्म परमाणुभन्दा सूक्ष्मकण इलेक्ट्रोनको सीमासम्म थाहा पाइएको थियो । तर अहिले क्वार्कको सीमासम्म थाहा पाउन सकिएको छ । क्वार्क भनेको अहिलेसम्म थाहा भएका मध्ये पदार्थको सबैभन्दा सूक्ष्मरूप हो ।

त्यस्तै, पदार्थका हालसम्मको सबैभन्दा सूक्ष्म रूपहरू लेप्टनहरू पनि हुन्, जसबाट इलेक्ट्रोन बनेको हुन्छ । क्वार्कहरू र लेप्टनहरू पदार्थकै सूक्ष्म कणहरू हुन्, जसको स्वभाव तरंगको जस्तो छ भनेर बैज्ञानिकहरूले अहिले पत्ता लगाएका हुन् । भरे बैज्ञानिकहरूले क्वार्क र लेप्टनभन्दा पनि सूक्ष्म कणहरू पत्ता लाउलान् । त्यसको छनक सन् १९९० को दशकमा आएर देखापरिसकेको छ । 'कणभित्रको पनि कण'को रूपमा देखा पर्न संभव देखिएका यी पदार्थका नयाँ सूक्ष्मतम् रूपहरूलाई 'पियोनहरू' भन्ने कि के भन्ने ?- नामको प्रस्तावसमेत बैज्ञानिक जगतमा भइसकेको छ ।

यो स्थितिमा, पदार्थ लोप भयो भन्ने निष्कर्ष निक्लन्छ नै कसरी ? लोप त हिजोसम्मको हाम्रो पदार्थ बारेको ज्ञानको सीमाको मात्र भयो । जसरी मार्क्स एंगेल्सको पालासम्म पदार्थबारेको हाम्रो ज्ञानको सीमा परमाणुसम्म थियो, लेनिनको पालामा आउँदा त्यो सीमा इलेक्ट्रोन र प्रोटोनसम्म विस्तारित भयो र अहिले आइपुग्दा त्यो ज्ञानको सीमा विस्तारित भएर न्यूट्रन, क्वार्क र लेप्टनहरूसम्म पुग्न सकेको हो । भविष्यमा प्रकृति र पदार्थसम्बन्धी मानव ज्ञानको सीमा कण र तरंग अथवा क्वार्क र लेप्टनभन्दा पनि अगाडि बढ्नेछ ।

यसबाट निक्लने निष्कर्ष यो हुन सक्दैन कि पदार्थ नै लोप भयो । निष्कर्ष त यो मात्र निक्लन्छ कि मान्छेको ज्ञानको सीमा छ र बैज्ञानिक ज्ञानको पनि सीमा छ । सबै बैज्ञानिक सिद्धान्त र ज्ञानहरू सापेक्ष छन् । तसर्थ पदार्थसम्बन्धी मान्छेको ज्ञान पनि सापेक्ष छ ।

अहिले केही भौतिकशास्त्रीहरूले क्वार्कलाई र लेप्टनलाई सबैभन्दा अन्तिम अविभाज्य र आधारभूत पदार्थको कण भनेका छन् । यो घोषणा गलत छ र बैज्ञानिक नैतिकताको विपरीत छ भन्ने मलाई लाग्छ । क्वार्क अहिलेसम्म थाहा पाइएको मध्ये, पदार्थको सबभन्दा प्राथमिक र आधारभूत सूक्ष्मतम एकाइ हुनसक्छ ।

परन्तु बैज्ञानिकहरूले क्वार्क र लेप्टनलाई सबै समयको लागि अन्तिम अविभाज्य र आधारभूत एकाइ भन्नु त्यतिकै गलत हुन्छ, जति परमाणुलाई पदार्थको अन्तिम, अविभाज्य र आधारभूत एकाइ भनेर उन्नाइसौं शताब्दीका बैज्ञानिकहरूले गल्ती गरेका थिए ।

त्यस्तै, सारमा र गहिरोमा जाँदा कण र तरंगको रूपमा पदार्थको अस्तित्वले पदार्थ नै लोप भएको भन्नु पटमूर्खता हो । पदार्थको मुख्य बिशेषता हो- मान्छेको मन वा चेतनाभन्दा बाहिर स्वतन्त्र रूपमा र बस्तुगत यथार्थको रूपमा अस्तित्वमा हुनु, मान्छेको मनमा त्यो प्रतिबिम्बित हुनु । यस हिसावले, पछिल्लो बैज्ञानिक आविष्कारले त पदार्थ कण वा तरंगको रूपमा बस्तुगत तवरले नै अस्तित्वमा छ भन्ने तथ्य मात्र उद्घाटन गरेको छ । कण वा तरंग अहिलेसम्म मानव जातिले थाहा पाएको पदार्थकै अस्तित्वको पछिल्लो रूप हो भन्ने तथ्य मात्रै बीसौं शताब्दीको बैज्ञानिक आविष्कारले उजागर गरेको हो । प्रकाश विद्युत चुम्बकीय तरंग हो भन्ने तथ्य उन्नाइसौं शताब्दीको आधाआधीमै जेम्स म्याक्सवेलले पत्ता लगाइसकेका थिए । पदार्थ परमाणुभन्दा पनि साना कणहरूबाट बनेको छ र कणहरूको स्वभाव तरंगको जस्तो हुन्छ भन्ने तथ्य मात्रै बीसौं शताब्दीको आविष्कार हो । क्वाण्टम सिद्धान्तलाई परमाणुमा

**सारमा र गहिरोमा जाँदा कण र तरंगको रूपमा पदार्थको अस्तित्वले पदार्थ नै लोप भएको भन्नु पटमूर्खता हो ।**



फ्रेडरिक ऐंगेल्स



लुई द ब्रोग्ली



जेम्स म्याक्सवेल

## *नयाँ तथ्यहरूले परिमाणबाट गुणतिर र गुणबाट परिमाणमा रूपान्तरणको नियम बेठीक हो भनेर अहिलेसम्म कहींकतै पनि देखाएका छैनन् ।*

प्रयोग गरेर तथ्यको उद्घाटन गरिएको हो ।

यी नयाँ तथ्यहरूले परिमाणबाट गुणतिर र गुणबाट परिमाणमा रूपान्तरणको नियम बेठीक हो भनेर अहिलेसम्म कहींकतै पनि देखाएका छैनन् । बरू, पछिल्लो रसायन शास्त्रको विकास र आविष्कारले यो नियमको सहीपना अरू ज्यादा पुष्टि भएको देखिएको छ ।

फ्रेडरिक ऐंगेल्सको पालासम्म परमाणुभन्दा सानो पदार्थको रूप पत्ता लागीनसकेकाले उहाँले 'प्रकृतिको द्वन्दवाद' र 'ड्युहरिंग विचारको खण्डन' जस्ता दार्शनिक ग्रन्थ लेख्दा कसरी निश्चित मात्रामा परमाणुहरूको संयोगबाट गुणात्मक रूपले नै भिन्न नयाँ अणुहरू अथवा बस्तुहरू पैदा हुन्छन् भन्ने कुरा उदाहरणसहित छर्लंग पार्नुभएको थियो । तर रसायन शास्त्रको बीसौं शताब्दीमा भएको विकासले परमाणुभन्दा पनि निकै सूक्ष्म तहमा गएर पदार्थका कणहरू अर्थात् सुक्ष्म पारमाणविक कणहरू (subatomic particles) को निश्चित मात्राबाट कसरी गुणात्मक रूपले नै भिन्न बस्तु पैदा हुन्छन् भन्ने तथ्य निकै राम्ररी उद्घाटन गरेको छ ।

दुईवटा अप् क्वार्कहरू र एउटा डाउन् क्वार्क मिलेर प्रोटोन नामको पोजिटिभ चार्ज भएको सुक्ष्म परमाणविक कण बन्दछ । परन्तु दुईवटा डाउन् क्वार्कहरू र एउटा अप् क्वार्क मिले भने चाहिं न्यूट्रन नामको न्यूट्रल चार्ज भएको गुणात्मक रूपले बिल्कूलै भिन्नै सुक्ष्म परमाणविक कण बन्दछ । क्वार्क नामको सूक्ष्म पदार्थको यस प्रकार क्वार्ककै तहमा कुरा गर्दा पनि निश्चित मात्रामा थप वा घटबाट कसरी गुणात्मक रूपले भिन्न बस्तु बन्दछ भन्ने कुराको यो ज्वलन्त उदाहरण हो ।

प्रोटोन, न्यूट्रन र इलेक्ट्रोनको तहमा कुरा गर्दा पनि हामी निश्चित मात्रामा पदार्थ वा गतिको थप वा घटबाट गुणात्मक रूपले भिन्नै तत्वहरू बन्छ भन्ने द्वन्दवादको नियम निकै राम्ररी लागू भएको पाउँछौं ।

उदाहरणका लागि, हाइड्रोजन रासायनिक तत्वमध्ये सबैभन्दा हलुका रासायनिक तत्व हो । गुणात्मक रूपले अरू तत्वभन्दा भिन्नै यो तत्व तब बन्दछ, जब इलेक्ट्रोनको एउटा कण र प्रोटोनको एउटा कणको मेल हुन्छ । तर त्यही इलेक्ट्रोन र प्रोटोनको २-२ वटा कण मिले भने हेलियम नामको तत्व बन्दछ, जुन गुणमा हाइड्रोजनभन्दा नितान्त भिन्नै हुन्छ । त्यस्तै, ३-३ वटा इलेक्ट्रोन र प्रोटोनको संयोगबाट अर्को नयाँ तत्व बन्दछ - लिथियम ।

अहिलेसम्म बैज्ञानिकहरूले १०० वटाभन्दा ज्यादा तत्वहरू फेला पारेका छन्, जुन गुणमा एक आपसमा पूरै भिन्न हुन्छन् । परन्तु यी सबै गुणात्मक रूपले भिन्न तत्वहरू इलेक्ट्रोन र प्रोटोनको निश्चित मात्राको संयोगबाटै पैदा हुन्छन् । तत्वहरू भनेकै इलेक्ट्रोन र प्रोटोनहरूको निश्चित मात्राको संयोग हो ।

कुनै पनि परमाणुमा केन्द्रिय नाभी हुन्छ । त्यस नाभीमा निश्चित मात्रामा पोजिटिभ चार्ज भएका प्रोटोनहरू र तटस्थ चार्ज भएका न्यूट्रोनहरू हुन्छन् । परमाणुको नाभीमा निश्चित मात्रामा प्रोटोनहरूका साथसाथै निश्चित मात्रामा न्यूट्रोनहरू नहुने हो भने प्रोटोनहरूमा एक आपसमा धकेलाधकेल वा बिकर्षणको प्रक्रिया चल्थ्यो र फलस्वरूप परमाणुको अस्तित्व नै संभव हुने थिएन । जस्तो, सबैभन्दा हलुका रासायनिक तत्व हाइड्रोजनको केन्द्रिय नाभी पनि सबैभन्दा साधारण हुन्छ : त्यसमा केवल एउटा पोजिटिभ चार्ज भएको प्रोटोन हुन्छ, त्यसमा न्यूट्रन हुँदैन । एउटै प्रोटोन हुनाले त्यहाँ विकर्षणको संभावना नै रहेन । त्यसैले त्यहाँ प्रोटोनलाई नाभीमा सन्तुलनमा राखीछोड्न न्यूट्रनको जरूरत पनि परेन ।

परन्तु दोस्रो सबैभन्दा हलुका तत्व हेलियमको नाभीमा दुईवटा प्रोटोन हुन्छन् । दुवै प्रोटोनको विद्युतीय चार्ज पोजिटिभ नै भएकाले तिनीहरू एकले अर्कोलाई बाहिर धकेल्थे, यदि त्यहाँ निश्चित मात्रामा अर्थात् २ वटा न्यूट्रल चार्ज भएका न्यूट्रनहरू नहुँदा हुन त । यसैगरी, गुणात्मक रूपले भिन्न विभिन्न तत्वहरू जति ज्यादा मात्रामा गह्रौं, भन् गह्रौं हुन्छन्, त्यसको नाभीमा विकर्षणको कार्यलाई रोक्न त्यति नै बढी संख्यामा प्रोटोनहरू र न्यूट्रनहरू साथसाथै हुन्छन् । हलुका तौल भएका परमाणुहरूमा अक्सरतया प्रोटोन र न्यूट्रनहरू बराबरी संख्यामा हुन्छन् । ज्यादा गह्रौं तौल भएका परमाणुहरूमा प्रोटोनको संख्याभन्दा ज्यादा न्यूट्रनहरू हुन्छन् ता कि विद्युतीय विकर्षणलाई निश्चित ढंगले घटाउन सकियोस् र केन्द्रिय नाभी ऐक्यवद्ध बनीरहोस् । जस्तोः कार्बोनमा ६ वटै प्रोटोन र ६ वटै न्यूट्रनहरू केन्द्रिय नाभीमा साथसाथै हुन्छन् । तर यूरेनीयमजस्तो गह्रौं तत्वमा, केन्द्रिय नाभीमा ९२ वटा प्रोटोनहरू हुन्छन्, जब कि तिनीहरूलाई विकर्षित हुन नदिन त्यहाँ २४६ वटा न्यूट्रनहरू हुन्छन् ।

यसरी, हामी संसारमा जेजति गुणात्मक रूपले भिन्न बस्तुहरू देखिरहेछौं, ती रासायनिक तत्वहरूको निश्चित मात्राको संयोगले पैदा भएका छन् । यो प्रकृतिमा जेजति गुणात्मक रूपले भिन्न तत्वहरू छन्, ती विशेषत : इलेक्ट्रोन र प्रोटोनका र केन्द्रिय नाभीमा प्रोटोन र न्यूट्रनको निश्चित मात्राको संयोग सिवाय केही होइनन् । इलेक्ट्रोन, प्रोटोन र न्यूट्रोन आफैं चाहिं लेप्टन र क्वार्कहरूको निश्चित संख्याका पैदायस हुन् ।

बीसौं शताब्दीमा विकास भएको सबैभन्दा पछिल्लो भौतिकशास्त्र र रसायनशास्त्रले के प्रमाणित गरेको छ भने दिनानुदिनको संसारका तमाम गुणमा भिन्न पदार्थहरू परमाणुको नाभीमा भएका दुइटा क्वार्कहरू (अप् क्वार्क र डाउन् क्वार्क) र इलेक्ट्रोनहरूको निश्चित संख्याबाट बनेका छन् । यसप्रकार, गुणहरूमा विविधतायुक्त दैनिक संसारलाई व्याख्या गर्न पदार्थका यी मात्राहरूबारे थाहा पाए पर्याप्त छ : दुइटा क्वार्कहरू एउटा चार्ज भएको लेप्टन, अर्को तटस्थ लेप्टन ।

यसरी विज्ञानको पछिल्लो विकास र आविष्कारहरूले द्वन्दवादको पहिलो नियमलाई बेठीक र असान्दर्भिक सावित गरेका छैनन्, बरू उल्टो, अरू ज्यादा ठोस प्रमाणसहित सही सावित गरेका छन् । ❑


**२०५७ सालको**

**विजया दशमी तथा शुभ दीपावलीको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**नेपाल विद्युत प्राधिकरण**

परिवार

प्रधान कार्यालय, दरवारमार्ग, काठमाण्डौ

# बसन्ती

# वल्लो घाट न पल्लो तीर

– सुशील सापकोटा –

नेपाली सिनेमा जगतमा चर्चामा आउने गरेका थोरै चलचित्रहरूमध्ये अब चलचित्र **बसन्ती** पनि पर्न गएको छ । यो चलचित्र उपन्यासकार डायमण्ड शमशेरको चर्चित उपन्यास **बसन्ती** मा आधारित चलचित्र हो । त्यस अर्थमा साहित्यिक कृतिमा आधारित यो सबभन्दा पछिल्लो चलचित्र हो । यस अघि विजय मल्लको उपन्यास **कुमारी शोभामा** आधारित **कुमारी** शीर्षकको चलचित्र बनेको थियो । त्यसै समयको वरपर कथाकार गुरूप्रसाद मैनालीको बहुचर्चित कथा **परालको आगो**लाई प्रताप सुब्बाले चलचित्रको रूप दिएका थिए । पछि केशवराज पिंडालीको उपन्यास **अन्त्यदेखि शुरूमा** आधारित चलचित्र **जीवनरेखा** बन्यो । त्यसपछि उपन्यासकार ध्रुवचन्द्र गौतमको उपन्यास **कट्टेलसरको चोटपटकलाई बासुदेव** शीर्षकको चलचित्रमा रूपान्तरण गरिएको थियो । **बासुदेव**का निर्देशक हुनुहुन्थ्यो – नीर शाह । अहिले प्रदर्शित चलचित्र **बसन्ती**को पनि निर्देशक हुनुहुन्छ – नीर शाह ।

**बसन्ती**भन्दा अगाडि र **बासुदेव**भन्दा पछाडि सुविख्यात नाटककार बालकृष्ण समको नाट्यकृति **प्रेमपिण्ड**मा आधारित चलचित्र **प्रेमपिण्ड** बनेको थियो । साहित्यकार तथा चलचित्रकर्मी यादव खरेलको निर्देशनमा बनेको चलचित्र **प्रेमपिण्ड** पनि नेपाली सिनेमा जगतमा चर्चामा आउने गरेका थोरै चलचित्रहरूमध्येकै चलचित्र हो । यसरी साहित्यिक कृतिमा बनेका चलचित्रहरूमध्ये **परालको आगो**, **बासुदेव** र **प्रेमपिण्ड** राम्रा चलचित्रको रूपमा प्रशंसित भैसकेका चलचित्रहरू हुन् भने पछिल्लो चलचित्र **बसन्ती** व्यावसायिक र बैकल्पिक दुवै सिनेमा जगतमा विवाद र प्रशंसाको चेपुवामा परेको देखिन्छ ।

वि.सं. १८९० देखि वि.सं. १९०३ सम्मको नेपालको राजनैतिक सत्ता संघर्षको इतिहासलाई अन्तरधारमा राखेर ऐतिहासिक पात्र गगनसिंह र काल्पनिक पात्र बसन्ती बीचको प्रेमकथालाई उपन्यासकार डायमण्ड शमसेरले **बसन्ती**मा प्रस्तुत गरेका छन् । उपन्यासकारको त्यही प्रस्तुतिलाई चलचित्रको रूपमा प्रस्तुत गर्दा निर्देशक नीर शाहले मूलधाराको व्यापारिक चलचित्रहरूको सूत्रात्मक चरित्रलाई पूर्णतः त्याग्न सक्नुभएको देखिंदैन । अर्कोतिर, गम्भीर चलचित्र निर्माणका निम्ति त्यसको कथामा मात्र होइन, संरचनामा समेत गम्भीर हुनुपर्ने खाँचोलाई उहाँले उपेक्षा गर्नु भएझैं देखिन्छ । यही कमजोरीले गर्दा उपन्यासको कलात्मक उँचाईमा चलचित्र पुग्न सकेको छैन ।

चलचित्रको गगनसिंह र उपन्यासको गगनसिंहमा चरित्रगत रूपमा चाहिने समानताको पर्याप्तता देखा पर्दैन । चलचित्र हेर्दा त्यहाँको बसन्तीले उपन्यासकी बसन्तीलेझैं प्रेमको भावनालाई दर्शक/पाठकसमक्ष गहिरो किसिमले प्रक्षेपण गर्न सकेको अनुभव हुँदैन । भावनाको निश्छलता उपन्यासकी बसन्तीले जति प्रक्षेपित गर्छे, चलचित्रकी त्यसो गर्न असमर्थ भएकी छ । प्रेमको आवेग र रागात्मकतालाई कलात्मक ढंगले प्रस्तुत गर्न चलचित्रमा जे गर्नुपर्थ्यो, त्यसबारे नीर शाहलाई ज्ञान नभएको हो वा चलचित्रमा चरित्रको विकासक्रमलाई घनात्मक रूले पैदा गर्ने भावनाहरूको फ्रेमभित्रबाट अघि बढाउन साहित्यमाजस्तो सहज नहुने हो, चलचित्रइतर क्षेत्रका दर्शकले ठम्याउन सक्दैन । अर्को शब्दमा भन्दा– चलचित्रमा दर्शकलाई बलियोसँग डोऱ्याउने *क्षमता निर्माण* हुनसकेको छैन । तसर्थ उपन्यास पढ्दा प्राप्त भएको वा हुने आनन्दको अनुभूति नीर शाहको **बसन्ती**ले पैदा गर्न सफल भएको छैन ।



चलचित्र **बसन्ती**मा श्री ५ राजेन्द्रकी जेठी महारानीको मृत्युपछि कान्छी महारानी लक्ष्मीदेवीले राज्यसत्तामा आफ्नो पकड जमाउन थालेदेखि कोतपर्व हुन्जेलसम्मको दरबारिया षडयन्त्र र दाउपेचहरू एकातिर छन् भने त्यही वातावरणभित्र महारानीको प्रियपात्र काजी गगनसिंह र उसकी प्रेमिका हुँदै पत्नी बनेकी बसन्ती बीचको प्रेमकथा अर्कोतिर छ । उपन्यासमा गगनसिंहको प्रेम प्रकरण र त्यसविरूद्ध सिलाङ्गेको षडयन्त्रले प्रमुखता पाएको छ र राजनीतिक विषय दोस्रो स्थानमा पुगेको छ । तर चलचित्रमा चाहिं सायद अनावश्यक ढंगले यसलाई स्तरीय बनाउने लोभले गर्दा राजनीतिक दाउपेच र प्रेम प्रकरणलाई

**उपन्यासमा गगनसिंहको प्रेम प्रकरण र त्यसविरूद्ध सिलाङ्गेको षडयन्त्रले प्रमुखता पाएको छ र राजनीतिक विषय दोस्रो स्थानमा पुगेको छ । तर चलचित्रमा चाहिं....**



*कान्छी महारानीको भूमिकामा गौरी मल्लको अभिनय यति राम्रो लाग्छ कि त्यस भूमिकामा त्योभन्दा राम्रो अभिनय हुनै सक्दैन जस्तो भान पर्दछ ।*

*फोटोहरू साभार : कान्तिपुर*

बराबरी स्थान दिएर प्रस्तुत गरिएको छ । यसले गर्दा चलचित्र आम दर्शकको निम्ति पर्याप्त रोचक पनि हुन सकेन भने वौद्धिकहरूको निम्ति बुद्धिवर्द्धक मनोरंजन पनि हुन सकेन ।

दरबार पसेपछि बसन्तीले नृत्य प्रस्तुत गर्छे चलचित्रमा । मूल कथामा त्यस्तो देखिँदैन । उपन्यासमा सिलाङ्गेले मार्न आँटेको थाहा पाएपछि ककनीनेरको बसन्तवागबाट भागेर गगनसिंहको खोजीमा बसन्ती काठमाण्डौ जान्छे, पशुपतिमा बस्छे, रानीसंग भेट्छे, दरबारमा दाखचोकमा लगिन्छे र पछि फेरि बसन्तवागमा पुऱ्याइन्छे । सिलाङ्गेले खुकुरीले काटेर मार्न आँटेपछि त्यो थाहा पाएर बसन्तवागबाट फेरि भागेर काठमाण्डौ आउँछे, कसैगरी दरवार पस्छे र च्यामीनीको भेषमा दरवारभित्र पसेर गगनसिंहको समीप पुग्न खोज्छे उपन्यासमा । तर चलचित्रमा बसन्तीलाई त्यस रूपमा देखाइएको छैन । त्यहाँ त बसन्ती भन्ने ठानेर आफ्नै स्वास्नीलाई मार्न पुगेको सिलाङेलाई आजकालको हिन्दी फिल्मको शैलीमा डायलगवाजी गर्दै बसन्तीले भगाइदिएको दृष्य देखाइएको छ । यहाँनेर त चलचित्रले उपन्यासको भ्रष्टीकरणसमेत गरेको छ । उपन्यासमा शिलाङ्गेकी छोरी रेणु र शिलाङेको मृत्यु बसन्तवागको मूलढोका जवर्जस्ती खोल्दा भत्केको गाह्रोले थिचिएर भएको छ । तर चलचित्रमा त्यस्तो देखाइएको छैन । यसरी अनेकौं ठाउँमा उपन्यासको मूल कथालाई चलचित्रमा छोट्याउने, बंग्याउने र विगार्ने काम भएको छ; तर पनि चलचित्र हल्का मनोरंजन चाहने आम दर्शकको निम्ति रोचकताले समृद्ध समेत हुन सकेको छैन । यस्ता केही कारणहरू छन्, जसले गर्दा नीर शाहकी **बसन्ती** वल्लोघाट न पल्लो तीर भएकी छे ।

सबै परिणामहरूले देखाएका छन् - साहित्यिक कृतिमा यसअघि **बासुदेव** बनाई सक्नुभएको नीर शाहले **बसन्ती** चाहिं कृतिअनुरूप बनाउन सक्नु भएको भन्न गाह्रो छ । **बासुदेव** राम्रो सिनेमा थियो । **बसन्ती** पनि त्यत्तिकै राम्रो सिनेमा हो भन्न उपन्यास र चलचित्रमा पर्न गएका कलात्मक भिन्नताहरूले गर्दा कठिन हुन गएको छ । तथापि निर्देशकले भेषभूषाहरूदेखि लिएर संवाद सम्प्रेषणसम्म राम्रै परिश्रम गर्नुभएको देखिन्छ ।


त्यो परिश्रममा पात्रहरूको चयन पनि पर्दछ । बसन्ती जस्तो सुन्दर पात्रको निम्ति करिश्मा जस्ती सुन्दरीको चयनदेखि लिएर कान्छी महारानीजस्ती सशक्त पात्रको निम्ति हालका सर्वाधिक सक्षम अभिनेत्रीहरूमध्येकी गौरी मल्लको चयनलाई नीर शाहको परिश्रमभन्दा पनि कौशलको रूपमा बुझ्न सकिन्छ । कान्छी महारानीको भूमिकामा गौरी मल्लको अभिनय यति राम्रो लाग्छ कि त्यस भूमिकामा त्योभन्दा राम्रो अभिनय हुनै सक्दैन जस्तो भान पर्दछ । तर पात्र चयनको प्रक्रियाबाट गुज्रंदा जंगबहादुरको चयनमा भने निर्देशक चिप्लनु भएको देखिन्छ ।

जंगबहादुर नेपाली इतिहासको एक जना अत्यन्त वीर पुरूष हो । आचरण र कर्महरूद्वारा धेरै हदसम्म निन्दित भए पनि जंगबहादुरको वीरता सँगसँगै कोतपर्व हुनु अघिका उसका उदात्त आचरणहरू पनि इतिहासकारहरूले शब्दवद्ध गरेका छन् । इतिहासले भन्छ : त्यस्तो वीर र उदात्त क्षत्रीय पुरूष कदको हिसावले मात्र पुडको थियो । तर चलचित्रमा उपस्थित भएको जंगबहादुर संवाद बोल्दाखेरि मात्र ओजस्वी देखिन्छ । अनुहारको भंगिमाले ऊ जंगबहादुर-जस्तो लाग्दैन । सबभन्दा नमज्जा त जंगबहादुरको निम्ति चयन भएको पात्र अनुहारले क्षत्रीयजस्तो समेत लाग्दैन । हो, गगनसिंह चाहिं इतिहास र औपन्यासिक चरित्र अनुरूप दुरूस्त नभए पनि व्यक्तित्वको हिसावले राजेश हमालजस्तै पो थियो कि भन्ने अनुभव हुन्छ ।

प्रधानमन्त्रीमा माथवरसिंहको नियुक्ति, त्यसपछि उसको हत्या, चौतरिया फत्तेजंगलाई बोलाहट र प्रधानमन्त्रीमा नियुक्ति जस्ता ऐतिहासिक घटनाहरूमा इतिहास नपढेका दर्शकलाई बुझाउन चलचित्रमा प्रस्तुत भएको दृष्य र संवाद पर्याप्त छैन । एउटा सामान्य गलैंचा मजदूर **बसन्ती** हेर्न हलभित्र पुग्यो भने दृष्यमा आइसकेको निकै बेरपछि पनि माथवर सिंह र चौतरिया फत्तेजंगलाई नायक राजेश हमालको के नाता पर्ने, को व्यक्ति हो भनेर खोजिरहन्छ तर भेट्टाउँदैन । आम दर्शकको निम्ति यस्तो समस्या राखेर इतिहास र उपन्यासको यथार्थलाई चाहिं सशक्त ढंगले प्रतिविम्बित नगर्दा बन्ने चलचित्रको नियति भनेको वल्लोघाट न पल्लो तीर नै हो । **बसन्ती**को अवस्था त्यस्तै भएको छ । ❑


२०५७ सालको
**विजया दशमी तथा दीपावलीको**
सुखद् उपलक्ष्यमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
**ललितपुर उपमहानगरपालिका**
परिवार

२०५७ सालको
**विजया दशमी तथा दीपावलीको**
हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
नेपाल खाद्य संस्थान
प्रधान कार्यालय



# भरतशमशेरसित हामी तास खेल्थ्यौं उनीसित झगडा पनि हुन्थ्यो

- निर्मल लामा -

सरकारले गाउँले जनताहरूलाई सित्तैं काममा लगाउने प्रवृत्तिप्रति हामी विरोध गर्थ्यौं । त्यसको विरोधमा हामी जुलुस निकाल्थ्यौं, जेल जान्थ्यौं र आन्दोलनमा जनताको राम्रो सहयोग प्राप्त गर्थ्यौं ।

एकातिर हामी सरकारले जनताविरूद्ध गर्ने अन्यायपूर्ण कामको विरोध गर्थ्यौं भने अर्कोतिर हामी कांग्रेस र गोर्खा परिषदको पनि विरोध गर्थ्यौं । कांग्रेसहरूसित त ठाउँ ठाउँमा मुठभेड नै हुन्थ्यो । त्यस्तै, गोर्खा परिषदसित पनि हाम्रो मुठभेड हुन जान्थ्यो ।

यस्तै एउटा घटना पोखरामा घट्यो । त्यतिखेर त्यहाँ पुरनसिंह बडा हाकिम थिए । उनी २००७ को सशस्त्र आन्दोलनमा मुक्ति सेनाका कमाण्डर इन-चिफ थिए ।

पोखरामा गोर्खापरिषदको जुलुस हुन लागेको थियो । हामी कम्युनिष्टहरू त्यसको विरोधमा उत्रनको निम्ति तयार भयौं । उनीहरूको जुलुस बाहिरबाट पोखरा बजार आउन लागेको थियो । हामीले त्यसको प्रतिरोध गर्न पोखरा बजारमा गाउँ-गाउँबाट मानिसहरू जम्मा पार्‍यौं । गाउँ-गाउँबाट मानिसहरू लाठी, मुड्ग्री र अलि गोप्य रूपमा भरूवा बन्दूकहरू समेत बोकी त्यहाँ जम्मा भए । तर हामीहरू अर्थात् भरत शमसेर, बेनीबहादुर कार्की, राष्ट्रिय कांग्रेसका एक जना र म शुरूमै गिरफ्तार भयौं । र, हामीलाई बडाहाकिम बस्ने घर, गोश्वारामा राखियो । त्यहाँ हामी दिनभरि खेलेरै बस्थ्यौं । भरत शमशेरसित हामी तास खेल्थ्यौं । उनीसित झगडा पनि हुन्थ्यो । त्यसबेला भरतशमशेर र बेनीबहादुर एकातिर, म र राष्ट्रिय कांग्रेसको मान्छे अर्कोतिर बसी हामी दिनभरि तास खेल्थ्यौं ।

तास खेल्दा हाम्रो शर्त हुन्थ्यो - जसले हार्‍यो, त्यसलाई जित्नेले कुट्ने । मेरो जोडीको रूपमा बसी खेल्ने राष्ट्रिय कांग्रेसको मान्छेले भरत शमशेरसित डराई खेल नै बिगार्थ्यो । तर मैले पनि निहुँ खोज्न थालें । म पनि बलियो थिएँ । भरत शमशेर पनि बलियो थियो । नियम के बनायौं भने, जित्नेले हार्नेलाई कुट्न पाउने तर हार्नेले पनि कुटाइ रोक्न पाउने, सके कुट्नेलाई ठोक्न नै पाउने । भरत शमशेरहरूले हुँदैन भनेर झगडा गर्न थाले । पछि बडाहाकिम पुरनसिंह आएर झगडालाई मिलाए ।

त्यसपछि काठमाण्डौबाट डि.आई.जि. टेक नारायण पोखरातिर गए । सायद उनी नरदेवीतिरका नेवार थिए । उनले पोखरामा पुगेपछि भरत शमशेरलाई प्लेनबाट काठमाण्डौ पठाए, तर बेनीबहादुर र मलाई पैदल नै काठमाण्डौ चलान गरे ।

काठमाण्डौ आएपछि के थाहा पाइयो भने मलाई त पशुपति काण्डको शिलशिलामा काठमाण्डौ ल्याइएको रहेछ । त्यो काण्डमा मेरो नाम पनि पोलिएको रहेछ । मलाई डि.एस.पि. कार्यालयमा हत्कडी लगाएर ल्याई खम्बामा बाँधियो । तर बेनीबहादुरलाई भने छोडियो ।


त्यसपछि त्यस घट्नालाई लिएर मैले हल्ला गर्न थालें । दुई दिनपछि मलाई चारखाल अड्डामा पठाइयो । त्यहाँ मेरो मुद्दा रहेछ । त्यहाँ पुगेपछि हाकिमले 'किन हत्कडी लगाएको ?' भनी पुलिसलाई गाली गरे । हाकिमले 'छोडिदेऊ' भनेपछि पुलिसले मेरो हत्कडी फुकालिदियो । त्यसपछि हाकिमले 'मैले बुझिलिएँ, तिमीहरू जाऊ' भनी पुलिसलाई फकाईदिए ।

मलाई ती हाकिमले भने 'बेकारमा तपाईंलाई दुःख दिइयो । पशुपति काण्डमा तपाईंको नाम पनि पोलिएको रहेछ, तैपनि त्यस्तो खास कुनै ठूलो कुरो छैन । अलिकति बयान लिएर तपाईंलाई तारिखमा छोड्न सकिने थियो । पुलिसहरूले अलि बदमासी गरे ।'

मेरो नाम उनले कतैबाट सुनेका रहेछन् । मलाई केही साधारण बयान लिइयो र त्यही दिन छोडियो । ती हाकिमले 'तारिखमा पनि नआए हुन्छ' भनी मलाई विदा गरे, त्यो केस त्यत्तिकै टुङ्गियो ।

म पोखरामा काम गरिरहेको मान्छे । त्यसरी काठमाण्डौमा आइपुगेपछि यहाँका साथीहरूले मलाई 'यहाँ त कामै भएन, तपाई यहीं बस्नुपर्छ' भनेर माग गरे । र, उनीहरूले मलाई काठमाण्डौमै राख्न पार्टी हेडक्वाटरसँग माग गरे । उनीहरूले त्यो माग लिई त्यहाँ धर्ना नै कसे । त्यसपछि मलाई काठमाण्डौमै राख्ने निर्णय गरियो । अनि म पोखरा नफर्की काठमाण्डौमै बसी काम गर्न थालें ।

त्यतिखेरसम्म पार्टीमा केशरजङ्ग



भरत शम्शेर

◆ भरतशमशेर र बेनीबहादुर एकातिर, म र राष्ट्रिय कांग्रेसको मान्छे अर्कोतिर बसी हामी दिनभरि तास खेल्थ्यौं ।

◆ पार्टीमा केशरजङ्ग रायमाझी राजावादी हुन् भन्ने कुराको केही संकेत मैले पाइसकेको थिएँ ।



रायमाझी

# ◀ आत्मकथा


रायमाझी राजावादी हुन् भन्ने कुराको केही संकेत मैले पाइसकेको थिएँ । राजा पोखरामा जाँदा उनले स्वागत तथा अभिनन्दन गरेका थिए । त्यस्तै, राजा कहीं जाँदा यहाँ काठमाण्डौमा रायमाझी एअरपोर्टसम्म राजालाई बिदाइ गर्न जान्थे ।

रायमाझीको त्यो क्रियाकलापलाई लिएर पार्टीभित्र विरोध हुन थालिसकेको थियो । उनी त्यतिखेर पार्टीका महासचिव थिए । त्यतिखेर मनमोहन अधिकारी चीनमा औषधि उपचारको निम्ति गएका थिए । हामीले काठमाडौं जिल्ला कमिटीमार्फत् पुष्पलाल र शम्भुरामको नेतृत्वमा संगठित रूपले रायमाझीको राजावादी क्रियाकलापप्रति घोर घमासान विरोध गर्न थाल्यौं ।


त्यही कारणले रायमाझीले मलाई पार्टीबाट निष्काशन गर्ने षडयन्त्र गर्न थाले । म उनको ठाडो बिरोध गर्थें । स्तालिनको जामानाको अनुशासनमा रहेको त्यतिखेरको कम्युनिष्ट पार्टीको साधारण सभामा मैले 'रायमाझी राजावादी भयो' भनेर उनकै अगाडि ठाडो बिरोध गरेको थिएँ ।

त्यसपछि २०१४ सालमा कांग्रेससँग मिलेर कम्युनिष्ट पार्टीले 'भद्र अवज्ञा' आन्दोलन गर्ने काम गऱ्यो । 'भद्र अवज्ञा' आन्दोलन भनेको चुनाव चाँडै गराउन सरकारलाई दबाबस्वरूप असहयोग गर्ने आन्दोलन हो । जुलुस गर्ने, अड्डाहरूमा धर्ना दिने, त्यहाँ जागीरदारहरूलाई पस्न नदिने आदि कुराहरू यस आन्दोलनमा पर्छन् ।

त्यस आन्दोलनमा सिंहदरबारमा धर्ना दिन नेपाली कांग्रेसलाई र न्यायालयमा (त्यतिखेर न्यायालय रानीपोखरी नजिक हाल नेपाल प्रहरीको मध्यमाञ्चल क्षेत्रीय कार्यालय रहेको ठाउँमा थियो ।) धर्ना दिन नेपाल कम्युनिष्ट पार्टीलाई जिम्मा दिइएको थियो । तर केशरजङ्ग रायमाझी महासचिव भएको नेकपाको तत्कालीन नेतृत्वको आदेश मानेर



पुष्पलाल



शम्भुराम

**हामीले काठमाण्डौ जिल्ला कमिटीमार्फत् पुष्पलाल र शम्भुरामको नेतृत्वमा संगठित रूपले रायमाझीको राजावादी क्रियाकलापप्रति घोर घमासान विरोध गर्न थाल्यौं ।**

हामी काठमाण्डौ जिल्ला कमिटीका साथीहरू न्यायालयमा धर्ना दिन गएनौं ।

त्यतिखेर म त्रि-चन्द्र कलेजमा पढ्थें । हामीहरू नगएपछि न्यायालयमा धर्ना दिने मान्छेहरू भएनन् । रायमाझी, कमर शाहहरू बिहानको दश बजेदेखि धर्नाको निम्ति न्यायालयको ढोकामा पुगेका थिए । तर तिनीहरूले धर्ना दिन सकेका थिएनन् । कर्मचारीहरू सबै बिहान दश बजे न्यायालयभित्र छिरिसकेका थिए । पुलिसहरूले लाठी हातमा समाती लहरै बसेर मानिसहरूलाई पस्न नदिई न्यायालयलाई घेरिराखेका थिए ।

केही साथीहरू त्रि-चन्द्र कलेजमा आएर 'यो के गरेको ? पार्टीको बेइज्जत हुन थालिसकेको छ । तिमीहरू यहाँ तमासा हेरर बस्ने ?' भन्न थाले । त्यसपछि मैले त्रि-चन्द्र कजेलका सबै विद्यार्थीहरू लिएर गएँ र हामीहरूले त्यहाँ न्यायालयलाई घेरा हालेर बसेका पुलिसहरूको लाठी साठी खोसी पुलिसहरूलाई पिटपाट गरेर भित्र पस्यौं । भित्र पसिसकेपछि हामीले न्यायालयका कागजातहरू च्यातच्यूत पारी बाहिर फालेर त्यहाँभित्रका कर्मचारीहरूलाई बाहिर निकालिदियौं । प्रहरीहरूले लाठीचार्ज गरे । अश्रु ग्याँस छाडे । तर त्यतिखेरसम्म पुलिसले फालेको अश्रुग्याँसलाई पड्कन नपाउँदै टिपेर पुनः पुलिसहरूतर्फ नै फाल्ने काम हामीले जानिसकेका थियौं । धमाधम हामीले यो काम गऱ्यौं । पुलिसहरू तितर बितर भए । तर तैपनि तिनीहरूले रायमाझी र कमर शाहहरूलाई पक्डेर लगे ।

त्यहीबेला सिंहदरबारमा धर्ना बसेका विश्वेश्वरप्रसाद कोइरालालाई पक्डेर सिंहदरबारभित्र राखिएको छ भन्ने कुरा आयो । हामीहरूले ठूलो जुलुससहित सिंहदरबारको गेट नै फोरेर भित्र पसी वि.पी.लाई तानेर छुटाई बाहिर निकाल्यौं । त्यसपछि ठूलो जुलुस लिएर हामी भद्रकालीतिर आयौं । जुलुसमा कांग्रेसीहरूले 'वीर विश्वेश्वर जिन्दावाद' भनेर नारा लगाए । हामीले उनीहरूलाई 'वीर विश्वेश्वर नभन, कांग्रेस नेता विश्वेश्वर भन' भन्यौं । तर उनीहरूले मानेनन् । त्यसपछि हामीहरूले त्यस जुलुसलाई छोड्यौं र हामी त्रि-चन्द्र कलेजमा फर्क्यौं । हामीले छोडेपछि कांग्रेसको सानो जुलुस अगाडि बढ्यो ।

त्यतिखेर त्रि-चन्द्र कलेजमा करीब १८०० विद्यार्थीहरू थिए । दिउँसो विज्ञान र मानविकीको पढाई हुन्थ्यो भने बिहान कमर्शको हुन्थ्यो । बेलुकी केको पढाइ हुन्थ्यो, त्यो अहिले मलाई सम्झना छैन । सायद मानविकी नै चल्थ्यो क्या रे ।


त्यतिबेला म त्रि-चन्द्र कलेजमा अत्यन्तै लोकप्रिय थिएँ । म कलेजमा पुस्तकालय, प्रयोगशाला आदि जस्ता विभिन्न समस्याहरू लिई कलेज प्रशासनसँग कुरा गर्न जान्थें । कलेजका प्रिन्सिपललगायत अन्य प्रोफेसरहरूसँग मेरो निरन्तर सम्पर्क भइरहन्थ्यो । विद्यार्थीहरू माझ पनि सबैसँग मेरो निरन्तर र राम्रो सम्पर्क भइरहन्थ्यो ।

त्यसैले 'भद्र अवज्ञा' आन्दोलन अन्तर्गत न्यायालय घेर्ने कार्यक्रममा मैले जाऔं भन्नासाथ दिउँसो पढ्ने करीब ७५ प्रतिशत विद्यार्थीहरू अर्थात् २/३ सय विद्यार्थीहरू मसँगै न्यायालय घेर्न गएका थिए ।

न्यायालय घेरेको भोलिपल्ट बेलुकी गणेशमान सिंहकहाँ बैठक भयो । मलाई पनि त्यहाँ बोलाइयो । म त्यहाँ गएँ । त्यहाँ १५/२० जना अन्य विद्यार्थीहरूलाई पनि बोलाएर राखिएको रहेछ । बैठकमा गणेशमानले हामीलाई भोलिपल्ट चारखाल अड्डा जिम्मा लेऊ भने । हामीले 'हुन्छ' भन्यौं ।

भोलिपल्ट हामीले चारखाल पस्ने नाकाहरू डिल्लीबजारबाट सिंहदरबारनिरको बाँसघारीतर्फ जाने बाटो, डिल्लीबजारबाट बागबजार झर्ने ओरालो र नक्सालबाट डिल्लीबजार आउँदाको चौबाटोदेखि चारखाल अड्डाको गेटसम्मको बाटोमा बाटोभरि सुतेर एकजना कर्मचारीलाई पनि चारखालभित्र पस्न दिएनौं । दिउँसोको दुई बजेतिर चारैतिर पुलिसले घेरेर लाठी चार्ज गऱ्यो । र, मसहित पद्मकन्या गर्ल्स कलेजकी तारा मानन्धर लगायत थुप्रै विद्यार्थीहरूलाई पुलिसले गिरफ्तार गऱ्यो ।

यस अघि त्यसदिन हामी चारखाल घेर्नको लागि विद्यार्थीहरूको सहयोग माग्न पद्मकन्या गर्ल्स कलेजमा गएका थियौं । हामीले आह्वान गर्नासाथ त्यहाँबाट ३/४ सय केटीहरू चारखाल घेर्न आएका थिए । त्यो घट्ना महिलाहरूको सहभागिताको हिसावले आन्दोलकै




बी.पी. कोइराला

**हामीहरू ठूलो जुलुससहित सिंहदरवारको गेट नै फोरेर भित्र पसी वि.पी.लाई तानेर छुटाई बाहिर निकाल्यौं ।**

◆

**न्यायालय घेरेको भोलिपल्ट बेलुकी गणेशमान सिंहकहाँ बैठकमा गणेशमानले हामीलाई भोलिपल्ट चारखाल अड्डा जिम्मा लेऊ भने । हामीले 'हुन्छ' भन्यौं ।**



गणेशमान सिंह


इतिहासमा गजबको घटना थियो । त्यस दिन मलाई गिरफ्तार गरेर नख्खु जेल लगियो । गिरफ्तार भएका हामीहरू ५०/६० जना थियौं । तीमध्ये एक्ली तारा मानन्धर मात्र केटी थिइन् । उनले हामीहरू सबैको साथमै बस्ने भनिन् । तर उनलाई महिला जेल चलान गरियो ।

जेलमा हामीलाई ७/८ दिन राखेर रिहा गरियो । हामी रिहा भएको लगत्तै राजा महेन्द्रले आम चुनावको घोषणा गरे । तर चुनाव संविधान सभाको नभई संसदको हुने घोषणा भयो ।

चुनावको घोषणापछि यसलाई लिएर पार्टीभित्र संघर्ष चल्यो । माझीहरू संसदीय चुनाव मान्ने भनेर आए । तर पुष्पलाल, शम्भुराम, मोहनबिक्रम लगायत हामीहरूले



चन्द्रानन्द नेवा



कृष्णदास श्रेष्ठ

*चन्द्रानन्द नेवाःको घरमा बस्दा उनले मलाई आवश्यक किताबहरू खोजिदिए । त्यतिखेर मलाई अलि अलि चन्द्रानन्द नेवाः र अलि अलि कृष्णदास श्रेष्ठले पनि पढाउने गरे ।*

संसदीय चुनावलाई बहिष्कार गर्नुपर्छ भन्यौं । झण्डै एक वर्षसम्म यस विषयलाई लिएर पार्टीभित्र ठूलो संघर्ष चल्यो ।

एक वर्षपछि रौतहटमा पार्टीको केन्द्रीय समितिको बैठक बस्यो । त्यहाँ पुष्पलालले रायमाझीसँग सम्झौता गरेर आए । र, उनी संसदीय चुनावमा भाग लिने पक्षमा उभिए । त्यसैले पार्टीले त्यस चुनावमा भाग लिने भयो । पछि चुनावमा पुष्पलालले हार्न पुगे भने तुल्सीलालले जिते ।

त्यसबेला कम्युनिष्ट पार्टीको तर्फबाट पाटनमा तुल्सीलालले, रौतहटमा एकजना मुसलमान कमरेड र अर्को हरदयाल महतो नामका एक कमरेड गरी दुईजना विशुद्ध किसानले र पाल्पामा कमलराज रेग्मीले चुनाव जितेका थिए । यसरी त्यसबेला पार्टीको तर्फबाट चार जनाले संसदीय चुनाव जितेका थिए ।

त्यतिखेर कम्युनिष्ट पार्टी पाटन र पाल्पामा बलियो नै थियो । रौतहटमा त्यसअघि ठूलो किसान आन्दोलन भएको थियो । 'तमसुक फट्टा' आन्दोलन चलेको थियो । साहु-सामन्तहरूको करोडौं रूपियाँको तमसुक जलाइएको थियो । ५/६ महिनासम्म किसानहरूले गाउँ गाउँमा जुलुस गरेर साहु-सामन्तहरूसँग तमसुक खोसी च्यात्ने काम गरे । पछि त्यस आन्दोलनलाई दबाउन नेपाली तथा भारतीय पुलिस फोर्स आयो ।

नेपाली पुलिस फोर्सको हाकिम एक जना राणा थियो । त्यसको पुरा नाम अहिले मलाई सम्झना भएन । नेपाली र भारतीय पुलिस फोर्स मिलेर किसानहरूलाई यति बिघ्न चुटे कि तत्काल तिनीहरूले प्रतिरोधमा केही पनि गर्न सकेनन् । च्यातेको तमसुक पुलिसहरूले पुनः लेख्न लगाए । किसान आन्दोलन करीब करीब पूरै दबिन पुग्यो ।

त्यस आन्दोलनको लगत्तै १५ सालको आम चुनाव भएको थियो । हिजो आन्दोलनमा कुटाइ खाएका, पिटाइ खाएका र चुटाइ खाएका जति पनि किसानहरू थिए, उनीहरूले हिजोको रिस फेर्ने काम त्यस आम-चुनावमा गरे । र, किसानहरू आम चुनावमा कम्युनिष्ट पार्टीको पक्षमा यसरी ओर्लिए कि पार्टीले कल्पना नै गर्न नसक्ने गरी उनीहरूले कम्युनिष्ट पार्टीलाई मत दिए । यसबाट रौतहटमा कम्युनिष्ट पार्टीले दुई दुईवटा सिट जित्न पुग्यो ।

यसबाट मैले के बुझें भने संघर्ष गरेको ठाउँमा जनताले चुनावमा पनि कम्युनिष्ट पार्टीलाई साथ दिंदोरहेछ । बहुदलको पुनर्स्थापना भएपछि २०४८ सालको चुनावमा जनमोर्चाले जुन ९ वटा सिट जित्यो, त्यो पनि संघर्षको पृष्ठभूमिको कारण नै थियो । त्यस चुनावमा काभ्रे, पाटन, सिराहा, रोल्पा, रूकुम आदि जिल्लामा पर्ने हामीले जितेका नौ वटा क्षेत्रहरू सबै नै हिजोदेखि हामीले जनताको संघर्ष चलाउँदै आएका ठाउँहरू हुन् । भर्खरै सम्पन्न २०५६ सालको आम चुनावमा सिन्धुलीमा प्रतिक्रियावादीहरूले गुण्डागर्दी, पैसा, धाँधली सबैजसो हथकण्डा प्रयोग गरेर पनि लीलामणि पोखरेललाई हराउन सकेनन् । किनकि त्यो क्षेत्र पनि हामीले हिजोदेखि जनताको संघर्ष चलाउँदै आएको ठाउँ हो ।

रायमाझीको लाइन विरूद्धको संघर्षको कुरा तेज पार्दै गएपछि उनले मलाई पार्टीबाट निष्काशन गर्ने योजना तथा षडयन्त्र रच्न थाले । त्यसपछि मैले के सोचें भने पार्टीको सेन्ट्रल कमिटीमा बहुमत प्राप्त महासचिवले मलाई फाल्न खोजेपछि म त पक्कै फालिन्छु । अब मैले के गरेर खाने ? मैले जम्मा आठ कक्षासम्म मात्र पढेको थिएँ । जागीर खाने कुरै भएन । त्यसैले मैले एस.एल.सी. जाँच दिई पास गरेर ट्यूशन पढाएर खाने बिचार गरें । र, एस.एल.सी.को लागि तयारी गरें ।

त्यतिखेर म चन्द्रानन्द नेवाःको घरमा बस्थें । उनले मलाई आवश्यक किताबहरू खोजिदिए । अलिअलि मलाई पढाउने काम पनि उनले गरे । त्यस्तै, त्यतिखेर मलाई अलि अलि कृष्णदास श्रेष्ठले पनि पढाउने गरे । मैले आफैं पढ्ने कुरो त छँदै थियो ।

जाँचको फाराम भर्ने बेला आयो । फारामको लागि १५ रूपियाँ चाहिने भयो । तर मसँग एक पैसा पनि थिएन । साथीहरूसँग पनि थिएन ।

त्यतिखेर चन्द्रानन्दले एउटी केटी (अहिले उनकी श्रीमती) सँग भर्खर प्रेम गर्न थालेका रहेछन् । उनी बाङ्गेमुढामा बस्थिन् । चन्द्रानन्दले उनीकहाँ गएर मेरो नाममा १५ रूपियाँ मागेर ल्याई फाराम भरिदिए । त्यसपछि मैले एस.एल.सी. जाँच दिएँ ।

एस.एल.सी. जाँच दिन जाँदा प्रायःजसो म भोकै जान्थें । तर कैलेकाहीं चन्द्रानन्दका दिदीहरू तथा उनी आफैंले बडो दुःख गरी खोजेर ल्याई मलाई मात्रै भए पनि भात पकाएर ख्वाउँथे । मैले त्यतिसम्म दुःख गरी पढेर जाँच दिएँ र पास पनि भएँ ।

एस.एल.सी. पास भइसकेपछि अलिकति जग्गा जोड्छु भनेर म जङ्गल फाँड्न गएँ -बडाफर भन्ने ठाउँमा । त्यो ठाउँ सिमराबाट अलि वर जङ्गलभित्र पर्थ्यो । त्यो क्षेत्र त्यस अघि नै कुनै एक समयमा आबाद भएर पछि पुनः पर्ति जग्गामा परिणत भई जङ्गल बनेको ठाउँ रहेछ ।

त्यतिखेर मकवानपुरमा नानीकाजी भन्ने एक जना जमिन्दार थिए । तिनी त्यसबेला यहाँ काठमाण्डौमा चाबहिलमा बस्थे । उनको भाइ तुलबहादुर भन्ने व्यक्ति पहिले मसँग दार्जिलिङ्गमा पढ्थ्यो । उसकै सम्पर्कबाट नानीकाजीसँग मेरो चिनाजानी भएको थियो । उनी जमिन्दार भए पनि टाटपल्टेका, नामका मात्र जमिन्दार थिए ।

चिनापर्चिकै आधारमा त्यसअघि कुनै बेला नानीकाजीसँग म मकवानपुरमा शिकार खेल्न गएको थिएँ । त्यहाँ जङ्गलमा बाढी पीडितहरूले बस्ती बसाउन जङ्गल फाँडेको देखेको थिएँ । त्यतिखेर कृषिमन्त्री प्रजा परिषद्का चुडाप्रसाद थिए । त्यसैले जङ्गल फाँड्ने अनुमति लिन म चुडाप्रसादकहाँ गएँ ।

'चुडाप्रसादजी, मैले त अब खाने, लाउने गर्नुपर्‍यो । मकवानपुर गई जङ्गल फाँडेर एक दुई बिगाहा जमिनमा खेती गर्नुपर्‍यो ।' - मैले कृषिमन्त्रीलाई अनुरोध गरें ।

उनले 'कहाँ फाँड्छौ ?' भने ।

मैले फाड्ने ठाउँ बताइदिएँ ।

उनले भने -"जाऊ फाँड । तर मैले भनेको भनेर कसैलाई नभन । रेञ्जरले केही भन्यो भने माथिको आदेशले फाँडेको भन । 'आदेश खोई ?' भन्यो भने कृषि मन्त्रालय जाऊ भन । गिरफ्तार भयौ भने खुरूखुरू जानू, म छुटाउँछु ।"

त्यसपछि मैले नानीकाजीसँग मिलेर जङ्गल फाँड्ने बिचार लिएँ । मैले नानीकाजीलाई कृषिमन्त्रीसँग भएको कुराकानी सुनाएँ । उनी पनि टाटपल्टेका जमिन्दार, उनीसँग जमिन थोरै मात्र थियो । उनले मलाई 'ल गर । खर्चको बन्दोबस्त म गर्छु' भने ।

उनले 'हामीहरूले मात्र फाँड्न सकिन्न, थारूहरू खोज' भने ।

मैले ३२ घर थारूहरू खोजें । ती थारूहरूलाई रासनपानी र बस्ने टहराको बन्दोबस्त गरी जङ्गल फाँडेपछि उनीहरूलाई प्रति परिवार डेढ/डेढ बिगाहा जमिन दिने बचन दिएर जङ्गल फाँड्न लगाएँ ।

जङ्गल फाँडिसकेपछि जङ्गल फाँड्न खर्च बेहोर्ने नानीकाजीलाई आठ बिगाह, मलाई पाँच बिगाहा र स्कूललाई तीन बिगाहा जमिन बितरण गर्ने ब्यवस्था मिलाएँ । जग्गा धेरै राम्रो थियो । जग्गाको दुईतिरबाट खोला बग्थ्यो र त्यसबाट कुलो लगाउन सकिन्थ्यो । ❑

*प्रस्तुति : तुल्सीदास महर्जन*

# के 'एकता केन्द्र' प्रति द्वेष-भाव नै राखिएको हो त ?

◆ चन्द्रदेव नेपाली ◆

'मूल्यांकन'को अंक ७७ मा लेखिएको मेरो लेख 'क. निर्मल लामाको अन्त्येष्टीमा देखिएका संस्कृतिका दुई पक्षहरू' र अंक ७८ मा लेखिएको लेख 'के मार्क्सवाद भिन्नमत देखेर तर्सन्छ ?' मा व्यक्त प्रसंगहरूका बारेमा प्रतिवाद गर्दै ने.क.पा. एकताकेन्द्रका क. पियुषले लेख्नुभएको लेख गत ७९ र ८० अंकमा प्रकाशित भएका छन् । श्याम श्रेष्ठले लेख्नुभएको आवरण कथा 'कसरी गरीब केटो मस्तराम प्रशिद्ध निर्मल लामामा बदलियो ?' प्रति समेत यो लामो लेख लक्षित छ ।

कुनै पनि लेख-रचनाका बारेमा छलफल वा वादविवादहरू हुनु नराम्रो कुरा हैन । छलफल-अन्तर्क्रिया, बहस-वादविवादले वैचारिक स्पष्टताको निम्ति राम्रो भूमिका खेल्ने हुनाले क. पियुषमार्फत् ने.क.पा. एकताकेन्द्रले व्यक्त गरेका विचारहरू र प्रस्तुत गरेका प्रतिवादहरूको म हार्दिक सम्मान गर्न चाहन्छु ।

'मूल्यांकन'को नीति-संस्कृति स्तंभमा मैले 'हेर्दा भिनामसिना देखिने तर सारमा अर्थपूर्ण भूमिका रहने' सांस्कृतिक मुद्दाहरूमा पाठकहरूको ध्यानाकर्षण गराउने कोशिस गर्दैआएको छु । यी मुद्दाहरूमा व्यक्त मेरा विचारहरू प्रमुख कुरा हैनन्, यिनमा पाठकहरूका आफ्ना आलोचनात्मक ठम्याइहरू नै प्रमुख कुरा हुन् भन्ने मेरो मान्यता रहँदैआएको छ । छलफल, चर्चा वा सरोकारको एजेण्डामा नपरेका सांस्कृतिक मुद्दाहरूलाई एजेण्डामा पार्नु स्वयंमा महत्वपूर्ण कुरा हो, यसो भएमा यी मुद्दाहरूका बारेमा सही विचारको खोजी हुनथाल्ला र खोजी-विश्लेषण-खोजीको माध्यमबाट विचार खारिँदै जाला भन्ने पनि मेरो मान्यता रहँदैआएको छ ।

यसैअनुरूप आन्दोलनमा रहेका जल्दावल्दा सांस्कृतिक पक्षहरूको चर्चा गर्ने क्रममा समसामयिक घटनाहरूमार्फत् व्यक्त हुने सांस्कृतिक मुद्दाहरूका बारेमा लेखिएका लेखहरूले पाठकहरूको ध्यान ज्यादा तान्दारहेछन् भन्ने मेरो अनुभव रहेको छ । तर यसमा एउटा समस्या पनि रहँदोरहेछ, र त्यो समस्या हो - ती सांस्कृतिक मुद्दाहरूसँग जोडिएका पात्रहरू वा समूहहरूले अनुभव गर्ने चोटको समस्या ।

यद्यपि मैले प्रायः मुद्दाहरूलाई पात्रगत वा समूहगतभन्दा ज्यादा प्रवृत्तिगत रूपमा उठाउने कोशिस गर्दैआएको छु । तर पनि विषयलाई मूर्त बनाउनका निम्ति कतिपय सन्दर्भमा पात्र वा समूहको पनि प्रसंगवश उल्लेख गर्नुपर्ने हुन्छ । यस्तोमा ती पात्रहरूमध्ये कतिको 'अहं' मा वा अस्तित्व-बोधमा चोट पर्न जाँदोरहेछ र तिनीहरूमा तीव्र प्रतिक्रिया पैदा हुंदोरहेछ । यो प्रतिक्रिया पनि आफैंमा अस्वाभाविक कुरा हैन । तर जब यो प्रतिक्रियाले घोर-नकारात्मक रूप लिन पुग्छ, जब यसले पूर्वाग्रहकै तहमा आफूलाई प्रस्तुत गर्न पुग्छ, तब भने यस प्रतिक्रियाको जवाफमा आफ्ना स्पष्टीकरणहरू प्रस्तुत गर्नैपर्ने स्थिति पैदा हुँदोरहेछ । क. पियुषमार्फत् ए.के.ले मेरो लेखका बारेमा उठाएका प्रश्नहरूले पनि एक पटक यही स्थिति निम्त्याएको अनुभूत गरेको छु ।

सर्वप्रथम त, क. पियुषको उक्त लेख पढ्दा मैले अनुभव गरेको प्रमुख कुरा हो - मेरो उक्त छोटो लेखले उहाँलाई निकै चोट पुऱ्याएछ र उहाँलाई आक्रोशित पनि बनाएछ ।

मित्रहरूलाई चोट पुऱ्याउने र आक्रोशित पार्ने उद्देश्य मेरो बिल्कूलै रहेको थिएन, रहेको छैन । हो, मित्रहरूको ध्यानाकर्षण होस् भन्ने चाहिं मैले चाहेको हुं । यसभन्दा बढी मैले चाहेको हुं- एउटा समूहसँग सम्बन्धित कुनै एउटा गतिविधिमा व्यक्त प्रवृत्तिको एउटा पाटोमा निहित कमी, कमजोरीहरूबाट समग्र आन्दोलनले नै केही सिक्नसक्छ भने त्यस दिशातिर आन्दोलनकर्मीहरूको ध्यानाकर्षण होस् । 'मूल्यांकन' मा लेख्ने क्रममा सन्दर्भवश विभिन्न प्रसंगमा मैले अरू व्यक्ति वा समूहहरूका कतिपय गतिविधिहरूका बारेमा पनि थुप्रै पटक लेखेको छु । साथै, क. पियुषद्वारा आलोचित उक्त अंक ७७ को मेरो लेखमा नै पनि मैले प्रष्ट शब्दमा भनेको छु - "... व्यवहारमा यसमा जुन अस्पष्टता र संकीर्णता देखापऱ्यो, त्यो नेपाली वाम आन्दोलनमा बेलाबेलामा देखापर्ने एउटा आम प्रवृत्ति नै भएको छ । त्यसकारण यो कुनै एउटा पार्टी विशेषलाई गरिएको आलोचना मात्र होइन ।"

**'मूल्यांकन' मा लेख्ने क्रममा सन्दर्भवश विभिन्न प्रसंगमा मैले अरू व्यक्ति वा समूहहरूका कतिपय गतिविधिहरूका बारेमा पनि थुप्रै पटक लेखेको छु**

त्यसैले पुनः म प्रष्ट पार्न चाहन्छु - मैले उक्त लेख लेख्नुको उद्देश्य कुनै समूह विशेषको 'भण्डाफोर' गर्नु थिएन, त्यसप्रति भ्रम फैलाउनु थिएन । समूहगत भण्डाफोरको अर्थमा वा त्यसप्रति भ्रम फैलाउने अर्थमा लेखिएको भए निश्चितै रूपमा लेख सोभै समाचारमूलक र विस्तृत हुने थियो । मेरो उद्देश्य त्यस्तो नभएकोले र 'मूल्यांकन'को नीति पनि त्यो नभएकोले त्यस्तो गरिएन । यसमा अन्यथा नसोचीदिन म मित्रहरूलाई आग्रह गर्दछु ।

## नकारात्मकताबारे

मैले मेरो लेखमा क. लामाको जनअभिनन्दनको समयमा र अन्त्येष्टि-स्थलमा ए.के.को प्रस्तुतिमा देखिएका अस्पष्टता र संकीर्णताका पक्षहरूको मात्र चर्चा गरेको छु । नेपाली वाम-आन्दोलनमा एकेका थुप्रै सकारात्मक पक्षहरू छन्, होलान् । मैले त्यस लेखमा ती पक्षहरूको चर्चा गरेको छैन । कारण, यो उक्त लेखको विषय नै थिएन ।

त्यसैले एउटा कार्यक्रमको सन्दर्भमा देखिएको एउटा खास प्रवृत्तिको बारेमा लेखिएको आलोचनात्मक टीप्पणी पढेर क. पियुषले यो लेखकमाथि 'द्वेष'को



*क. निर्मल लामा मृत्युभन्दा केही महिनाअघि*

आरोप लगाउनु भएको देख्दा म छक्क परेको छु । "राजनीतिमा द्वेषको भूमिका निकृष्टतम हुन्छ" भन्ने लेनिनको भनाइबाट उहाँले लेख शुरू गर्नुभएको र लेखमा ठाउँ ठाउँमा "एकेप्रति नकारात्मक भाव दिने नियत देखिएको", "एकता केन्द्रप्रति भ्रम दिन खोजिएकोले.." "नियत जसरी भए पनि एकता केन्द्रको विरोध गर्नु नै भए पनि.." "थाहा पाएर पनि बुझ पचाउनु भएको..", "तिललाई ताड बनाउनु पर्ने आवश्यकता थिएन..", "हाम्रो चरित्रहत्या गर्नु र नियतमाथि प्रश्न उठाउनुअघि..", "औपचारिक तर्क गर्ने काइदा र वौद्धिक वितण्डता मात्र हो..", "नेतृत्वलाई अप्ठेरोमा पार्ने कोशिस..", "एक मिनेट पनि टिक्न नसक्ने भ्रम..", "भ्रमको खेती गर्नु..", "कुण्ठा, निम्न पूँजीवादी इर्ष्या..", "जीवनमा नै प्रमाणित गर्न नसक्ने कपोलकल्पित आरोपहरू खडा गरेर..", "गुटगत स्वार्थ.." आदि आरोपहरू लगाउनुले क. पियुषले मेरो लेखप्रति ठूलै नकारात्मक धारणा बनाउनु भएको प्रष्ट हुन्छ ।

यही धारणाकै कारण उहाँ मेरो लेखमा उल्लेखित "पार्टीको लामो र घोच्ने वक्तव्य" लाई "छलफलको विषय बनाउन सकिन्थ्यो" भन्ने स्वीकार्नु हुन्छ तर त्यसमा रहेको आलोचनालाई पनि 'अतिरंजित रूपमा प्रस्तुत गर्ने र एकेको विरोध गर्ने श्रृंखलासँग जोडिएकोले... नकारात्मक बन्न गएको' भन्ने ठहर गर्नु हुन्छ ।

क. पियुषको लेखले मेरो लेखको एक अंशप्रति मात्र हैन, समग्र लेखप्रति नै यही धारणा बोकेको पाइन्छ- "अतिरंजित" र "एकेको विरोध गर्ने श्रृंखलासँग जोडिएको" भन्ने धारणा ।

म के कुरा पुनः स्पष्ट पार्न चाहन्छु भने, 'मूल्यांकन' मा विभिन्न अन्य समूहका गतिविधिमा देखिएका विविध प्रवृत्तिहरूबारे पनि मैले कलम चलाएको छु । यसै गरी, प्रसंगवश उक्त दुई अंकहरूमा मैले एकेका गतिविधिहरूबारे एकमा पूरै लेखमा र अर्कोमा एक प्रसंगमा मात्र केही कुराहरू उठाएको हुँ । घटना-क्रममा देखिएका कुराहरू सरसर्ती प्रस्तुत गरिएको हो, अतिरंजित बनाउने कुनै उद्देश्य राखिएको छैन र "विरोधको श्रृंखला" खडा गर्न त झन् पटक्कै खोजिएको छैन । एके नेपालको एउटा वाम पार्टी भएकोले यसप्रति समर्थन र सहयोगको श्रृंखला बढाउने काम नै मैले गर्दैआएको छु । 'मूल्यांकन'ले पनि त्यसै गर्दै आएको छ । जहाँ, जुन विन्दुमा गल्ती-कमजोरी भएको लागेका छन्, तिनीहरूमा सुझाव वा आलोचनाहरू गर्ने काम यथासंभव गरिएको मात्र हो । यसो गरिनुलाई 'द्वेष' मान्नुमा कुन मनोवैज्ञानिक ग्रन्थीले काम गरेको हो, त्यो मैले पटक्कै बुझ्न सकेको छैन ।

त्यसैले म सर्वप्रथम क. पियुषलाई "विरोधको श्रृंखला" र "द्वेष" जस्ता आशंकाहरूबाट मुक्त हुन हार्दिक अनुरोध गर्दछु ।

"गुटगत स्वार्थ" को उहाँको आरोप त झनै उदेकलाग्दो देखिन्छ । "मूल्यांकन" मा सबै राजनीतिक संगठनहरूको समर्थन पनि र आलोचना पनि गरिन्छन्, ती समर्थन वा आलोचनाहरू कुनै पनि "गुटस्वार्थ"बाट संचालित नभएको कुरा यसका पाठकहरूसामु खुला कितावझैं प्रष्ट रहेका छन् ।

**क. लामाजस्ता खुला नेताको पनि ठूलो, जनस्तरीय खुला अभिनन्दन वा शव यात्रा वा सम्मान कार्यक्रम गरेमा "क्रान्तिकारी परंपरा बिथोलिन्छ" भन्ने संकीर्ण सोच हाम्रो आन्दोलनमा विद्यमान छ**



लेखहरूमा लेखकका निजी विचारहरू रहनु त स्वाभाविक कुरा नै हो । विचारविनाका लेखकहरू त कोही पनि हुन्नन् । सबै विचारलाई स्थान र सम्मान 'मूल्यांकन' ले कति दिन सक्यो वा सकेन, त्यसमा कमी आएको छ भने त्यो चाहिं सच्याइनु पर्ने कुरा हो । मलाई लाग्छ, यसबारे 'मूल्यांकन' सधैं तयार छ र तयार रहनुपर्छ । कारण, 'मूल्यांकन' हाम्रो आन्दोलनका साझा सवालहरूमा दृढता बढाउने र बेसाझा सवालहरूमा संवाद बढाउने उद्देश्य समेत लिएर स्थापित भएको प्रकाशन हो, र यसमा यसबाहिर रहनुभएका थुप्रै व्यक्ति-व्यक्तित्वहरूको पनि हार्दिक सहयोग र सहभागिता रहँदै आएको छ ।

क. पियुषले मेरो लेखप्रति रौंचिरा ढंगले दिनुभएको जवाफमा मैले त्यसरी नै जवाफ दिनु जरूरी ठानेको छैन । शुरूमै मैले भनिसकें - मेरो उद्देश्य कुनै समूह विशेषको "जसरी पनि विरोध गर्नु" पटक्कै रहेको छैन । त्यस्तो उद्देश्य बोकेर 'जित-हार'को मानसिकतासहित अहं र 'अस्तित्व' को तुष्टी गर्ने 'वहस-परंपरा' प्रति मेरो सख्त असहमति समेत रहेको छ ।

तर पनि क. पियुषले मैले लेखेका कुराहरू भ्रम दिने "नियत" को उपज भएको भन्ने गम्भीर आरोप लगाइसक्नु भएको स्थितिमा छोटकरीमा तिनीहरूबारे केही स्पष्ट पार्नु जरूरी ठानेको छु ।

❑ सर्वप्रथम त म के स्पष्ट पार्न चाहन्छु भने, क. लामाको जन अभिनन्दनका सन्दर्भमा ए.के. को जुन रवैया मैले र अभिनन्दन समितिका थुप्रै सक्रिय व्यक्तिहरूले देख्यौं, त्यो रवैया सो पार्टीको क. लामा विरोधी नियतको उपज थियो भन्न खोजिएको छैन । ए.के.पार्टी क. लामाको विरोध गर्ने वा उहाँको सम्मान नै नगर्ने नियतको पार्टी रहेछ भन्ने देखाउनका लागि मैले लेख लेखेकै होइन । सम्मान कसरी गर्ने भन्ने बारेमा सोचमा संकीर्णता र अस्पष्टता देखापरेको जिकीर मात्र मैले गरेको हुँ । यो कुरा लेखमा प्रष्ट छ । प्रष्ट रहनेछ भने यसै भनाइद्वारा म सो कुरा प्रष्ट पार्न चाहन्छु ।

❑ क. लामाजस्ता खुला नेताको पनि ठूलो, जनस्तरीय खुला अभिनन्दन वा शव यात्रा वा सम्मान कार्यक्रम गरेमा "क्रान्तिकारी परंपरा बिथोलिन्छ" भन्ने संकीर्ण सोच हाम्रो आन्दोलनमा विद्यमान छ । यसै गरी, वैधानिक आन्दोलनका अग्रणी नेतालाई पनि अवैधानिक आन्दोलनका अग्रणी नेतालाई जस्तै व्यवहार गर्ने खोज्ने अस्पष्टता पनि यहाँ विद्यमान छ । अभिनन्दन वा शोक-सभाका सन्दर्भमा मात्र हैन, अरू गतिविधिहरूमा पनि ठाउँ ठाउँमा यहाँ यस्तो हुने गरेको छ । क. लामाको अभिनन्दनको सन्दर्भमा पनि ए.के. भित्र यस्तै सोच प्रभावी भयो, यस्तो नभइदिएको भए जाती हुन्थ्यो भन्ने मेरो लेखको आशय हो । अन्त्येष्टी समारोहमा पढिएको सो पार्टीको मन्तव्य घोच्ने र लामो भएको पनि यही सोचको कारणले नै हो भन्ने मलाई लाग्छ ।

'एकता केन्द्र' मेरो लेखको एउटा सन्दर्भमा संयोगवश आएको पात्र मात्र हो, मेरो लेखको आलोचनाको केन्द्र त आन्दोलनमा विद्यमान संकीर्णता र अस्पष्टता नै हो । यो संकीर्णता र अस्पष्टता ए.के.भित्र अरू थुप्रै मामलामा नरहेको पनि हुनसक्छ । साथै, संकीर्णता र अस्पष्टता अरू समूहहरूमा पनि यसै हदको उल्लेख्य मात्रामा रहेका पनि हुनसक्छन् । (र धेरै हदसम्म छन् भन्ने मलाई लाग्छ पनि ) यो छुट्टै अध्ययन र उल्लेखको विषय हो । लेखमा म त्यतातिर अग्रसर भएकै छैन ।

❑ क. लामाको जनअभिनन्दन कार्यको तयारीको सन्दर्भमा सो अभिनन्दन समितिका प्रायः सबै सक्रिय सदस्यहरूसंग नजिकै रहेर काम गर्ने अवसर पाएकोले, सो अवसरमा प्राप्त सूचनाहरू, चित्त दुःखाइहरू र अन्य गतिविधिहरूबाट समेत प्राप्त जानकारीहरूका आधारमा मैले मेरो लेखमा ए.के.को रवैयाबारेको सन्दर्भ-सामाग्री जम्मा गरेको हुँ । कारण, पछिल्लो चरणमा ५-६ दिन र अन्तिम ३ दिन त 'मूल्यांकन' को कार्यालय सो समितिको सचिवालय जस्तै बनेको थियो । क. लामाको जीवनी-पुस्तिका तयार गर्ने, फोटो छाप्न तयारी गर्ने, समाचारहरू संप्रेषण गर्ने र निमन्त्रणाहरू बाँड्न मात्र हैन, सो अभिनन्दन समितिमा रहनुभएका आधाजसो महानुभावहरूलाई फोन संपर्कमार्फत् अनुरोध गरी समितिमा बस्न र सहयोग गर्न अनुरोध गर्ने काम पनि त्यहीं रहेर समितिका संयोजक, सदस्य सचिव र अन्य सक्रिय मित्रहरू समेत भई गरिएको थियो । यस काममा यो लेखकले पनि आफूले सक्दो सघाएको थियो । क. पियुष यो तयारीको बेला काठमाण्डौमा हुनुहुन्थेन । त्यसैले कतिपय कुराहरूको तल्लो तहसम्म उहाँ पुग्न नसक्नु भएको पनि हुनसक्छ । समितिमा २०३ जना नै राख्ने भन्ने टुंगो पनि अगाडि नै भएको थिएन । मूल्यांकनको कार्यालयमै बसेर व्यक्तिहरूलाई संपर्क गर्दै जाँदा र सहयोग माग्दै जाँदा यो संख्या १९० कट्यो, २०० कट्यो, २०१ गर्ने भन्दाभन्दै अरू एकजना पनि थपिएकाले, थप एकजना खोजेर बिजोर संख्या २०३ बनाइएको हो । सदस्य सचिव स्वयं यस कुराको सक्रिय साक्षी हुनुहुन्छ ।

❑ लेखमा ए.के.को नियतमा त मैले प्रश्न नउठाएको कुरा त माथि पनि लेखियो । क. पियुषले चाहिं ए.के.मा यस मामलामा मैले भनेको

संकीर्णता र अस्पष्टता पनि थिएन भन्ने आशयमा पनि प्रतिवाद गर्नुभएको छ । तर व्यवहारमा उहाँहरूको समग्र प्रस्तुति र कार्यशैलीले यस्तो देखाउँदैनथ्यो । यसबारे क. पियुषहरूले सो समितिका सक्रिय मित्रहरू जोकोहीलाई भेटेर पनि स्पष्ट हुनुभए जाती हुने थियो । पार्टीको पक्षमा औपचारिक रूपमा बोल्न बाध्य हुनुपर्ने स्थितिमा रहेकाहरूबाट त सजिलै आफ्ना पक्षमा बोलाउन वा लेखाउन सकिएला । यस्तो नगरी उहाँहरूले त्यतिखेर पार्टीको व्यवहारप्रति बनाउनु भएका वास्तविक प्रभावहरू सुन्नु भए जाती हुन्थ्यो । यसअनुसार, आफ्नो व्यवहार र कार्यशैलीको गम्भीर समीक्षा गर्नु उपयोगी होला भन्ने मेरो हार्दिक सुझाव रहेको छ । मैले आन्दोलनमा विद्यमान एक खाले सोच एउटा घटनामा केही हदसम्म तपाईंहरूमा पनि देखापर्‍यो मात्र भनेको हुँ । यसलाई यसैको सीमित दायरामा हेर्नु राम्रो होला, न कि "इर्श्या, द्वेष, भ्रमको खेती" आदि आदि पूर्वाग्रहपूर्ण अर्थमा ।

❑ मैले मेरो लेखमा भनेको छु – "शुरूमा आफ्ना खास खास मान्छेहरूलाई यस समितिमा नबस्न पार्टीले निर्देशन दिएको बुझियो ।"

क. पियुषले भने मेरो यो 'शुरूमा' शब्दलाई उडाएर अर्थ लगाउनु भएको र प्रतिवाद गर्नुभएको रहेछ । मानौं, ए.के.ले अभिनन्दन समितिमा आफ्ना मान्छेहरूलाई पछिसम्म पनि बस्न दिएन भनी मैले आरोप लगाएको हुँ । त्यस्तो आरोप मैले लगाएको छैन । किनभने पछि त क. नरबहादुर कर्माचार्यसमेत नै सो समितिमा रहनुभएको कुरामा म प्रष्ट छु ।

क. पियुषले एकै भित्रकै कामरेडहरूमा जनअभिनन्दन गरिनुपर्छ भन्ने सोचको विजांकुर भएको दावी गर्दै यो कुरा मैले उल्लेख नगरेको आरोप लगाउनु भएको छ । क. पियुषको भनाइमा म के पनि थप्छु भने, पछि पनि समग्रमा सक्रिय हुनेहरूमध्ये अरू केही व्यक्तिहरू पनि एकेका कुनै न कुनै रूपका सहयोगीहरू नै थिए ।

तर मेरो लेखको केन्द्रिय सरोकार यो छँदैथिएन । मैले त "खास खास मान्छे" को कुरा गरेको छु, जसलाई पार्टीले शुरूमा यो कमिटीमा बस्न दिएन । "हामी बस्न मिल्दैन" भन्ने ठाडो असहयोगात्मक जवाफ ती खास खास जिम्मेवार मान्छेहरूबाट पाएर चित्त दुःखाउँदै सहयोगीहरू फर्केका थिए । यो चित्त दुःखाइ समितिका सक्रिय मानिसहरूका बीच पछिसम्म पनि आम चित्त दुःखाइको विषय बनेको कुरा म क. पियुषहरूलाई जानकारी गराउन चाहन्छु । उहाँको पार्टीको 'माथिल्लो कमिटी'को अनुमतिको कुरा र पार्टी पद्धतिको आन्तरिक कुरा उहाँले उठाउनु भएको छ, ती कुराहरू आफ्ना ठाउँमा होलान्, तर खासखास जिम्मेवार मानिसहरू जसरी प्रस्तुत भए, त्यसमा मैले भनेको 'अस्पष्टता र संकीर्णता' ले नै ज्यादा काम गरेको छ ।

पार्टीले टुंगो गर्नु बाँकी छ भन्ने सामान्य कुरा मात्रै भए त त्यही अनुसार "केही समय पख्नुस्, हामी टुंगो गरेर, मात्र जवाफ दिन्छौं" भन्ने खालको सामान्य प्रस्तुति जरूरी थियो, जसप्रति कसैले पनि अन्यथा सोच्नु जरूरी नै पर्दैनथ्यो । जनअभिनन्दनको तयारीको काम अघि बढीरहेको छ, जिम्मेवार तहका खास खास मान्छेहरू रहस्यमय ढंगले असहयोगात्मक र वेवास्ताको व्यवहार र अभिव्यक्ति दिइरहेकाछन् । समितिका सक्रिय सदस्य तथा लेखक खगेन्द्र संग्रौलाले त यसबारे तत्कालै पनि आफ्नो एक लेखमा तीव्र टीप्पणी समेत गर्नुभएको छ । यहाँनेर खासखास मानिसहरूको यो व्यवहार र अभिव्यक्तिको सन्दर्भमा पार्टीले टुंगो नगर्दै पनि व्यक्तिहरूले आ-आफ्ना संकीर्ण मतहरू अनुकूल व्यवहार प्रदर्शन गरेको हुनसक्ने संभावनालाई पनि नकार्न सकिन्न । यसो हो भने चाहिं यसले एकै पार्टीभित्र कार्यगत एकरूपताको गम्भीर समस्या रहेको दर्शाउँछ । यसो हो भने यो अलग्गै विषय भयो । त्यसलाई हल गर्नुहोस् भनी क. पियुषहरूलाई सुझाव दिनुबाहेक अरू थोक गर्न सकिन्न ।

❑ पार्टीले औपचारिक रूपले टुंगो गरिसकेको भनिएको स्थितिमै पनि यो असहयोगात्मक रवैया व्यवहारमा देखिएको प्रमाण त क. नरबहादुर कर्माचार्यले क. लामालाई दोसल्ला ओढाएर अभिनन्दन गर्ने प्रमुख औपचारिक कार्यक्रमको सूचना नै उहाँले नपाउनुबाट पनि प्राप्त हुन्छ । यो मुख्य कार्यक्रमका बारेमा अभिनन्दनको तयारीमा सक्रिय सबैलाई थाहा भएको कुरा हो, केही पत्रपत्रिकाहरूले पनि यो कुरा प्रकाशित गरेका थिए । के भैरहेछ भनेर बुझ्न क. नरबहादुरले समय दिन पाउनु भएन होला । तर उहाँलाई त्यो मुख्य कार्यक्रममा उहाँको महत्वपूर्ण उपस्थितिको निम्ति निम्तो पुर्‍याउने काम मात्रै पनि त क. पियुषको पार्टीका ती 'सक्रिय' मान्छेहरूले गरेनछन् त ! यसले के संकेत गर्छ ? क. पियुषले आफैं अनुमान गर्न सक्नुहुन्छ ।

कार्यक्रमको प्रमुख आइटम संपन्न गर्नुपर्ने व्यक्ति अनुपस्थिति हुने भएपछि त्यसको लिखित वा औपचारिक जानकारी व्यक्ति वा पार्टीले पठाउनु पर्थ्यो भन्ने मेरो टीप्पणी यसकारण सन्दर्भहीन थिएन । अर्का खाले कुनै विशेष वक्तव्यको माग मैले गरेको छैन ।

❑ कार्यक्रम तयारीको समयमा नेताहरू क. लामाको उपचारको महत्वपूर्ण र व्यस्त काममा संलग्न हुनुहुन्थ्यो भन्ने कुरामा म प्रष्ट छु । यसै स्थितिमा पनि, सक्रिय व्यक्तिहरूसँग भेट हुँदा पनि उहाँहरूले चासो र सरोकार देखाउन सक्नुभएन । चासो र सरोकार राखेको, तर व्यवहारमा नदेखिएको हो भने त्यो उहाँहरूको कार्यशैलीको गंभीर समस्या हो, यसमा पनि उहाँहरूलाई सुधारको निम्ति सुझाव मात्र दिन सकिन्छ । समितिमै बसेकाहरूको सक्रियताको स्तर त माथिको उदाहरणले नै प्रष्ट पारेको

***क. लामालाई अभिनन्दनमा नजान दवाव दिइएको हो । यो दवाव पार्टीको समग्र नीति थियो भन्ने मेरो दावी नै होइन ।***



छ । यो व्यवहारिक कमजोरी हो, सिक्दै, सच्च्याउँदै जाने कुरा हो, मेरो लेखमा उठाउन खोजिएको विषयसँग संबन्धित भएकोले मात्र मैले यो कुरा उल्लेख गरेको हुँ । कुनै नियतवश 'इश्यु' बनाउन खोजिएको विषय हैन ।

❑ क. लामालाई अभिनन्दनमा नजान दवाव दिइएको हो । यो दवाव पार्टीको समग्र नीति थियो भन्ने मेरो दावी नै होइन । केही जिम्मेवार नेताहरूले क. लामालाई (हुनसक्छ आफ्नो व्यक्तिगत मतअनुसार) यो सुझाव दिएका थिए । यसलाई क. लामा स्वयंले दवावकै रूपमा बुझ्नुभएको र व्यक्त गर्नु भएको थियो । (प्रमाण नै चाहिन्छ भने कुरूवा कामरेड यसका साक्षी हुनुहुन्छ)

❑ अस्पतालबाट अभिनन्दन स्थलमा क. लामासँग जान एक जना नेताले आफू नचाहेको र अस्पतालको कोठा कुरेर बस्न चाहेको आशय आफैंले आफ्नो नजीकको अखबारमा लेखमा उल्लेख नै गर्नुभएको छ । अर्का नेताले मित्र क. फणिन्द्रसँग स्वयंले क. लामालाई आफूले अभिनन्दनमा नजान भनेको तर लामाजी नमान्नु भएको, बरू क. लामाले नै उहाँलाई सँगै जाऊँ भन्नुभएको, आफू त्यसमा पनि सहमत नभएको तर पछि भने यसरी क. लामासँग आफू अस्पतालबाट राष्ट्रिय सभागृह नगएकोमा आफैंलाई पछुतो लाग्नेको कुरा त्यतिखेरै व्यक्त गर्नुभएको थियो ।

उहाँकै भनाइबाट पनि क. लामालाई त्यस्तो प्रस्ताव राखिएको कुराको पुष्टी हुँदैन र ?

❑ क. पियुषहरूसंग नजीक रहेको अखबारलाई अभिनन्दन समितिका सदस्य सचिव स्वयंले समाचार पठाई, ए.के. नजीकका मानिसहरूलाई अभिनन्दन कार्यक्रममा ठूलो संख्यामा उपस्थिति गराउनका लागि समेत सो समाचार जसरी पनि छाप्न अनुरोध गरिएको थियो, पछि बुझ्दा सो समाचार तयार भएको सूचना चाहिँ पाइयो, तर छापिएन । कतैबाट दबाव आएको भन्नुको अर्थ पार्टीको औपचारिक च्यानलबाटै दबाव आएको नहुन पनि सक्छ र अखबारको जिम्मा लिने कामरेडले सो खबरलाई महत्व नदिने कुनै प्रभावशाली कामरेडको विचारको वा रायको वा विचार-माहौलको प्रभावमा आई महत्व नदिनु भएको पनि हुनसक्छ । अखबारको जिम्मामा रहनुभएका ती कामरेडप्रति पार्टीले पछि आलोचना नै गरेको हुनपनि सक्छ । पार्टीको जुन स्तरबाट भएपनि अखिर यो व्यवहारको कारण पनि मैले माथि उल्लेख गरेको सोच-प्रवृत्ति नै हो । पर्याप्त महत्व दिइएको भए एक-आधा इञ्ची मात्रै भए पनि ठाउँ निकालेर समाचार छाप्न सकिन्थ्यो भन्ने कुराको उदाहरण त्यही दिन निस्केको ने.क.पा. माले नजीकको

**क. पियुषले मैले गरेको टिप्पणीलाई 'उपदेश' भनी उल्लेख गरेको पनि मैले पाएँ । मेरा टिप्पणीहरू आलोचना हुन्, उपदेश हैनन् ।**

अखवारमा त्यसरी नै उक्त समाचार छापिएकोले पुष्टी गरेको छ । पत्रिकाका सहकर्मी पत्रकार मित्रहरूप्रति हाम्रो कुनै दुर्भावना रहेको छैन । उहाँहरूको नियत वा चरित्रमाथि हाम्रो कुनै आक्षेप रहेको छैन ।

❑ मैले लेखमा जन-अभिनन्दनप्रतिको एकेको यो खालको व्यवहारका कारणहरू तीनवटा हुनसक्छन् भनी अनुमान गरेको छु । त्यस कार्यक्रमका सन्दर्भमा पार्टीको व्यवहारप्रति असन्तुष्ट सोही पार्टीका थुप्रै व्यक्तिहरूको पनि यो अनुमानमा सहमति थियो । ती तीनमध्ये क. लामा साधारण सदस्य मात्र रहनु एक कारण हुनसक्छ भन्ने मेरो अनुमान रहेकोमा पदको हिसावले मात्र व्यक्तिको हैसियतको ठहर हुन्न भन्ने आफ्नो पार्टीको मत रहेको आशय क. पियुषले व्यक्त गर्नुभएको पाइयो । यसमा मेरो र उहाँको आशयमा मतभेद रहेन । यो खुसीको कुरा नै हो । उहाँको पार्टीले क. लामाले पार्टी केन्द्रमा नरहने टुंगो गर्नु भएपछि नै उहाँको योगदानको परिप्रेक्ष्यमा उहाँप्रतिको सम्मान र सद्भाव यथावत रहने टुंगो यथासमयमै गरेको रहेछ । इतिहासका योग्य पात्रहरूलाई उनीहरूको योगदानको सीमामा उचित सम्मान दिने कृतज्ञताको संस्कृति निर्माणमा यो टुंगोले महत्वपूर्ण योगदान दिनेछ भन्ने मलाई लाग्छ । यसको निम्ति म उहाँहरूको प्रशंसा नै गर्न चाहन्छु ।

यस सन्दर्भमा, आफ्नै पार्टीले चाहिं आफ्ना नेताको अभिनन्दन गर्नु हुन्न भन्ने ए.के.को मतप्रति भने मेरो भिन्नमत रहेको छ । आफ्नै पार्टीले पनि आफ्नो नेताको सार्वजनिक अभिनन्दन गर्नु सधैं बेठीक हुन्न मलाई लाग्छ, यो अर्कै बहसको विषय हो । यसलाई पनि यहीं छोडौं ।

❑ ए.के. ले अन्ततः क. लामाको सेवा र सम्मानमा राम्रै सक्रियता देखायो भनी मैले भनेकोमा पनि क. पियुषले प्रतिवाद गर्नुभएको रहेछ । 'सेवा' शब्द मैले 'विरामीको सेवा'को अर्थमा प्रयोग गरेकोले यो वहस गर्नुपर्ने विषय नै हैन भन्ने मलाई लाग्छ । विरामीहरू, अग्रजहरू, अशक्तहरूको सेवा नै गर्नुपर्छ, गरिन्छ । यसो भनेर मैले क. पियुषहरूप्रति उहाँले भन्नु भएजस्तो कुनै 'पगरी गुथाएको' छैन ।

'अन्ततः राम्रै सम्मान गरेको' जुन सवाल छ, अस्पष्टता र क्रान्तिकारिताको नाम एवं नियतको संकीर्णता शुरूमा रहेपनि बुझ्दै गएपछि, अनुभूत गर्दैगएपछि चाहिं उहाँहरूले राम्रो गर्नुभयो भन्ने मेरो ठहर हो ।

मेरो लेखको आशय यो राम्रो गर्ने विन्दुसम्म पुग्न उहाँहरू स्वयंलाई र अरूहरूलाई पनि जुन मानसिक पीडाहरू भए, अस्पष्टता र संकीर्णता नभएको भए यस्तो हुन्नथ्यो भन्ने नै हो । यत्ति भन्नु "बौद्धिक वितण्डा" हुँदैन ।

❑ क. पियुषले सरकारी सम्मानको सन्दर्भमा मैले एकेका केही व्यक्तिहरूले अनौठो व्यवहार देखाएको कुरा उल्लेख गरेकोमा पनि प्रश्न उठाउनुभएको रहेछ । शव यात्रा शुरू हुनैलाग्दा सरकारी बैण्ड टोलीलाई शवनेरको प्रथम घेरोमा पर्न दिनु हुन्न, हामी अगाडि हुनुपर्छ भन्दै केही मित्रहरू अगाडि हुत्तिंदै जानुभएको, तर पछि स्वयं यथास्थानमा फर्किनुभएको कुरा मैले सो लेखमा प्रष्ट पार्न सकिन छु । यो घटनामा पनि मैले ती केही मित्रहरूमा माथि उल्लेखित अनावश्यक मानसिक पीडा देखेको हुँ । यो प्रसंग उल्लेख गरेर कुनै थप नयाँ कुरा गर्न खोजेको हैन ।

❑ क. पियुषले मैले लेख लेख्नुअघि क. नरबहादुरसँग वा पार्टीसँग संपर्क गरेको भए हुन्थ्यो भन्ने आशय पनि व्यक्त गर्नुभएको रहेछ । अन्य व्यवहारबाट पनि देखिएको, अनि जिम्मेवार कामरेड एक जनाले लेखेकोबाट र अर्कोले बोलेकोबाट अभिनन्दन कार्यप्रति उत्साहजक रूचि नराख्नु भएको देखेर पनि मैले यो संपर्क गर्न जरूरी ठानिन । क. नरबहादुर कर्माचार्य जन अभिनन्दनको दिन पनि बाहिर देखिनु भएको, भोलिपल्टको दिन मध्यान्नअघि नै पनि नौ वामको चन्दा संकलन कार्यमा भोटाहिटी-रत्नपार्क क्षेत्रमा सडकमै सक्रिय हुनु भएको देखेर पनि मैले यसो गर्नु जरूरी ठानिन ।

❑ कम्युनिष्ट पार्टीहरूले भिन्न मतलाई जनतासम्म निर्बाध रूपमा प्रवाहित गर्न नदिनाले पार्टीभित्र नोकरशाही केन्द्रियता हावी हुँदोरहेछ भन्ने सोभियत संघसमेतको अनुभवको आधारमा मैले लेखेको अर्को लेखको जवाफमा पनि क. पियुषले प्रतिक्रिया जनाउनु भएको छ । मेरो प्रस्तुतिको ढंगलाई 'भद्दा' भन्ने विशेषण दिंदै उहाँले उठाउनुभएको एउटा मुद्दा छ - भिन्न विचारलाई कसरी प्रस्तुत गर्ने भन्ने मुद्दा ।

"के मान्छेका मनमा उठेका सबै लहड र शंका उपशंकाहरूलाई विचार भन्न मिल्छ ? त्यसलाई छुट्याउने कसी हुँदैन ? भन्दै उहाँले यस सन्दर्भमा छुट्टै बहसको माग गर्नु भएको छ । हो, यो वामआन्दोलनमा एउटा बहस गर्नैपर्ने विषय हो । बहस गर्नकै निम्ति कुरा उठाइएको हो ।

बाँकी रह्यो, ए.के.ले क. लामा ज्यूँदो हुँदा नै उहाँका भिन्न मतहरू जनतामा प्रकट गर्न दिएन भन्ने कुरा । यसबारे मेरो टिप्पणी पनि एकेप्रति मात्र रहेको छैन । अरू वाम पार्टीहरूको पनि मैले यस्तै उदाहरणहरू दिएर तिनको नाम लिएको छु । क. लामाले जनकपुरमा भिन्न मत व्यक्त गर्नुहुँदा त्यसलाई सकारात्मक ढंगले नलिइएको वा उहाँले 'मूल्यांकन' लाई भिन्नमत भनी दिनुभएको अन्तर्वार्ता आफू ज्यूँदै रहँदा नै छाप्दा साथीहरूले राम्रो नमान्न सक्ने हुनाले आफू मरेपछि मात्र प्रकाशित होस् भनी चाहना राख्ने स्थिति कायम हुनुले वाम आन्दोलनमा भिन्नमतप्रतिको विद्यमान व्यवहारको एउटा झाँकी प्रस्तुत गर्छ । मेरो उक्त लेखले उठाउन खोजेको प्रश्न हो - क.पा.ले व्यक्तिलाई निर्बाध रूपमा जनसमक्ष जाने 'जनवाद' दिन मिल्दैन ?

यसरी निर्बाध रूपमा ए.के.ले मात्र हैन, अरू क.पा. हरूले पनि भिन्नमत बाहिर जान दिएका छैनन्, दिँदैनन । हामी चाहिं दिइरहेका छौं, भनी कसैले पनि भन्ने स्थिति नेपालमा छैन । क.पा.हरूमा रहेको (विश्वमै पनि नहुन सक्छ) यो स्थितिप्रति नै मैले सैद्धान्तिक बहसका निम्ति प्रश्न गरेको हुँ । क. पियुषले उहाँको पार्टीको 'भण्डाफोर' गरेको अर्थमा लिनुभएछ ।

❑ क. पियुषले एक ठाउँमा भन्नुभएको छ - "पार्टीबाट भुलचूक, गल्ती, कमजोरी, त्रुटीहरू पटक्कै भएका छैनन् होला भनेर हामी दावी गर्दैनौं ।" यदि यो उहाँको आत्मस्वीकृति हो भने आफ्ना त्यस्ता कमी-कमजोरीहरू लेखक-पत्रकाहरूले औंल्याइदिंदा त्यसलाई "बौद्धिक वितण्डा" मानीदिनु चाहिं राम्रो हुन्न । यसले त आफ्नै आत्मस्वीकृतिविरूद्ध आफूलाई खडा गरिदिन्छ ।

❑ क. पियुषले मलाई "नैतिक, सांस्कृतिक रूपमा पूर्ण रूपले सबृद्ध" भनिने कुनै संगठनको मान्छे भन्ने ठान्नु भएको रहेछ । शायद उहाँले म संलग्न रहेको "समाजवादी आन्दोलन नेपाल" को कुरा उठाउन खोज्नुभएको होला । यो संगठन आफूलाई कम्युनिष्ट पार्टी नै हुने योग्यतास्तरको भइनसकेको ठान्छ र त्यस्तो "पूर्ण रूपले संबृद्ध" संगठन त ठान्दैठान्दैन । न्यूनतम स्तरको माग गर्नु अलग कुरा हो । हैन भने, त्यस्तो 'पूण रूपले संबृद्ध' संगठन यथार्थमा संभव हुन्छ भन्ने पनि मलाई लाग्दैन । यसरी आफूद्वारा नगरिएको दावीको पनि 'जवाफ' प्राप्त भएकोलाई मैले के ठान्ने होला ?

अन्त्यमा, एक ठाउँमा क. पियुषले मैले गरेको टिप्पणीलाई 'उपदेश' भनी उल्लेख गरेको पनि मैले पाएँ । मेरा टिप्पणीहरू आलोचना हुन्, उपदेश हैनन् । संसारमा उपदेश भन्ने कुरा पनि हुन्छ । तर उपदेशै दिने हो भने त्यो दिनुअघि व्यक्तिले आफ्नो हैसियत पनि हेर्नुपर्ने हुन्छ । म आफूलाई उपदेश दिने हैसियतको व्यक्ति विल्कूलै ठान्दिनं । मैले आलोचना भने जरूरै गर्ने गरेको छु, एउटा नागरिकको हैसियतले ।


स्वभावतः सार्वजनिक कार्यक्षेत्रमा आलोचना-बहसहरू अन्यत्रभन्दा ज्यादा हुने कुरामा पनि हाम्रो मतभेद नहोला भन्ने ठान्दछु । धन्यवाद । ❑


विजया दशमी तथा शुभ दीपावलीको
उपलक्ष्यमा सम्पूर्ण जिल्लावासीहरूमा
सुस्वास्थ्य तथा समृद्धिको लागि
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

रमेश कार्की
सभापति
तथा
सिन्धुली जिल्ला विकास समिति (परिवार)



कृष्णप्रसाद भट्टराई



गिरिजाप्रसाद कोइराला

## कांग्रेसभित्रको सत्ता-संघर्ष

# बाहिर मन्द, भित्र चर्को अन्तर्द्वन्द

– सुरेश आचार्य –

नेपाली कांग्रेस फेरि एकपटक विवादको चरम विन्दुमा पुगेको छ । सरकार र पार्टीको सत्तामा रहेको गिरिजा समूहको आन्तरिक प्रतिपक्षीका रूपमा कृष्णप्रसाद भट्टराईमार्फत् शेरबहादर देउवा क्रियाशील हुनुहुन्छ । अहिले कांग्रेसभित्रको विवाद यति चरम स्थितिमा छ, शायद यस्तो कटुतापूर्ण स्थिति २०५० सालको उपनिर्वाचनमा कृष्णप्रसाद भट्टराईलाई गिरिजाप्रसाद कोइरालाले हराउँदा पनि थिएन । तर त्यसबेला र अहिलेको भिन्नता भनेको खालि यति मात्रै छ कि कांग्रेसलाई बाहिर बसेर अनुभव गर्नेहरूले त्यसबेलाको जस्तो सडक प्रदर्शन अहिले देख्न पाएका छैनन् ।

कांग्रेसमा पछिल्ला दिनहरूमा विवादको मुख्य कारक गिरिजाप्रसाद कोइराला स्वयम् नै बन्दै आउनुभएको छ । वी.पी. कोइराला जीवित रहँदा भाइ कोइरालाको भूमिका गौण थियो । त्यस पछिका दिनमा पार्टीलाई आन्दोलनको धारबाट बिमुख गर्नेदेखि पार्टीमा अरूको सवल भूमिका नै देख्न नचाहनेसम्म हरेक समयमा विवादको केन्द्रमा गिरिजाप्रसाद नै हुनुहुन्छ । झन् यतिबेला प्रधानमन्त्रीको रूपमा चुनावमा प्रस्तुत गरेर चुनाव जितिसकेपछि र सरकार बनाईसकेपछि कृष्णप्रसाद भट्टराईलाई अपमानजनक ढंगले सत्ताच्यूत गरेर कोइरालाले सत्ताका निम्ति न्याल चुहाउनु त्यसै पनि सुखद् थिएन ।

कांग्रेसभित्र सत्ता प्राप्तिको लडाईमा एक पक्ष अर्कोलाई सिध्याउने अभियानमा लागेका छन् । गिरिजा समूह कुनै पनि हालतमा भट्टराई, देउवा समूहलाई पार्टी र सरकारबाट बाहिरै रहेको हेर्न चाहन्छ । यसकै प्रतिशोधमा कांग्रेसको आन्तरिक प्रतिपक्ष कसरी सत्तासीन बन्ने भन्ने खेलमा व्यस्त छ । अहिले बाहिरबाट उपरी तहमा हेर्दा काँग्रेसभित्र त्यति गम्भीर द्वन्द-तरंग प्रवाहित भएको देखिंदैन, तर भित्रभित्र भने यति कटुता विद्यमान छ कि कुनै पनि बेला संसदीय दलमा गिरिजाप्रसादविरूद्ध अविश्वासको प्रस्ताव दर्ता भयो भने आश्चर्य मान्नुपर्ने स्थिति छैन ।

यो प्रयास खुमबहादुर खड्कालाई बर्खास्त गरिएको लगत्तै पनि नगरिएको थिएन । त्यसबेला ५३ जनाको हस्ताक्षर जुटाउन सक्षम भएको देउवा समूहले संसदीय दलमा भने ५३ मत पुऱ्याउने मध्येका तीन जनाको साथ पाउन सकेन । कोइरालाविरूद्ध ५६ मत पुगेको भए ५७ पुऱ्याउन तयार धेरै थिए । तर देउवाले 'रिस्की गेम' खेल्न चाहनु भएन । यद्यपि खुमबहादुरले ५ जना जसरी भए पनि जुटाउने बचन देउवालाई दिनुभएको थियो । त्यति बेला देउवाले यो आँट नगरेका कारण खुमबहादुर केही निराश देखा पर्नुभएको छ । दुनै (डोल्पा) घटनाको नैतिक जिम्मेवारी कोइरालाले लिनुपर्ने देउवा समूहको वक्तव्यमा खुमबहादुरले हस्ताक्षर नगर्नुको एउटा कारण यो पनि थियो । तर खुमबहादुरका सहयोगीहरू भन्छन् - उहाँ फर्केर कोइराला समूहमा जाने स्थिति छैन । 'ताक परे तिवारी, नत्र गोतामें' बन्ने हो भने भोलि उहाँलाई कसले साथ दिने ? उनीहरूको प्रश्न छ । देउवा समूहमा अटाउन खुमबहादुरलाई त्यति सजिलो पनि किन छैन भने संसदीय दलको नेतामा देउवाविरूद्ध गिरिजालाई काँध थापेर हिंड्ने उहाँ नै हुनुहुन्थ्यो, जब कि त्यसबेला पनि भित्रभित्र सन्देश पठाएर सहयोगको आश्वासन खड्काले देउवापक्षलाई नदिनु भएको भने थिएन ।

जति बेला खुमबहादुरलाई गिरिजाप्रसाद कोइरालाले 'कू' गर्नुभयो, कोइरालापक्षबाट देउवालाई एउटा प्रस्ताव आएको थियो - खुमबहादुरजस्तो 'भ्रष्ट'लाई साथ नदिने हो भने पार्टीको कार्यवाहक सभापति देउवालाई बनाउन कोइराला तयार हुनुहुन्छ । तर देउवाका लागि यो आश्वासन नयाँ थिएन, त्यसैले उहाँले यो प्रस्तावमा विश्वास गर्नुभएन । त्यसो त देउवाकै सहयोगीहरूले पनि खुमबहादुर प्रवृत्तिलाई बोक्नु उचित नहुने सुझाव पनि देउवालाई दिएका थिए । अहिले खुमबहादुर खड्का कोइरालाले गर्नु हुने भनिएको पुनर्गठनमा अच्यूत खरेल आईजी पदबाट हटेकै कारण देखाएर गृहमन्त्री बन्नु हुन्छ कि हुन्न - यो हेर्न बाँकी नै छ । तर देउवा पक्षधरहरू 'असक्षम र नालायक' सरकारमा सहभागी नहुने निष्कर्षमा पुगिसकेका छन् ।

सरकारको सत्ताबाट गिरिजाप्रसाद कोइरालालाई हटाउने अभियानमा देउवा अहिले पनि लाग्नुभएको छ र पार्टी सत्ताबाट कोइराला परिवारको बर्चश्व समाप्त पार्ने अभियान पनि उहाँले छाड्नुभएको छैन । गत भदौको समझदारीमा देउवा पक्षले पार्टी महाधिवेशन तीन महिनापछाडि सार्ने सवालमा विजय प्राप्त गरे पनि यो निर्णय देउवा पक्षका लागि ठोस उपलब्धिका रूपमा देखा पर्न सकेको छैन । सक्रिय सदस्यताको वितरणमा कोइरालापक्षले प्रतिवाद गरे पनि महामन्त्री सुशील कोइरालाले यसैलाई वैधानिक मान्ने रट लगाउन छाड्नुभएको छैन, न त यसको टुङ्गो लगाउन पार्टीको बैठक नै बस्न सकेको छ । अहिले यो विन्दुबाट कांग्रेसको आगामी महाधिवेशनलाई हेर्दा दुइटा कुराको संभावना देखिन्छ । अन्तिमतिर हतारमा तयारी गर्ने र समय अभावमा जेजस्तो हुन्छ, त्यसैलाई मान्ने स्थिति तयार गरेर देउवा समूहलाई पूर्णतः पाखा लगाउने । दोस्रो संभावना भनेको फेरि पार्टीको महाधिवेशन सार्ने हो । दोस्रोभन्दा पहिलो संभावना नै बढी देखिएको छ र त्यसको कठोर प्रतिवाद गर्ने सांगठनिक तयारी देउवापक्षमा भने देखिंदैन ।

माओवादी समस्याका विषयमा देउवा माओवादीप्रति उदार देखिनु हुन्छ । समस्याको समाधानका लागि देउवालाई वातावरण नबनाई दिने र देउवाकै कारण समस्या अल्झेको देखाएर उहाँलाई असफल नेताका रूपमा प्रस्तुत गर्ने प्रयास कोइरालापक्षले अहिले पनि गरिराखेकै छ । दुनैको घटनामा देउवा माओवादीसँग मिलेको भन्ने सरकारी विश्लेषणमा यसै कुराको गन्ध पाइन्छ । तर कोइरालापक्षका लागि यो आरोप प्रत्युत्पादक पनि हुनसक्छ, किनभने कोइरालाले माओवादी समस्यालाई त्यति गम्भीर रूपमा लिनु भएन, जति सत्ता प्राप्तिका बेला उहाँले यसलाई प्रमुख मुद्दा बनाउनुभएको थियो । देउवालाई अधिकार दिएको प्रचार गर्दा उहाँले देउवालाई प्रतिद्वन्दीका रूपमा नहेरेको भए शायद यतिबेला देउवामाथि लगाइने आरोप अर्थपूर्ण हुनसक्थ्यो । जे होस् - माओवादी जनयुद्धलाई हेर्ने दृष्टिकोणमा कांग्रेसभित्र सैद्धान्तिक विमति शुरू भएको छ र यो दृष्टिकोणमा पार्टीको कुनै तहको निर्णयले अनायाश परिवर्तन ल्याउने संभावना कम रहेको छ ।

के यो स्थितिमा कांग्रेस टुक्रिन्छ त ? यो प्रश्न चाहिं बाहिरतिर सुनिए पनि कांग्रेसभित्र सुनिदैन । यसो हुने संभावना एकदमै न्यून छ । गणेशमान सिंहले पार्टी छाडेर शुरू गरेको जनजागरण अभियानबाट मात्र होइन, माले-एमाले विभाजनपछिको स्थितिबाट पनि विभाजनको दशाबारे राम्ररी बुझेर कांग्रेस पछाडि हच्केको हुनसक्छ । तर पार्टीभित्र एकले अर्कालाई सिध्याउने खेलमा कांग्रेस बलियो बन्ने संभावना पनि छैन । सत्ताका कारण कोइराला बलियो हुनुहुन्छ, तर कोइरालासँग अब कांग्रेसका व्यक्तित्वहरू बाँकी छैनन् । पार्टीका संभावित नेताका रूपमा हेरिएका शैलजा आचार्य र रामचन्द्र पौडेलले आफूलाई कोइराला र देउवाको लडाईमा कतै उभ्याउन सक्नुभएको छैन । उहाँहरू दुवै तेस्रो विकल्पका रूपमा मात्र आफ्नो संभावना देखिरहनु भएको छ । तर अहिले तेस्रो विकल्प प्रवल हुने संभावना भने अत्यन्त कम छ । ❑

(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष हुनुहुन्छ । -मूल्यांकन)

**के यो स्थितिमा कांग्रेस टुक्रिन्छ त ? यो प्रश्न चाहिं बाहिरतिर सुनिए पनि कांग्रेसभित्र सुनिदैन ।**

# ◄ पाठकको कुरो

## ८० औं अंक पढ्दा

'मूल्यांकन' मासिक पूर्णाङ्क ८० समयमै पढ्न पाइयो । हाम्रो मूल्यांकन भन्ने पहिलो स्तंभले राम्रो कुरा उठाएको पाएँ । आफैले सशस्त्र संघर्ष चलाउदै आएको पार्टी ने.का.ले आफ्नै इतिहासलाई ठ्याम्मै बिर्सी माओवादीलाई दमनद्वारा सिध्याउन सकिन्छ भन्ने धारणा कसरी बनायो, पञ्चायतकालीन शासनको दमनले के कांग्रेस सिद्धिन सम्भव भएको थियो र ? आफूले क्रान्तिको नाममा बन्दूक उठाउँदा कांग्रेस क्रान्तिकारी हुने र त्यही उदेश्यले माओवादीले बन्दूक उठाउँदा कसरी ऊ चाहिं आतंककारी भयो ? यसको बारेमा कांग्रेसले बुद्धि लगाएर सोच्ने बेला आएको छ । उक्त स्तंभमा व्यक्त यी कुराहरू सान्दर्भिक लागे । नेपाली वामपन्थी पार्टीलाई सुधार्न र सिद्धान्त मिल्ने पार्टीहरू एक हुन राम्रो शिक्षा दिएको छ- आनन्ददेव भट्टको लेखले । ९ वटा वाम पार्टीमा पनि ने.क.पा. मसाल, एकता केन्द्र 'मालेमा'ले यस मूल्यांकनबाट पाठ सिक्नु अनिवार्य देखिएको छ । यदि पार्टीले देश र जनताका लागि केही गर्न चाहने हो भने आफ्ना सानातिना मतभेद त्यागी पार्टी एकता भएमा एमाले र माओवादीभन्दा भिन्नै र जनवादी क्रान्तिकारी ठूलो कम्युनिष्ट पार्टी बन्ने थियो र देश र जनतालाई आफ्नै सिद्धान्तले हाँकेर लाने थियो । भण्डाफोर नीति र सम्झौतापरस्त नीति भएको पार्टी ने.क.पा.(संयुक्त), ने.क.पा. (मार्क्सवादी), ने.क.पा. (माले) र ने.म.कि.पा.को भने भविष्य अन्धकार देखिन्छ ।

विश्व क्रान्तिका महान नेता क. माओको जीवनीले एउटा देशमा एउटा मात्र क्रान्तिकारी कम्युनिष्ट पार्टी हुन्छ, त्यस पार्टीको नेतृत्व पद्धतिले मात्र सही परिस्थितिको सही विश्लेषण गर्न सक्छ र दक्षीणपन्थी संसोधनवाद, मध्यपन्थी औसरवाद, जडसूत्रवाद, यान्त्रिकंवादविरूद्ध संघर्ष गर्दै क्रान्तिकारी कम्युनिष्ट पार्टी आफूले हिँडेको बाटोबाट लक्षमा पुग्न सक्दछ भन्ने राम्रो पाठ सिकाएको छ । साथै यसमा नयाँ र स्थिर कम्युनिष्ट पार्टी राखीरहँदा समाजमा प्रतिक्रियावादीले फैलाएका भूठा कुराहरू चिरफार गर्न, जुनसुकै क्रान्तिमा पनि समाजलाई सही दिशा दिन सांस्कृतिक क्रान्ति अनिवार्य छ भन्ने पाठ क. माओको विचारले देखाएको छ । व्यंग्य लेखक विमल निभाको लेखले वी.पी. र कांग्रेसलाई धूलो चटाएको छ । आफू सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टीको मान्छे पनि भनिरहने र रूढीवादी दशैं तिहारसँग पनि संभौता गरिरहने सम्भौतावादीहरूलाई सुध्रिएर जान सिकाएको छ - चन्द्रदेव नेपालीको लेखले ।

– पल्टनसिंह डाँगी (विकास)
*दाङ्, सौडियार-४, बचाहा ।*

## धेरै धेरै धन्यवाद !

'मूल्यांकन'ले ७९ औं अंकमा पनि कमरेड निर्मल लामाको जीवनको अन्तिम समयमा उहाँको विचारको रेकर्ड गराएर हामी पाठकहरूलाई केही जान्न अवसर दिएकोमा धेरै धेरै धन्यवाद ।

यसको अतिरिक्त श्याम श्रेष्ठ र युवराज संग्रौलाले तयार पार्नुभएको गोर्खा भर्ति केन्द्रको यथार्थ बारेको संक्षिप्त लेख पनि अति समयसापेक्ष छ ।

समाजशास्त्री डा. चैतन्य मिश्रको पूँजीवादको विशिष्टता बारेको लेख जानकारीमूलक छ । चन्द्रदेव नेपालीको नीति संस्कृति भन्ने लेख त आजभोलि देखिने व्यवहारको प्रवृत्ति हो । तर यसमा नारायण ढकाललाई गरेको व्यंग्य त्यति सुहाउदो देखिदैन ।

कोलम्बियाको कम्युनिष्ट आन्दोलनबारे जानकारी पाउँदा म आफूलाई गौरवान्वित ठान्दछु र अन्य स्तम्भहरू पनि पठनीय छन् ।

– होम थापा
*हाल, चरिकोट ।*

## राहत महशूस हुन्छ

तपाईंको पत्रिकाले रूपचन्द्र विष्ट, निर्मल लामा र पारिजातजस्ता नेपाली सपूतहरूको बारेमा जानकारी, प्रेरणादायी लेखहरू प्रकाशित गर्नु भएकोमा धेरै धेरै धन्यवाद छ । उहाँहरूले राष्ट्रको लागि गर्नुभएको गौरवशाली त्याग बलिदान असाधारण छ । उहाँहरू सदा नेपालीहरूको हृदयमा रहिरहनु हुनेछ । म पनि 'नवयुवा'को पात्र 'लिखे' भैं भएको करीब एक दशक नै हुन लागेको छ । हामी नेपालीहरू लिखे भएर बाँच्नुपर्ने रहरले होइन, बाध्यताले हो । शासकहरू नालायक स्वार्थी भएकाले राष्ट्रको विकास उनीहरूले कहिल्यै गरेनन् । फलतः विदेशिने बाध्यता छ । जतिसुकै सुख सुविधा रमभम् जर्मनीको महानगरीमा, रहेपनि मन सधैं आफ्नै गाउँमा छ । आमाको साथैमा छ । कोदोबारीको सयपत्री फूलैमा छ । कटुसघारी, घंगेरूघारी र बरपीपल छाहरीमा पात बजाउँदै दाउरा-घाँस गोठालो गर्ने साथीमै छ । मन भने सधैं त्यहाँ छ, ज्यान भने यहाँ छ । यस्तो स्थितिमा 'मूल्यांकन' पढ्न पाउँदा राहत महशूस हुन्छ ।

– माकुरा, *जर्मनीबाट*

## गोर्खाली लाहुरेका कुरा पढ्दा

अंक ७९ मा 'मूल्यांकन'ले गोर्खा भर्तिभित्र बेलायती अन्यायको अन्तर्कथा छापेर ठूलो गुन लगाएको छ । 'लाहुरे' भनेर हामीले सजिलै भन्ने गरेका हाम्रा दाजुभाइहरूले यत्रो ठूलो अन्याय खप्नु परिरहेको रहेछ । यो कुरा समग्रमा कतै पढ्न पाएका थिएनौं । पढ्दा के लाग्यो भने, गोर्खा भू.पू. सैनिकहरूको संघर्ष एकदमै जायज छ । हामी सम्पूर्ण नेपालीहरूले यसमा साथ दिनु जरूरी छ ।

– किरण खड्का
*बत्तीसपुतली, काठमाण्डौ ।*

## क. माओको आवरणकथा महत्वपूर्ण लाग्यो

पूर्णाङ्क ८० मा प्रकाशित आवरण लेख पढेर तात्कालीन समयको चीनको विशिष्ट परिस्थितिलाई बुझेर क. माओले कसरी चीनको क्रान्तिको दिशा तयार गर्नुभयो भन्ने कुरा थाहा पाएँ । चीनको आफ्नै विशिष्ट राजनीतिक परिस्थितिको कारणले गर्दा त्यहाँ सोभियत संघमा जस्तो समाजवादी क्रान्ति तत्काल सम्भव छैन र क्रान्तिको शैली पनि सोभियत संघमा जस्तो शहरिया मजदूरहरूमा आधारित जनविद्रोहको बाटो नभई गाउँको गरीब किसानहरूमा आधारित किसान विद्रोह तथा दीर्घकालीन जनयुद्धको बाटो हुन्छ भन्ने सही निश्कर्ष क. माओले निकाल्नुभयो ।


क. माओले चिनीयाँ कम्युनिष्ट आन्दोलनका दक्षिणपन्थी तत्वहरूको विरूद्धमा मात्र होइन, सोभियत संघको अन्धनक्कल गर्ने जडसूत्रवादीहरूको विरूद्धमा पनि कठोर संघर्ष गर्नुभयो । अन्धनक्कल वा जडसूत्रको जीवनभर कठोर संघर्ष गर्ने क. माओकै नाममा अहिले देशमा जडसूत्रवादी उग्रवामपन्थी आन्दोलन हावी भइरहेको बेलामा क. माओको समग्र जीवनको सार प्रस्तुत गरेर मूल्यांकनले महत्वपूर्ण काम गरेको छ ।


त्यस्तै, गत अंकको निरन्तरतमा आएको डा. चैतन्य मिश्रको 'नाशवान पूँजीवादको विशिष्टता' शीर्षकको लेखले पूँजीवादको विषयमा र पूँजीवादले नयाँ समयमा कसरी साम्राज्यवादको रूपमा आफूलाई विकास गरिरहेछ भन्ने कुरा बुझ्न मद्दत गरेको छ ।

समग्रमा अन्य लेख रचनाहरू यति पठनीय नै छन् ।

– पुरन कायस्थ,
*ठँहिटी, काठमाण्डौ ।*


**रंगीन पोष्टरहरू**





**मार्क्स, एंगेल्स, लेनिन, स्टालिन, माओ र चे ग्वेभाराका चित्रांकित रंगीन पोष्टरहरु चाँडै प्रकाशित हुँदैछ !**

विक्रेताहरूले संपर्क गर्नुहोला ।

**अन्तर्क्रिया प्रकाशन प्रा.लि.**

जनमुखी विकाससम्बन्धी
अन्तर्क्रिया र सामुदायिक
विकासमा उत्प्रेरणाका
निम्ति प्रकाशित

# विकास

नयाँ अंकको प्रतिक्षा गर्नुहोस् ।

**बन्धन टुटे पनि कमैयाहरुले नयाँ जीवन पाएनन् !**

मुक्तिको घोषणा अघि र पछि
कमैयाहरूको जीवनबारे
स्थलगत रिपोर्ट

(साथमा कमैया क्षेत्रमा कार्यरत एक विदेशी अनुसन्धानकर्ता टिम ह्वाइटसँगको अन्तर्वार्ता)

- विकासको वर्गसम्बन्ध र नेपालमा यसको रुपरेखाबारे गोविन्द न्यौपानेको नयाँ विश्लेषण
- विकास के हो, किन र कसरी ? महेश पन्तको विश्लेषण
- नेपालमा प्राविधिक शिक्षाको विकासमा देखा परेका चुनौतीहरुबारे उप-प्राध्यापक रूद्र खरेलको विश्लेषण
- चाकरी, कर्म र के गर्ने ? हाम्रो जागिरे संस्कारबारे रवि प्रधानको चिरफार
- अझै प्रौढ साक्षरता चाहिन्छ भन्ने प्रश्नमा टीकाराम भट्टराईको फरक विचार
- कसरी सफल भयो कीर्तिपुरको पानी आन्दोलन ? एक स्थानीय पत्रकारको खोजमूलक रिपोर्ट
- खगेन्द्र संग्रौलाको बकपत्र

*(साथमा अन्य थुप्रै ज्ञानबर्द्धक पठनीय सामग्रीहरु)*



मनोज गजुरेलका हास्यव्यंग्यहरूको संगालो


# लुखास्त

केही दिनभित्रै प्रकाशित हुँदैछ

विक्रेताहरूले सम्पर्क गर्नुहोला ।

**अन्तर्क्रिया प्रकाशन प्रा.लि.**
पुतलीसडक, काठमाण्डौ
फोनः ४२२७६९, फ्याक्सः ४२३५४९

विजया दशमी, शुभ दीपावली र छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण जिल्लावासीहरुमा सुस्वास्थ्य तथा समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं



तेजनारायण यादव
सभापति
तथा
महोत्तरी जिल्ला विकास समिति (परिवार)

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०
म.क्षे.हु.द.नं. १२/०५१/५२

